# पहिलो परिच्छेद

## शोध परिचय

### १.१ विषय परिचय

पुर्ख्यौली बसोबास गोरखाको खरिबोट भएका र राणाकालीन युगमा नै काठमाडौँ पुगेर बसोबास गरेका धिताल परिवार पहिलेदेखि नै शिक्षित र सपन्न परिवारका रुपमा अझै पनि गनिन्छन् । वि.सं. १९६० को दशक आसपासबाट काठमाडौँको त्रिपुरेश्वमा बसोबास गर्दै आएका बाबु भैरव धिताल र आमा हुतासन कुमारी धितालको कोखबाट वि.स. १९८० जेठ २८ गते जन्मेका विनोद प्रसाद धिताल नेपाली साहित्यमा कलम चलाएका छन् । सानै देखि भाषा र साहित्यको अध्ययनमा रुचि राख्ने धितालले औपचारिक शिक्षाका रुपमा नेपाल र भारतको पटना विश्वविद्यालयसम्म पुगी बी.एल., एम.ए. सम्म गरेको पाइन्छ । आफ्ना बाबु बाजेकै पालाबाट राणा खानदानको नजिक रहेका धितालले २००७ सालको प्रजातन्त्र अगाडि र पछाडि पनि तत्कालीन सरकारहरूको विभिन्न मन्त्रालयहरूमा ‘सचिव’ सम्मको पदमा रही राष्ट्र सेवा गरेको पाइन्छ । त्यस बाहेक आफ्नो जागिरे जीवन र जागिरबाट अवकाश लिएपछि पनि धितालको जीवन साहित्य लेखन र अध्ययनमा नै केन्द्रित रहेको पाइन्छ ।

आफूलाई साहित्यको क्षेत्र ज्यादै मनपर्ने बताउने धितालले नेपाली साहित्यको विविध विधालाई आधुनिकता तर्फ प्रवेश गराउने ‘शारदा’ पत्रिका मार्फत कविता लेखेर साहित्य लेखनको श्री गणेश गरेको पाइन्छ । त्यसपछि क्रमशः ‘हिमानी’, ‘रुपरेखा’, ‘उदय’ र ‘मधुपर्क’मा समेत धितालका फुटकर रचनाहरू भेटिन्छन् । कविताबाट नै आफ्नो लेखनलाई बढी तीखो बनाएका धितालका हालसम्म प्रकाशित कृतिहरू हुन्- ‘राधामिलन’ (खण्डकाव्य २०१३), ‘आचार्य विष्णु गुप्त चाणक्य’ (अनूदित उपन्यास २०३३), ‘उज्यालो हुनु अघि’ (उपन्यास २०२८), ‘डिभाइन कमेडी’ (अनुदित काव्य २०४०), ‘योजना गन्धा’ (पौराणिक उपन्यास २०५२), ‘अस्ताउन लागेका चन्द्रमासँग’ (कविता संग्रह २०५८) ।

विशेष गरी औपचारिक विधालाई बढी मन पराउने धितालका हालसम्म प्रकाशन भएका मौलिक उपन्यासहरू जम्मा दुई वटा छन् । ती मध्ये  ‘उज्यालो हुनु अघि ’पहिलो

र सशक्त अनि मौलिकताले भरिएको उपन्यास हो । यस कृतीमा लामो समयदेखि नेपालको पहिचान पहाडी क्षेत्र र त्यसको वरिपरि जरा गाडेर रहेको जाति प्रथा, सामन्ती हैकम, वर्गीय असमानता र धार्मिक कुसंस्कारलाई सबै पाठकले बुझ्ने गरी उजागर गर्ने कार्य भएको छ । त्यस्तै उनको दोस्रो उपान्यासले महाभारतकालीन पौराणिक इतिहासलाई मार्मिक ढंगबाट प्रस्तुत गर्ने कार्य गरे । यो कृतिले मदन पुरस्कार समेत प्राप्त गर्न सफल भएको थियो । यिनै विद्वान तथा कुशल सर्जकको पहिले मौलिक उपन्यास 'उज्यालो हुनु अघि' लाई विभिन्न कोणबाट नियाल्ने लक्ष्यका साथ यो शोध पत्र तयार पारिएको हो ।

## १.२ समस्या कथन

नेपाली साहित्यका अन्य नाम चलेका सर्जकहरू जस्तै बहुमुखी व्यक्तित्व भएका साहित्यकार विनोद प्रसाद धितालको औपन्यासिक व्यक्तित्वको बारेमा केही खोजतलास गरिएको भएतापनि उनको पहिलो र सशक्त रुपले समाज परिवर्तनको पक्षमा वकालत गरिएको मौलिक उपन्यास 'उज्यालो हुनु अघि' को विभिन्न कोणबाट विश्लेषण हुन अझै बाँकी रहेको हुँदा त्यसैको अध्ययन प्रस्तुत शोध पत्रको मूल समस्या मान्दै अन्यलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

क. साहित्यकार विनोद प्रसाद धितालको जीवनी के–कस्तो छ ?

ख. उपन्यास सिद्धान्त अनुसार धितालको 'उत्यालो हुनु अघि'उपन्यास कसरी प्रस्तुत भएको छ ?

ग. धितालका औपन्यासिक प्रवृत्तिहरू के कस्ता छन् ?

## १.३ शोध कार्यका उद्देश्यहरू

आधुनिक नेपाली उपन्यासमा 'रुपमती' उपन्यास पछि विभिन्न मोड र प्रकृति पार गर्दै आउने क्रममा विभिन्न उपन्यास र उपन्यासकारहरूको सन्दर्भमा प्रशस्त खोज र अनुसन्धानहरू हुँदै आएका छन् तर उपन्यासकार विनोद प्रसाद धितालको 'उज्यालो हुनु अघि' उपन्यास ज्यादै सशक्त र सामाजिक रुपान्तरणको पक्षमा उपस्थित हुँदा हुँदै पनि

यसका बारेमा हालसम्म पनि समग्र कोणबाट अध्ययन नभइरहेको अवस्थामा उक्त उपन्यासलाई सैद्धान्तिक माकककाआधारमा चिरफार गर्नु यो शोध कार्यको उद्देश्य रहेको छ । जसको फलस्वरुप निम्नानुसार उद्देश्य किटान गरिएका छन् ।

क. विनोद प्रसाद धितालको जीवनीलाई उल्लेख गर्नु ।

ख. उपन्यास सिद्धान्तका आधारमा उज्यालो हुनु अघि उपन्यासको निरुपण गर्नु ।

ग. धितालका औपन्यासिक प्रवृत्तिहरूको निर्धारण गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

आधुनिक नेपाली उपन्यास विधाको भण्डारमा अनुदित र मौलिक दुवै शैलीबाट योगदान पुऱ्याउने बिनोद प्रसाद धिताल ख्याति प्राप्त उपन्यासकारहरू मध्ये नै पर्दछन् । उनका विभिन्न उपन्यास, कविता र अन्य अनूदित कृतिहरूका बारेमा विभिन्न विद्वान तथा समिक्षकहरूले आ-आफ्नै शैलीमा विभिन्न दृष्टिकोणहरू पनि राखेको पाइन्छ । लेखन शैलीको मनोहरता र पहिचान नेपालको मनग्ये प्रचार-प्रसार गर्ने कार्य विनोद प्रसाद धितालको 'उज्यालो हुनु अघि' उपन्यासले गरेको छ । उज्यालो हुनु उपन्यासका बारेमा निम्न विद्वानहरूले विभिन्न मतहरू राखेका छन् ।

१) 'उज्यालो हुनु अघि' उपन्यास लिलबहादुर क्षेत्रीको बसाइँ उपन्यास जस्तै हो । किनभने बसाइँ उपन्यासले पूर्वी नेपालको आञ्चलिकतालाई प्रष्ट्याएको छ भने 'उज्यालो हुनु अघि' उपन्यासले पश्चिम नेपाल र त्यसमा पनि गोरखा साथै त्यसका आसपासका पहाडी भेग खरीबोट काफलडाँडाको सामाजिकतालाई खुलस्त पारेको छ ।

२) 'योजना गन्धा' उपन्यासमा पुराणको व्यापक मैदानमा ढलीमली गर्न आइपुगेका बिनोद प्रसाद धितालले २०२८ मै 'उज्यालो हुनु अघि' उपन्यासमा कथावस्तु स्रोत समाजबाट नै प्राप्त गरेका थिए ।

३) सरल र मौलिक शैलीमा पुराणलाई नै उपन्यास बनाउने विनोद प्रसाद धितालले त्यसभन्दा अगाडि नै आफ्नो पैतृक स्थल गोरखाको माटोमा हुर्केको नेप्टे घर्ती र लाहुर्नी कान्छीको नेपाली समाजको संक्षिप्त महाभारत लेखिसकेका थिए ।

४) विश्वेश्वर प्रसाद कोइरालाको उपन्यास ‘सुम्निमा’ २०२७ मिथाकीय धारालाई अगाडि बढाउने उद्देश्यले लेखिएको थियो भने ‘उज्यालो हुनु अघि’ उपन्यासमा बिनोद प्रसाद धितालले सामाजिक यथार्थवादी औपन्यासिक धारालाई मलजल गरेका छन् ।

## १.५ शोध कार्यको औचित्य

विशेष गरी उपन्यासको क्षेत्रमा बढी ख्याति प्राप्त गर्न सफल विनोद प्रसाद धिताल उपन्यासहरूका बारेका टीका टिप्पणी प्रशस्त मात्रामा भएका छन् तर ‘उज्यालो हुनु अघि’ उपन्यासको कथावस्तु, पात्र परिवेश लगायत उपन्यासका अंग-अंगको विश्लेषण भने राम्ररी भएको पाइँदैन । त्यसैले पश्चिम नेपालको (खास गरी गोरखाको) परिवेशमा यो उपन्यासले के - कस्तो योगदान प्रदान गरेको छ भन्ने सन्दर्भमा कृतिलाई उपन्यास तत्वका आधारमा प्रस्तुत गर्नुमा यस अध्ययनको औचित्य रहेको छ ।

## १.६ अध्ययनको सीमा

उपन्यासकार विनोद प्रसाद धितालले साहित्यका विविध विधामा आफूलाई स्थापित गरेका छन्, साथै उपन्यास विधामा पनि ‘योजन गन्धा’ जस्तो सिङ्गो महाभारतलाई अटाएको उपन्यास समेत रचना गरेका छन् तर यस अध्ययनमा भने उनीबाट वि.सं २०२८ मा रचना गरिएको ‘उज्यालो हुनु अघि’ उपन्यासको औपन्यासिक तत्त्वको आधारमा मात्र अध्ययन र विश्लेषण गरिएकोछ ।

## १.७ शोध विधि

प्रस्तुत शोध कार्यमा  पुस्तक, पत्रपत्रिका र पुस्तकालयको बढी भर पर्नुपर्ने देखिन्छ । तसर्थ पुस्तकालयीय अध्ययन विधिलाई भरपुर उपयोग गरिएकोछ । त्यस्तै प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित रहेर आवश्यक व्यक्ति, विशेषज्ञसँग प्रत्यक्ष भेटघाट र अन्तरवार्ता पनि गरिएको छ । आवश्यक सामग्रीको सूचीकरण पनि सङ्कलित साम्रगीबाट गरिएको छ । अध्ययन मानक सैद्धान्तिक तत्त्वका आधारमा विश्लेषणात्मक ढंगबाट गरिएकोछ ।

## १.८ शोध पत्रको रुपरेखा

प्रस्तुत शोध पत्रलाई सङ्गठित र सुव्यवस्थित बनाउन साथै बाह्य र आन्तरिक संरचनालाई मिलाउन निम्नानुसार परिच्छेद विभाजन गरिएकोछ ।

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | शोध परिचय |
| दोस्रो परिच्छेद | - | विनोद प्रसाद धितालको संक्षिप्त जीवनी |
| तेस्रो परिच्छेद | - | 'उज्यालो हुनु अघि' उपन्यासका आधारमा उनको औपन्यासिकता |
| चौथों परिच्छेद | - | सैद्धान्तिक तत्त्वको आधारमा धितालको 'उज्यालो हुनु अघि' उपन्यासको विश्लेषण । |
| पाँचौं परिच्छेद | - | उपसंहार |

अन्त्यमा सम्भावित शोधशीर्षकहरू प्रस्तुत गर्दै शोधपत्रमा प्रयोग गरिएका कृति,पत्रपत्रिका र शोधपत्रलाई सन्दर्भग्रन्थ सूचीमा समाविष्ट गरिएको छ ।

# दोस्रो परिच्छेद

## विनोदप्रसाद धितालको जीवनी

### २.१. जन्म र पारिवारिक पृष्ठभूमि

विनोदप्रसाद धितालको जन्म वि.सं. १९८० सालको जेष्ठ महिना २८ गते अधिक कृष्ण अष्टमीको दिन नेपालको राजधानी काठमाडौँ जिल्लाको त्रिपुरेश्वरमा भएको थियो[1] । उनी काठमाडौँमा जन्मेको भएता पनि उनका पुर्खाहरूको थात-थलो भने पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको गोरखा जिल्लामा पर्ने खरीबोट गा.वि.स. वडा नं. ९ धिताल गाउँ हो । उनका पितामह परमानन्द धिताल तत्कालीन श्री ३ महाराजका पत्यारिला पात्र भएको हुँदा सुब्बाखानकी खाएर गाँउमा शासन गर्दथे । उनै सुब्बा परमानन्दका छोरा भैरव प्रसाद धिताल र आमा हुतासनकुमारीका साहिला छोरा विनोद प्रसाद धिताल[2] हुन । धिताल परिवारको थाँतथलोमा अझै पनि पैतृक धनसम्पत्ति बाँकी नै रहेको पाईन्छ ।

धितालका पितामह शिक्षित र सम्पन्न थिए । आफ्ना बाबुको सम्पन्नता र शैक्षिक व्यक्तित्वका कारणले उनका छोरा भैरव प्रसाद धिताललाई सानैदेखि शिक्षा, आचार, व्यवहार आदि विभिन्न विषयमा ज्ञान हासिल गर्ने अवसर प्राप्त भयो । यसैको फलस्वरुप उनी संस्कृत र नेपाली भाषाका ज्ञाता बने ।

आफ्नो विद्वता र पारिवारिक पृष्ठभूमिका कारणले गर्दा राणाहरूको हेराइमा उनी पत्यारिला बने र लामो समयसम्म खरिदारको पदमा रहेर सरकारी सेवा समेत गरे । यसरी बाबु र बाजेको शैक्षिक प्रभावले नै विनोद प्रसाद धिताललाई शैक्षिक रुपमा माथि उठायो र उनको जीवनलाई सफलताको शिखरमा पुऱ्यायो भन्ने जानकारी पाईन्छ ।[3]

---

[1] = zf]wgfossf cfkmGt >L ljgfos lwtfn;Fu 2068.8.28 ut] ul/Psf] cGt/+u s"/fsfgLdf cfwfl/t.

[2] = kj{jt\.

[3] kj{jt\.

## २.२ बाल्य अवस्था

आफ्नो जन्म शहरीया रमझमले भरिएको काठमाडौँमा भएतापनि आफ्नो बाल्यकाललाई उनले काठमाडौँ र गोरखाको खरीबोट गर्दैमा बिताए । यसै क्रममा वि.सं. १९८३ देखि १९९० सम्मको ७ वर्षको समय अर्थात् १० वर्षसम्म उनी गोरखामा नै हुर्के बढे र पढे । यस अवसरमा उनले गोरखाका धार्मिक, प्राकृतिक र सांस्कृतिक सौन्दर्यका बीचमा परिचित हुने तथा रमाउने मौका पाए । त्यस्तै गरी यहाँको वातावरणलाई राम्ररी नियाल्ने कार्यमा उनको बाल मस्तिष्कले केही हदसम्म अवसर पायो ।

आफू ७ वर्षको हुँदा अचानक पिता भैरव प्रसाद धितालको असामयिक निधन भएको कुरा स्मरण गर्दै आफ्नो जीवनको सबैभन्दा दुखद् क्षणका रुपमा पितृशोक नै लिन्छन् । यसै गरी आफू ९ कक्षामा पढ्दा अचानक आँठे ज्वरो (टाइफाइड) भएर एस.एल.सी. दिन २ वर्ष ढिलो भएको र फेरि एस.एल.सी. दिने वर्ष पनि चौथो दिनको परीक्षा दिने दिनबाट कडा ज्वरो आउने, पटक-पटक बान्ता हुने र आराम गर्दै परीक्षा दिदै गरेर बल्ल बल्ल परीक्षा सिध्याउनु परेको कुरालाई सम्झँदै यो घटनालाई पनि बाल्यकालको दुःखद् घटनाका रुपमा उनी स्वीकार गर्दछन् ।

## २.३. शिक्षा

बिनोद प्रसाद धितालका बाबु संस्कृतका प्रकाण्ड विद्वान् थिए । घरको वातावरण सुखी र सम्भ्रान्त भएको हुँदा घर मै गुरुकुल स्थापना गरेर उनको अक्षरारम्भ गरिएको थियो । ५ वर्षकै उमेरमा नै अक्षरारम्भ गराइएको र कुशाग्र बुद्धि भएको हुँदा चाडै नै अक्षर पनि चिने । घरमै नियुक्त शिक्षकद्वारा गोरखा भाषा प्रकाशनी समितिबाट प्रकाशित संस्कृत तथा नेपालीका पाठमा विभिन्न विधाहरूको अध्ययन गरे । त्यस पछि नेपाली र संस्कृत व्याकरण, लघु कौमुदी, हितो पदेश मित्रलाभ जस्ता पुस्तकहरूको अत्यन्त रुचि लिएर अध्ययन गरे । यस प्रकारको गुरुकुल शैलीको अध्ययनले उनमा अध्ययनतर्फ लगाव बढ्न थाल्यो । स्वध्ययन गर्ने बानी बस्यो र अङ्ग्रेजी अक्षरको अध्ययन पनि सँगसँगै बढाइएको थियो । यसरी कक्षा ४ सम्मको अध्ययन गोरखाको खरीबोटमा नै गुरुकुल परम्परा अनुरुप सकेका धिताललाई वि.सं. १९९२ का काठमाडौँ लगियो र दरबार हाइस्कुलमा कक्षा ५ मा भर्ना गरियो । दरबार स्कूलका पढाएका विषयहरूले उनको स्तर

छिटो विकास नहुने ठानी आमा हुतासनकुमारी र दाजुहरूको सल्लाह अनुरुप साँझको समयमा पण्डित देवीदत्तलाई घरमै बोलाएर संस्कृत समेत पढाउन थालियो । यसरी अतिरिक्त समयको समेत सदुपयोग गरी संस्कृत अध्ययन गरेपछि धितालसंग संस्कृत र पूर्वीय दर्शनको ज्ञानसमेत बढ्न थाल्यो । यसैको फलस्वरुप माथिल्लो कक्षामा पढ्दै जाँदा ऐच्छिक विषयका रुपमा संस्कृत पढ्न थाले । विस्तारै अगाडि बढेको उनको अध्ययन ९ कक्षा सम्म पुग्यो र वि.स. १९९१ मा कक्षा ९ को वार्षिक परीक्षा दिने बेलामा अचानक आँठे ज्वरो (टाइफाइड) ले ज्यादै गलाएको हुँदा उनी जाँच दिन नसक्ने भए । यही कारणले उनलाई एस.एल.सी.उत्तीर्ण गर्न दुई वर्ष ढिलो भयो । फेरि मेहनत गरेर अगाडि बढ्ने क्रममा टेष्ट परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएपनि सन् १९९३ को एस.एल.सी. परीक्षामा सम्मिलित हुने क्रममा चौथो दिनको परीक्षा दिंदा ज्यादै अस्वस्थ भएपछि परीक्षा त्यति राम्रो हुन सकेन । बल्ल बल्ल द्वितीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरे । जुन कुरा धितालको आफन्त विनायक धितालले शोधार्थीलाई जानकारी गराए ।

आफ्नो आर्थिक र पारिवारिक परिस्थिति राम्रो हुँदा हुदै पनि सोचे जस्तो भौतिकरुपमा नै समाजको सेवा गर्न नपाएको कुरा उनका आत्मकथाहरूबाट प्रष्ट हुन्छ । आफूलाई डाक्टर बन्न मन लागेको तर तत्कालीन राजनीतिक अवस्था ज्यादै प्रतिकूल भएको हुँदा विज्ञान विषय लिएर अध्ययन नगरी मानविकीका विषयहरू पढनका लागि वि.सं.१९९८ सालमा त्रिचन्द्र कलेजमा भर्ना भएका थिए । अर्थशास्त्र, तर्कशास्त्र र संस्कृत विषय लिएर आइ.ए. सकेपछि वि.स.२००३ सालमा स्नातक तह पनि सके । त्यसपछि बी.एल. अध्ययनका लागि भारतको लखनउ विश्वविद्यालय पुगे । बी.एल.को अध्ययन पूरा गर्न नपाउँदै उनलाई मलेरियाले आक्रमण गऱ्यो । त्यसपछि लखनउबाट तुरुन्तै काठमाडौं (नेपाल) झिकाएर उपचार गरियो तर उनको बी.एल. गर्ने धोको भने पूरा हुन सकेन । जसको फलस्वरुप सोही वर्ष नेपाल ल क्याम्पसमा भर्ना भई बी.एल. गरेर पछि २००५ तिर पटना विश्वविद्यालयबाट एम.ए. समेत पूरा गरेको कुरा धितालकी साहिली छोरी विनिता अधिकारी (धिताल) बताउँछिन् ।[5]

[5] ldlt 2068.7.25 df ;flxnL %f]/L ljlgtf lwtfn;+usf] ^]lnkmf]g jftf{$f/f hfgsf/L

## २.४. पारिवारिक जीवन

हुन त बाबुको मृत्यु सानै उमेरमा भएको थियो तर आफ्नी आमा तथा भाउजुको माया र स्नेहले उनलाई कुनै अभावको महशूस नगराई हुर्काइयो । ९ कक्षा पढ्दै गर्दा तनहुँ सत्रसय निवासी रामनाथ अधिकारीको एउटी मात्र छोरी गोपबाला अधिकारीसंग वि.स. १९९९ फागुन १४ गते शुभ विवाह भएको थियो । विवाह हुँदा उनको उमेर १९ वर्ष र गोपबाला १४ वर्षकी थिइन् । त्यसपछि पत्नी गृहणी बनिन् भने उनी अध्ययन तिर लागे । वि.सं. २००४ पछि क्रमशः सन्तानहरू जन्मन थाले ।

| | | |
|---|---|---|
| पहिलो सन्तान | – | अच्चुत धिताल २००४ जेठो छोरा |
| दोस्रो सन्तान | – | मीना धिताल २००६ जेठी छोरी |
| तेस्रो सन्तान | – | बीना धिताल २००९ माइली छोरी |
| चौंथो सन्तान | – | अशोक धिताल २०११ कान्छो छोरा |
| पाँचौ सन्तान | – | बिनिता धिताल २०१३ साहिंली छोरी |
| छैटौं सन्तान | – | बिमा धिताल २०१५ काहिंली छोरी |
| सातौं सन्तान | – | विरणा धिताल २०१७ ठाहिंली छोरी |
| आठौं सन्तान | – | बिशाखा धिताल २०१९ कान्छी छोरी |

यसरी धितालका आठ सन्तानहरू २ छोरा र ६ वटी छोरी जन्मे । हाल विनोद प्रसाद धितालका जेठो छोरा अच्चुत धिताल इङलैण्डको एउटा अस्पतालमा स्वास्थ्य सेवामा कार्यरत छन् ।[५] उनका सबै परिवार पनि इङलैण्डमै बसोबास गर्छन् । कान्छा छोरा अशोक धिताल भने पाँच वर्षसम्म पद्‌म कन्या कलेजमा अर्थशास्त्र बिषयको अध्यापन पेशा गरी पछि अध्ययन-अध्यापनकै सन्दर्भमा अमेरिका पुगे । त्यसको केही वर्ष पछि अमेरिकाको क्यारेवियन राज्यको युनिसेफ अन्तर्गतको कार्यालयमा करिब ७ वर्ष

५. आफन्त विनयक धितालसँगको टेलिफोन वार्ता, २०६८।०५।२५

काम गरेर हाल अष्ट्रेलियाको युनिसेफ कार्यालयमा नै कार्यरत छन् र छोरीहरू आ-आफ्नै श्रीमान्का साथ जीवन बिताइरहेका छन् । हाल उनको रगतको नाता अर्थात सम्पूर्ण शाखासन्तानको संख्या ६२ जना रहेको छ ।[6]

## २.५ पेसा

जब त्रि-चन्द्रकलेजबाट बि.ए. पूरा गरे त्यसपछि बी.एल.अध्ययनका लागि लखनऊ पुगेका धिताल मलेरिया लागेपछि नेपाल फर्कन बाध्य हुन्छन् । त्यसपछि दरबार हाइस्कुलमा शिक्षक बनी केही समय काम गरेका थिए । वि.सं.२००५ मा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ को सचिवालयमा अफिसर पदमा नियुक्त भएर प्रशासनिक सेवामा प्रवेश गरेका थिए । लगतै देशमा जनक्रान्ति हुन्छ । प्रजातन्त्रको उदय पश्चात् २००८ साल माघमा शिक्षा मन्त्रालयको सहायक सचिव बन्दछन् । यही अवसरमा साँस्कृतिक महाविद्यालय, नेपाल 'ल' कलेज र नेपाली साहित्य परिषद् स्थापना र सञ्चालनमा धितालको महत्त्पूर्ण योगदान रहेको पाईन्छ ।

त्यसपछि २०१५ सालको अन्त्यतिर कोशी प्रोजेक्टको भू-आर्जन अधिकृत भई तत्कालीन अवस्थामा देखा परेका भूमि सम्बन्धी समस्या समाधानमा लाग्दछन् । प्रथम आमचुनावको सफलता पछि बनेको सरकारमा श्री ५ को सरकारको गृह मन्त्रालयमा उपसचिव पदमा रहेर काम गर्छन् । तत्कालीन अवस्थामा नै दाङ जिल्लामा भूमि सम्बन्धी समस्या देखा परेको हुँदा समस्या समाधान गर्न दाङमा बडाहाकिम बनेर जान्छन् । त्यसपछि २०१७ सालमा कानून तथा न्याय मन्त्रालयको सचिव पदमा रहेर काम गरेका र यसै बेला गठन भएको कानून आयोगमा सक्रिय सदस्यका रुपमा रही नयाँ मुलुकी ऐन निर्माण गर्ने काममा खटेको कुरा उनको जीवनीबाट प्रस्तुत हुन्छ । फेरि २०२१ सालमा कानून तथा न्याय मन्त्रालयमा नै सचिव पदमा बढुवा भएर नवनिर्मित कानून आयोगको अध्यक्ष समेत धिताल नै बन्छन् । यो समयसम्म विभागको रुपमा रहेको कानून तथा न्याय मन्त्रालय, प्रचार-प्रसार मन्त्रालय गरी दुवै मन्त्रालयको सचिवको कार्यभार सम्हाल्दै

6 ;flxnL %f]/L lj}lgtf clwsf/L -lwtfn_ ;¤usf] cGt/+udf cfwfl/t.

आफ्नो जागिरे जीवनलाई अझै उचाइमा पुऱ्याउँछन् । वि.सं.२०२४ मार्गमा कानून तथा न्याय मनत्रालयवाट उनले प्रशासनीक सेवावाट अवकास लिए । २०२४ पछिका दिनहरूमा गोरखापत्र संस्थान र राष्ट्रिय समाचार समितिको समेत अध्यक्ष भएर काम चलाउँछन् ।[7] यसरी शोधनायक विनोद प्रसाद धितालको पेशागत जीवनलाई हेर्दा प्रशासनिक फाँटको क्षेत्रमा मात्र नभएर अन्य क्षेत्रमा पनि उत्तिकै योगदान पुऱ्याएको पाइन्छ । जे होस् उनको जागीरे जीवन अत्यन्त गतिशील देखिन्छ ।

## २.६ भ्रमण

वि.स. २००५ बाट जागीरे जीवनमा प्रवेश गरेका विनोद प्रसाद धितालले स्वदेश र विदेशका विभिन्न क्षेत्रका भ्रमण गर्ने मौका पाएको देखिन्छ । प्रशासनको कार्य गर्दा र वडा हाकिम भएर पश्चिम नेपाल जाने क्रममा देशका अधिकांश जिल्लाहरूको भ्रमण गरेको धिताल विदेशको हकमा लगभग एक दर्जन मुलुकको भ्रमण गरेको छन् । सेवा कै क्रममा विदेश भ्रमणको मौका पाएको धितालको पारिवारिक श्रोतबाट थाहा हुन्छ । सन् १९६४ मा संयुक्त राष्ट्र संघको मानव अधिकार सम्मेलन अफगानिस्तानको कावुल विश्वविद्यालयमा हुँदा नेपालको तर्फबाट प्रतिनिधित्व उनी आफैले गरेका थिए । त्यस्तै सन् १९६५ नेपाल भारत बीचको वाणिज्य वार्ता भारतको नयाँ दिल्लीमा हुँदा वार्ता टोलीको सदस्य भई उनी आफै सहभागी भएको पाइन्छ । सन् १९६६ मा तत्कालीन 'सोभियत संघ' र श्री ५ को सरकार वीच आदान-प्रदान हुने सांस्कृतिक कार्यक्रम सम्बन्धी सम्झौतामा श्री ५ को सरकारको तर्फबाट सर्वाधिकार सम्पन्न टोलीको नेता पनि उनी नै थिए । नेपालको पक्षबाट हस्ताक्षर गरेपछि सोभियत संघको मास्को, लेनिन ग्राड, तासकन्द जस्ता क्षेत्रको पनि भ्रमण गरेका थिए । यसका साथै उनका छोरा, छोरी र ज्वाँइहरू विदेशका विभिन्न क्षेत्रमा बसोबास गर्ने हुँदा ग्रेडब्रिटेन, सयुक्त राज्य अमेरिका, इटाली, अष्ट्रेलिया, इण्डोनेसिया लगायत कयौं मुलुकहरूमा लामो समयसम्म रहेर भ्रमण

[7] ljdnf vgfn, zf]wkq ljgf]b k| = lwtfn hLjgL Jo/QmTj / s[ltTj ck| sfIzt sLlt{k/ SofDk; lq=lj=, 2055 k[i& 23 .

गर्ने मौका पाएका छन् ।[8] यी मुलुकहरू भ्रमणका आधारमा धितालको जीवन यात्रामूलक र गतिशील देखिन्छ ।

## २.७ पुरस्कार र सम्मानहरू

सानै उमेरदेखि नै प्रत्युत्पन्न मति र कुशाग्र बुद्धि भएका धिताल गोरखामा बाल्य जीवन बिताउँदा देखि नै गुन्गुनाउने र विभिन्न सांस्कृतिक कार्यक्रम भएका स्थलमा गएर सुन्ने र एकाग्र हुने गरेको प्रमाणहरू पाइन्छन् । दरवार स्कूलमा पढ्दा केही कविता र निबन्ध लेखेर घरमा दाजु भाउजु र स्कूलका साथीहरूलाई सुनाउने गर्दथे । कक्षा ७ मा पढ्दा विद्यायलले आयोजना गरेको निबन्ध प्रतियोगितामा "हाम्रा कविहरू" शीर्षकको निबन्ध लेखेर प्रथम भएका थिए । यो उनको लेखन कार्यमा प्रेरण जगाउने पहिलो सम्मान पनि थियो । विस्तारै लेखन कार्यलाई अगाडि बढाउने क्रममा कलेजमा अध्ययन गर्दा कलेजले आयोजना गरेको निबन्ध लेखी फेरि प्रथम स्थान हाँसिल गरेको पाइन्छ र विस्तारै लेखन क्रमलाई गति दिँदै जाँदा पुस्तककार कृतिहरू तयार गरेपछि विदेशबाट पनि सम्मान प्राप्त गरेको पाइन्छ । विश्वप्रशिद्ध साहित्यकार इटालीका दाँतेको उत्कृष्ट कृति "डिभाइन कमेडी" को पद्यात्मक नेपाली अनुवाद गरे वापत सन् १९९१ का इटालियन राष्ट्रिय दाँते सोसाइटी बाट प्रदान गरिने अन्तर्राष्ट्रिय स्तरको "लेचराँ दाँतिम" नामको स्वर्ण पदकबाट दाँते कै जन्मस्थलमा वोलाएर सम्मानित गरेको पाइन्छ । त्यस्तै महाभारतमा वर्णित कथावस्तुलाई लिएर रचना गरिएको पौराणिक उपन्यास 'योजनागन्धा' २०५२ ले मदन पुरस्कार र साझा पुरस्कार प्राप्त गरेको पाइन्छ । यस्तै गरी साहित्यको सेवा गरे वापत प्रशस्त पुरस्कार पाए जस्तै सरकारी सेवामा रही प्रशस्त समय राष्ट्र सेवामा खर्च गरेकोमा सम्मान गर्दै श्री ५ सरकारबाट "गोरखा दक्षिणबाहु" (दोस्रो) बाट सम्मानित भएका थिए ।[9]

## २.८ लेखनको सुरुवात

[8] k]j{jt\ k[i& 24

[9] ljdnf vgfn, "ljgf]b k|= lwtfn, hLjgL, Jo\QmTj / s[ltTj" ck| sflzt :gftsf]Q/ zf]wkq, lq=lj=, 2055 k[i& 24 .

सानै देखि संस्कृत र नेपाली साहित्यका पुस्तकहरूको अध्ययन गर्न रुचाउने धितालले बेला वखतमा कविता र निबन्ध लेख्ने गरेका कुरालाई स्वीकार गर्दै विद्यायल जीवनमा “हाम्रा कविहरू” शीर्षकमा निबन्ध लेखेर प्रथम भएको र कलेज जीवनमा “पहाडी जीवन” शीर्षकमा निबन्ध लेखेर पुनः प्रथम भएको कुरा अध्ययनबाट थाहा पाईन्छ । उनले तत्कालीन नेपालमा गोरखापत्र बाहेक अर्को चर्चित पत्रिका शारदामा प्रशस्त कविता र निबन्धहरू छपाएका थिए । उनको शारदा पत्रिकामा छापिएको पहिलो कविता ‘कोइली’ शीर्षकमा लेखिएको थियो ।[10] यसै गरी ‘उदय’, हिमाली, ‘रुपरेखा’ देखि लिएर हालसम्म प्रकाशित भइहेका ‘मधुपर्क’ साहित्यिक मासिक पत्रिकामा प्रशस्त रचनाहरू छापिदै आएको पाइन्छ । शुरुमा कविता र निबन्ध लेखनमा बढी कलम चलाउने धितालले बिस्तारै अन्य विधामा पनि कलम चलाउन थालेको पाइन्छ । उनको पहिलो पुस्तकाकार प्रकाशित कृति २०१३ मा प्रकाशित ‘राधामिलन’ खण्डकाव्य हो । यसपछि क्रमशः विष्णुगप्त चाणक्य (अनूदित उपन्यास २०२३) उज्यालो हुनु अघि ( आञ्चालिक उपन्यास २०२८) डिभाइन कमेडी (अनूदित पद्यात्मकमहाकाव्य २०४०) योजनागन्धा (पौराणिक उपन्यास २०५२) र अस्ताउन लागेको चन्द्रमासंग (कविता संग्रह, २०५८) प्रकाशित भएका छन्[11] ।

यसरी कविताबाट आफ्नो लेखनकार्यमा प्रवेश गरेका धिताल बिस्तारै निबन्ध, काव्य र  उपन्यासका क्षेत्रमा प्रवेश गरेर सफलताको चुलीमा पुगेको पाइन्छ । अन्य विधाको तुलनामा उपन्यास क्षेत्रमा बढी सफल देखिएको धिताल आफ्नो लेखनलाई निरन्तरता  दिएको कुरा प्रष्ट हुन्छ ।

## २.९ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव

उपन्यासकार विनोद प्रसाद धिताल संस्कृतका प्रकाण्ड विद्वान र नेपाली साहित्यका साधक भैरवप्रसाद धितालका साहिंला छोरा हुन् । बाबुको शिक्षा र साहित्य प्रेमको छाप छोरालाई नपर्ने कुरै भएन । त्यसमा पनि उनकी दिदी चन्द्रकुमारी न्यौपानेको पठन-पाठन र शिक्षा प्रति अत्यन्त अभिरुचि भएको हुँदा आफूले पढ्ने पुस्तकहरू

[10] k|tfkrGb| k|wfg, g]kfnL pkGof; k/Dk/f / k[i&e'ld, lbkf k|sfzg, bflh{lnङ, 2040, k[= 57 .
[11] kj{jt\ .

भाइलाई देखाउदै तिमीले पनि यस्ता पुस्तकहरू धेरै पढ्नु पर्छ र लेख्नु पर्छ है भन्ने गर्थिन् । सानोमा बाबु र दिदीको सद्भाव र प्रेरणाले उनको पठन-पाठन र लेखनमा सकारात्मक प्रभाव परेको देखिन्छ भने ठूलो हुँदै गएपछि विद्यालयमा पढाउने शिक्षक बालकृष्ण सम भएको हुँदा कक्षामा समबाट गरिने विभिन्न साहित्यक चर्चा परिचर्चाले पनि धितालमा प्रेरणा थपेको कुरा पारिवारिक कथनबाट थाहा हुन्छ । यस्तै गरी उनी लेखनाथ पौडेल, चक्रपाणि चालिसे र देवकोटाका कृतिहरू खोजी-खोजी पढ्थे । चक्रपाणिको ‘संक्षिप्त रामायण’ र ‘संक्षिप्त भारत’ पढेपछि झनै लेखक बन्ने प्रेरणा बढेको पाइन्छ । सिद्धीचरण श्रेष्ठ र गोपाल प्रसाद रिमालका कृतिले धितालको लेखनलाई अझै उकास्ने बल थपेको कुरा समेत  परिवारका सदस्यहरूको भनाइ दखिन्छ ।

उनको सर्जक व्यक्तित्वलाई उजिल्याउने र प्रेरणा भर्ने कार्यमा विभिन्न विदेशी साहित्यकारहरूको साहित्यिक कृतिको पनि उत्तिकै योगदान रहेको पाइन्छ । हिन्दी र बंगालीका साहित्यकार प्रेमचन्द्र, शरदचन्द्र र वकिम चन्द्रको उपन्यासको अध्ययनले उपन्यास लेखनको कला र शैलीमा थप उर्जा प्रदान गरेको कुरा सहजै प्रष्ट हुन्छ ।[12] अङ्ग्रेजी विद्वान थोमस हाडीको आञ्चालिक उपन्यासको प्रभावले ‘उज्यालो हुनु अघि’ जस्तो आञ्चालिक उपन्यास रचना गर्ने प्रेरणा मिलेको कथन  धितालको रहेको देखिन्छ ।[13]

आफ्नो बाल्यकाल गोरखामा बिताउने क्रममा त्यहाँको सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक वातवरणको प्रभावले नै धिताललाई आञ्चालिक उपन्यास ‘उज्यालो हुनु अघि’ को विषयवस्तु चयन गर्नमा सघाउ पुऱ्याएको देखिन्छ । त्यसको प्रभावमा धितालले गोरखाको खरीबोट भञ्ज्याङ्ग, भञ्ज्याङ्ग गाँउ र त्यसको सेरोफेरोमा घुम्दै २०२८ सालमा ‘उज्यालो हुनु अघि’ उपन्यासको रचना गरी सोही वर्ष प्रकाशित गरे । यस उपन्यासमा गोरखाली समाजको यथार्थ चित्रण गर्दै प्रगति र सुधारको चेतानलाई प्रस्तुत गरेको छन् । विविध फुटकर रचना र पुस्तकाकार कृतिहरू बेला बेलामा प्रकाशित भइरहेतापनि उपन्यास लेखनको थालनी भने यसै उपन्यासबाट भएको पाइन्छ ।

---

12 bof/fd>]i& / df]xg/fh zdf{, zf]wljlw bf]; |f] ;+:s/)f sf&df*f}+, ;femf k| sfzg, k[= 23 .
13 P]hg .

त्यसपछिका दिनहरूमा प्रशस्त अनूदित र मौलिक रचनाहरू प्रकाशित गरेतापनि उपन्यासमा भने 'उज्यालो हुनु अघि' आञ्चालिक उपन्यासपछि एकैचोटी फड्को मारेर पौराणिक उपन्यास 'योजनागन्धा' सम्म पुगे ।

सानैदेखि धार्मिक र पौराणिक ग्रन्थहरूको अध्ययन गर्ने मौका पाएका धितालले धर्म, संस्कार र पुराणका प्रशस्त कथा पढेका र अधिकांश पात्रहरूको चरित्र चिन्न र बुझ्न सफल भएका हुनाले नै महाभारतकी पितामही अर्थात् योजनागन्धा लाई छाने र उपन्यास लेखे । महाभारत जस्तो उत्कृष्ट ग्रन्थ र त्यसभित्रको महत्त्वपूर्ण पात्रलाई उपन्यासको विषयवस्तुमा समेटेर लेखिएको हुनाले नै यो उपन्यास उत्कृष्ट बन्यो र वि.सं. २०५२ को मदन पुरस्कार र साझा पुरस्कार दुवै  हात पार्न सफल भयो । यसपछि राणाकालीन नेपालका केही पात्रहरूको चरित्रलाई समेटेर एउटा उपन्यास लेखिएको तर परिस्थिति प्रतिकूल भएर प्रकाशन गर्न असमर्थ भएको सन्दर्भलाई पनि पारिवारिक स्रोतबाट उल्लेख भएको पाइन्छ ।[14]

यसरी जीवनलाई गतिमान बनाउँदै अगाडि बढाएका उपन्यासकार धिताल जीवनको अन्तिम अवस्थासम्म पुग्दा पनि लेखन र पठनको कार्यमा गतिशील नै रहे । आफ्नो देहलिला अन्त्य हुने दिन बिहान अर्थात २०६४ श्रावण ३२ गते शुक्रबारका दिनमा पनि उनको हातमा कवि शिरोमणि लेखनाथ पौड्यालको 'तरुण तपसी' थियो । यही कृतिको छैठौँ सर्ग सम्म पढ्दै गएका धिताललाई अचानक हृदयरोगले छोप्यो  र तुरुन्तै अस्पताल लैजाँदा लैजाँदै बाटोमा उनको आकास्मिक निधन भयो । यसरी नेपाली साहित्य क्षितिजको खुला मैदानमा केही छोडेर जाऊँ र केही जानेर पनि जाऊँ भन्ने विचार गर्दा गर्दै ८४ वर्ष पुगेको अवसरमा धार्मिक विधि अनुरुप ८४ पर्व मनाएकै वर्ष उनले आफ्नो देह त्याग गरे ।

## २.१०.निष्कर्ष

[14] %f]/L ljlgtf lwtfn;+usf] cGt/+u s"/fsfgLdf cfwfl/t ldlt 2068.08.25

नेपालको पश्चिम पहाडी क्षेत्रको विकट गाँउमा हुर्केका विनोदप्रसाद धिताल हुने खाने परिवारका सदस्य भएको हुनाले नै शिक्षाका बारेमा उनका अग्रजहरूले प्रारम्भिक शिक्षाको राम्रै व्यवस्था गरे । १० वर्षको उमेरसम्म गोरखाको खरिबोटमा नै विताएका हुँदा त्यस भेगको संस्कृति, धर्म र रीतिरिवाजसँग राम्रै परिचय भयो । आफु सात वर्षको हुँदा पिता भैरवप्रसाद धितालको मृत्यु भएको र नवौं कक्षाको अन्तिम परीक्षा दिने क्रममा आँठे ज्वरो अर्थात् टाइफाइटले गर्दा प्रवेशिका परीक्षाका लागि दुई वर्ष ढिला भएको थियो । यहि नै उनको जीवनको दुःखद क्षण भएको उनको मत छ ।

कुशाग्र बुद्धि भएका धितालालाई वि.सं. १९९२ मा काठमाडौंः लगेर पाँच कक्षामा भर्ना गरियो । आमा बाबुको सल्लाह अनुरुप अङ्ग्रेजी र सस्कृत शिक्षा समेत प्रदान गरियो । विस्तारै पश्चिमी दर्शनको अध्ययन गर्ने बानी समेत वसालियो । तर नियतीले उनलाई ठग्यो भनौ वा परिस्थितिले साथ दिएन अचानक विरामी परेको हुनाले प्रवेशिका उर्तीण गर्न दुई वर्ष ढिला भयो । डाक्टर बन्ने इच्छा हुँदा हुदै पनि परिस्थिति र आफ्नो शरीरले साथ नदिएको हुँदा वि.सं. १९९८ मा अर्थशास्त्र, तर्कशास्त्र र सस्कृत विषय लिएर अध्ययन गराइयो । वि.सं. २००३ मा त्रिचन्द्र कलेजबाट वी.ए. सकेपछि वी.एल.का लागि लखनउ पुगे । फेरी शरीरले साथ दिएन मलेरिया रोगले अक्रमण गऱ्यो । नेपाल फर्किएर उपचार गरि नेपाल ल. क्याम्पसबाट स्नातक गरे । त्यस पछि भारतको पटना विश्वविद्यालयबाट एम.ए. गरे ।

आफू कक्षा नौं मा पढदै गर्दा तनहुँ सत्रसाय निवासी रामनाथ अधिकारीकी छोरी गोपिबाला अधिकारीसँग वि.सं. १९९६ मा विवाह भयो । वि.सं. २००४ देखि वि.सं.२०१९ सम्ममा दुईवटा छोरा र छवटी छोरी जन्मिए । हाल सोध नायक विनोधप्रसाद धितालका सबै छोरा छोरीहरू आ-आफ्नै शैलीमा स्वदेश तथा विदेशमा व्यवस्थित जीवन विताइ रहेका छन् ।

भारतमा पढेर नेपाल फर्किए पछि दरबार हाइस्कुलमा केहि समय शिक्षक बनेर वि.सं. २००५ बाट तत्कालीन श्री ३ मोहन शम्शेरको कार्यालयमा सचिवलयको अफिसर पदबाट उनको सरकारी सेवा सुरु भयो । वि.सं. २००८ सालमा शिक्षा मन्त्रालयको साहायक सचिव, वि.सं. २०१५ मा भूमिसुधार आयोजको वरिष्ठ कर्मचारी, प्रथम आम चुनावमा गृह मन्त्रालयका उपसचिव र वि.सं. २०१७ पछि दाङ क्षेत्रको वडा हाकिम वने ।

वि.सं. २०२१ मा कानून तथा न्याय मन्त्रालयको सचिव र कानून आयोगको अध्यक्ष वने । त्यसपछि विभिन्न मन्त्रालय चाहार्दै गोरखा पत्र संस्थान, सूचना प्रसार मन्त्रालयमा समेत निर्देशक र सचिवको काम गरि वि.सं. २०३४ मा  आफ्नौ जागिरे जीवनबाट अवकास लिए ।

वि.सं. २००५ बाट  आधिकारिक रुपमा जागिर जीवनमा प्रवेश गरेका धितालले आफ्नो जीवनकालमा प्रसस्त देश विदेशको भ्रमण गरे । वडा हाकिम काम गर्दा नेपालका बहुसङ्ख्यक जिल्ला र क्षेत्रको भ्रमण गरेका धितालले सचिव भए पछि भारत, पाकिस्तान, अफगानिस्तान लगायत सोभियत संघ र संयूक्त राज्य अमेरिकाको भ्रमण गरेका थिए । जीवनको उत्तरार्धम छोरी ज्वाइ छोरा बुहारी यूरोप र अमेरिकाका विभिन्न मूलुकमा पेशा गरि बसेको हुँदा विदेश भ्रमण पानी पधँरो जस्तै बन्यो ।

सुरुमा कक्षा सातमा पढदा विद्यालयले आयोजना गरेको प्रतियोगितामा 'हाम्रा कविहरू' शीर्षकमा निवन्ध लेखि प्रथम स्थान हासिल गरेका धितालले कृतिहरू रचना गर्ने क्रममा इटलीको दाते सोसाइटिवाट 'लेचरों दाँतिम्' नामक अन्तराष्ट्रिय पुरस्कार, योजनगन्धाका लागि २०५२ मा नेपालको 'मदन पुरस्कार', राष्ट्र सेवामा इमान्दारी पूर्वक काम गरे वापत गोरखा दक्षिण बाहु दोस्रो लगाएताका पुरस्कारहरू प्राप्त गरेका थिए भने अन्य स-साना साहित्य सम्बन्धी पुरस्कार र सम्मान समेत प्राप्त गरेका थिए ।

आफ्नो लेखनको सुरुवात कक्षा सात देखि नै गरेका र 'शारदा',  'उदय', 'हिमाली' 'रुपरेखा' देखि लिएर हालसम्म पनि प्रकाशित भैरहेको 'मधुपर्क' 'गरिमा' जस्ता पत्रिकाले उनका फुटकर रचनाहरू छापे । त्यस्तै उनका पुस्तकार कृतिहरू भने राधामिलन (खण्ड काव्य) विष्णु गुप्त चाणक्य (अनूवाद) उज्यालो हुनु अधि (उपन्यास) डिभाइन कमेडी ( अनूदित) योजनगन्धा (उपन्यास) अस्ताउन लागेको चन्द्रमासँग (कविता संग्रह) प्रकाशित भएका छन् । यसरी साहित्य लेखन तर्फ आकृष्ट हुनुमा पारिवारिक रुपमा बाबु भैरवप्रसाद धिताल र दिदी चन्द्रकुमारी न्यौपानेको प्ररण नै हो भने बालकृष्ण सम लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ न्यौपाने, र चक्रपाणी चालिसेका कृतिहरू नै थिए । यसरी सोध नायक विनोदप्रसाद धितालको पारिवारिक जीवन, वाल्य अवस्था, शिक्षा, पेसा कृतिलेखनको प्रभवलाई संक्षेपमा चर्चा  गर्न सकिन्छ ।

# तेस्रो परिच्छेद

## 'उज्यालो हुनु अघि' उपन्यास विश्लेषणको सैद्धात्तिक आधार र धितालको साहित्यिक यात्रा

नेपालको राजधानी शहर काठमाडौंःको त्रिपुरेश्वरमा वि.स १९८० मा जन्मेका विनोदप्रसाद धिताल २००७ साल पुर्व नै सरकारी सेवामा नियुक्त भै सचिव सम्मको सेवाबाट अवकाश लिएर आफ्नो बुढ्यौली जीवनलाई समेत साहित्य सिर्जनामा प्रयोग गरी अस्ताइ सकेका छन् । कानुनमा स्नातक र संस्कृतमा स्नातकोत्तर उपाधि प्राप्त गरेका धिताल 'शारदा' पत्रिकाको प्रकाशन कालदेंखिनै साहित्य सेवामा प्रवृत कथा, कविता र काव्य हुदैं उपन्याससम्मको सिर्जना यात्रामा अगाडि बढेका अथक साहित्यिक यात्राका रुपमा स्थापित भैसकेका व्यक्तित्व हुन् । उनका 'राधामीलन' (खण्डकाव्य २०१३), 'आश्चर्य गुप्त चारक्य' (अनूदित उपन्यास २०३२), 'उज्यालो हुनु अघि' (आञ्चालिक उपन्यास २०२८), डिभाइन कमेडी (महाकाव्य, अनूदित २०४०), योजनागन्धा (पौराणिक उपन्यास २०५२) र 'अस्ताउन लागेको चन्द्रमासँगै' (कविता संग्रह २०५८) मा प्रकाशित विभिन्न विधाका कृतिहरू हुन् । पश्चिम नेपालको पहाडी धरातलमा अवस्थित सुन्दर जन्मभूमि गोरखाको खरीबोट क्षेत्रको प्राकृतिक दृश्य र सामाजिक रहनसहनमा आधारित रहेर तयार पारिएको 'उज्यालो हुनुअघि' उपन्यास धितालको सामाजिक यथार्थ, त्यस क्षेत्रको सांस्कृतिक विभेद र तत्कालीन राजनैतिक संक्रमणको वास्तविक धरातलमा टेकेर उभिएको छ । अर्थात् तत्कालीन उत्तरी गोरखाको एउटा गाउँ र त्यस भेगको समाज र समाजभित्रको यथार्थलाई खोतल्दै सामाजिक जागरण तथा प्रगतिशील स्वर सुसेल्ने उनको प्रयास सफल भएको छ । हुन त महाभारतको कथालाई विषयवस्तुको रुपमा ग्रहण गरिएको तर 'आदि पर्व' लाई आधार बनाएर लेखिएको योजनागन्धा (२०५२) ले पौराणिक वृत्तलाई काटेको पाइदैन, तथापि महाभारतका अत्तिरिक्त भागवत महापुराण, हरिवंश पुराण, देवी भागवत पुराण, लगायतका पौराणिक स्रोतहरूलाई समेत जोरजाम गरेर उपन्यासको विषयवस्तुलाई समीकरण गरिएको छ ।[१५] सरकारी सेवा गर्दा गर्दै प्रौढ अवस्थामा आइपुग्दा समेत आफ्नो

[१५] राजेन्द्र सुवेदी पूर्ववत,पृष्ठ ११५

पैतृक थलो विर्सन नसकेका धितालले आफ्नो चर्चित उपन्यास 'उज्यालो हुनुअघि' उपन्यासमा विषयवस्तुको स्रोत आफ्नो प्यारो गाउँ र त्यहीको समाजलाई बनाएका छन् भने 'योजना गन्धा' मा पुराणको व्यापक परिधिलाई कथावस्तुको स्रोतका रुपमा प्रयोग गरेका छन् । हालसम्म प्रकाशित मौलिक उपन्यास मध्ये योजना ग्रन्धालाई छोडेर 'उज्याल्यो हुनु अघि' को अध्ययन विश्लेषणबाट विनोद प्रसाद धितालको उपन्यासलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## ३.१ विषयवस्तुको प्रयोग :

जीवनको उत्तरार्धमा आइपुग्दा प्रशस्त धार्मिक ग्रन्थको अध्ययन र पौराणिक विषयवस्तु प्रतिको लगाव देखिएतापनि जीवनको चढ्दो क्षण र केही गरुँ भन्ने उमेरमा उपन्यासकार धिताल प्रगतिशील विचार बोकेका व्यक्तिका रुपमा देखा परेका छन् । उनको तातो रगत र चिन्तनशील मस्तिकको उपज पहिलो उपन्यास लेखनमा सामाजिक यथार्थलाई राम्ररी खोतल्ने, निफने र केलाउने काम गरेको पाइन्छ 'उज्यालो हुनु अघि' उपन्यासमा । हुन त यस उपन्यासमा क्षेत्रीयता तथा आञ्चलिकताको गन्ध राम्ररी नै आउँछ, तैपनि नेपालको पशि्चमाञ्चल विकास क्षेत्रमा पर्ने गोरखा जिल्लाको उत्तरी गा.वि.स. (तत्कालीन खरीबोट गाउँ पञ्चायत) को भञ्ज्याङ्ग गाउँ र त्यस आसपासका क्षेत्रलाई उनले आफ्नो उपन्यासमा समेटेका छन् । तत्कालीन अवस्थामा राजा महेन्द्रले लागु गरेको पञ्चायती व्यवस्था, नयाँ मुलुकी ऐन, भूमिसुधार कार्यक्रमले त्यहाँको जनजीवनलाई पारेको प्रभावका बारेमा विषयवस्तु बनाएर उपन्यास अगाडि बढेको छ । रुढीवादी परम्परा, अन्धविश्वासले गाँजेको समाज र त्यसैको कारणले जातीय तथा वर्गीय भिन्नता छुट्टिएको अवस्था नै उपन्यासको सेरोफेरो हो । यिनै अन्तरजातीय द्वन्द्व र त्यसबाट तल्लो वर्ग वा जातले खेप्नु परेको पीडा एवं कमजोर स्थिति भएकाहरूले समाजमा टिक्न नसकेर विदेशिनु परेको बाध्यता नै यस उपन्यासको प्रमुख विषयवस्तु बनेको छ । यसरी यस उपन्यासको अध्ययन गर्दा उपन्यासकार धिताल समाजभित्र पसेर यसभित्रका तितामिठा अनुभूतिहरू समेट्ने, समाजका निम्न वर्गका मानिसहरूको मन र व्यथालाई छाम्ने अनि वास्तविक यथार्थलाई खोतल्न सामाजिक यथार्थवादी उपन्यासकार हुन भन्ने कुरा स्पष्ट हुन्छ ।

## ३.२ पात्र विधान

विशाल र महाभारतीय कथावस्तुलाई समायोजन गरेर तयार पारिएको पौराणिक उपन्यास 'योजनागन्धा' तयार पार्ने उपन्यासकार विनोद प्रसाद धितालले यस उपन्यासमा दर्जनौ पात्रलाई उनीहरूको स्तर अनुरुप भूमिका निर्वाह गराउन सफल देखिन्छन् भने 'उज्यालो हुनु अघि' उपन्यास आकारमा सानो मात्र होइन पात्रहरूको संख्या पनि निकै कम छ। अझै आञ्चालिक परिवेश भित्र खदिलो पार्ने प्रयास गरिएको हुंदा पात्र विधानका दृष्टिले यो उपन्यास ज्यादै सफल पनि छ। यो उपन्यासमा सामाजिक विषयवस्तुको प्रयोग गरिएको हुँदा यसमा प्रयोग भएका पात्रहरू पनि विषय अनुकूल अर्थात सामाजिक नै छन्। गोरखा जिल्ला क्षेत्र नं. २ को उत्तरी भू-भाग भञ्ज्याङ्ग गाउँ (हालको खरीबोट गा.वि.स) र त्यसको आसपासमा बसोबास गर्ने रम्तेलहरू (तल्लो जात) ढकालहरू - माथिल्लो जात) र मध्यम स्तरका (पानी चल्ने भनिएका) घर्तीहरू पनि पात्रका रुपमा प्रयोग भएका छन्। उपन्यासको सुरुवात देखिनै विषयवस्तुलाई अगाडि बढाउने क्रममा प्रयोग भएका मुख्य पात्र नेप्टे घर्ती (ठूले) र लाहुर्नी कान्छी (सार्की) का सहयोगी पात्रका रुपमा रम्तेल कान्छो, रम्तेलनी कान्छी जस्ता सहायक पात्रको पनि प्रयोग गरिएको छ। यसै गरी कथानकलाई रोचकता प्रदान गर्न ठाउँ-ठाउँमा देखा पर्ने प्रसङ्ग अनुसारका गौण पात्रहरूको अध्ययनबाट उपन्यासकार धितालले 'उज्यालो हुनु अघि' उपन्यासमा प्रयोग गरेका पात्रहरू विषयवस्तु अनुकूल नै देखिन्छन्।

नेपाली समाजका नेप्टे घर्ती जस्ता सोझो र सरल व्यवहार भएका पात्रहरू आफू गरिब भएपनि वचनमा पक्का, विचार गरेर निर्णय लिने, कसैलाई धोका दिन नचाहने र सामाजिक रुपमा कसैसंग बैरभाव नगर्ने स्वभावका हुन्छन्। त्यसमा पनि गोरखाको उत्तरी भेक जुनबेला (उपन्यास लेख्ने समय) त्यस भेकमा न स्कुल थियो, न कुनै ज्ञानगुनका कुरा सिक्ने ठाउँ नै थियो। यता आफूले गरेको पवित्र प्रेमलाई विभिन्न आरोप लगाएर समाजबाट बहिष्कार समेत गराउने मनासय बोकेका गोपे ढकाल र खरिदार जस्ता पात्रहरूसँग जोडिएर आफ्नो लक्ष्यमा पुग्न त्यति सजिलो पनि थिएन। तर नेप्टे घर्ती सँग भएको साहास र इमान्दारीतालाई दिल खोलेर प्रशंसा गर्न सकिन्छ। आफ्नो बचनमा पक्का नेप्टे घर्ती जतिसुकै समस्या पर्दापनि पछाडि हड्दैन बरु लाहुर्नी कान्छीलाई जीनवसाथी बनाएर बर्मातिर लाग्छ। यस्तै गरी लाहुर्नी कान्छी यस

उपन्यासकी भरोसा लाग्दी पात्र हो । ऊ विवाहिता र एउटा सन्तान जन्माइसकेकी देशविदेश घुमेकी, लाउन खान जानेकी, शिक्षा र विकासलाई नजिकैबाट देखेकी पात्र पनि हो । तैपनि ऊ आफू नारी हुनुमा पश्चाताप गर्छे । पुरुष प्रधान र सामन्ती समाजसँग जुध्न त चाहान्छे तर परिवेशले दिदैन । आफूलाई मन परेको हृदयको राजालाई दिल खोलेर माया गर्छे र शरीर समेत अर्पण गर्छे । नेपाली समाज त्यसमा पनि गोरखाली समाजकी प्रतिनिधि पात्रका रुपमा देखा परेकी लाहुर्नी कान्छीलाई उपन्यासकार धितालले ज्यादै व्यवस्थित रुपमा यस उपन्यासमा उभ्याएका छन् । त्यस्तै गरी गोपे ढकालले गाउँका हुनेखाने, उपल्लो जातका र रुढीबादी संस्कृति बोकेका समाजका बोक्रे भलाद्मीहरूको प्रतिनिधित्व गरेको छ । ऊ छुल्याइँ गर्न, दोहोरो कुरा गर्न, मिलेका आफन्तहरूलाई फुटाउन र आफु बाहुन भएकोमा माथिल्लो जातको बडप्पन देखाउन निकै खप्पिस छ । उता खरिदार पञ्चायती व्यवस्थाको पृष्ठपोषक र सामान्तहरूको दलालका रुपमा उपस्थित पात्र हो । आफू सरकारी जागिरे भएको नाममा गरिब जनतालाई ठग्ने, उपल्लो जातको छायाँमा बसेर समाजका हेपिएका र थिचिएका तल्ला जातका मानिसहरूको रगत चुस्ने अनि भूमि सुधारको दुहाइ दिएर  जसको जोत उसैको पोत भन्ने सरकारी नारालाई दुरुपयोग गर्ने गरिबमारा पात्र हो, खरिदार । यसरी स्थान, परिवेश र अवस्था अनुरुपका पात्रहरूलाई उभ्याई उपन्यासलाई जीवन्त र वास्तविक धरातलमा पुऱ्याउन सफल उपन्यासकार धितालको पात्र विधानको पद्धति ज्यादै उत्कृष्ट छ भन्न सकिन्छ ।

## ३.३ परिवेश विधान

विनोद प्रसाद धिताल आफ्नो उपन्यासहरूमा विषयवस्तुको आधारमा देश, काल र परिस्थितिलाई स्थानानुकूल र अवस्थानुकूल बनाउन ज्यादै खप्पिस उपन्यासकार हुन् । आफ्नो पछिल्लो तथा महाभारतका पृष्ठभूमिमा तयार पारिएको उपन्यास योजनागन्धा मा त्यति धेरै पात्र र त्यति फराकिलो परिवेशलई समय सापेक्ष बनाएर उतार्न सफल धितालले जसरी योगनगन्धामा परिवेश सापेक्ष विषय वस्तु दौडाएको छन् त्यति फराकिलो परिवेश ‘उज्यालो हुनु अघि’ उपन्यासमा छैन् । तैपनि यस उपन्यासको परिवेश चित्रणमा उपन्यासकारले कमजोरी भने गरेको छैनन् । यो उपन्यासको सन्दर्भ र

प्रस्तुतिलाई आञ्चालिक भन्ने विशेषण राखिए जस्तै उपन्यासको विषयवस्तु सामाजिक भए जस्तै परिवेश पनि सामाजिक नै छ । नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको गोरखा जिल्लाको उत्तरी भूभाग बहुसंख्यक गरिब र निमुखाहरूको बस्ती हो । यहाँ रहेका नगण्य धनी र उच्च जातका सामान्ती मनोवृत्ति बोकेका स्थानीय फटाहाहरूले तल्लो जाती र गरिबमाथि कसरी रजाइँ गर्छन् ? भन्ने प्रश्नको उत्तर दिन सफल यस उपन्यासमा यसै भेकका खरिबोट, भञ्याङ्ग र आसपासका प्राकृतिक बा भौगोलिक परिवेशलाई यस उपन्यासमा प्रयोग गरिएको छ । त्यस्तै गरी २०१७ सालमा राजा महेन्द्रबाट बहुदलीय व्यवस्थाको घाँटी निमोठेर जबरजस्ती जनता माथि थोपरिएको पञ्चायती व्यवस्था हो भने तत्कालीन अवस्थामा कथित रुपले गरिब र भूमिहीन जनतालाई राहत दिन भनी लागु गरिएको भूमि सुधारको युग पनि हो । यही मौकामा राजा महेन्द्र आफूले जनताका लागि के-के नै गरें भन्ने उर्दी चलाउन नयाँ मुलुकी ऐनको लागु पनि गरेका थिए । यी यस्तै कथित सुधार र परिवर्तनका हल्लाहरू फिजाएर ग्रामीण भेकका सोझा र निमुखा जनतालाई हर्षित बनाइएको थियो । त्यसैले यस उपन्यासको राजनैतिक र सामाजिक परिवेश हर्षित र आशावादी रहेको पाइन्छ भने स्थानीय रुपमा बलिया, धनी र उच्च जातकाहरूले गरिब र निम्न जातकालाई कुनामा पाउँदा अचेट्ने र छेउमा पर्दा घचेट्ने अवस्था पनि यहीँको परिवेश थियो भन्ने कुरालाई उपन्यासका घटनाहरूले प्रष्ट पारेको छन् । त्यस्तै उपन्यासको कथानक भित्र प्रमुख भूमिको निर्वाह गरेका नेप्टे घर्ती र लाहुर्नी कान्छीको अन्तर जातीय प्रेम विवाहले तत्कालीन सामाजिक परिवेश संक्रमणकालीन अवस्थाको थियो भन्ने कुराको समेत पुष्टि गरेको छ । जहाँ जातीय विभेद, छुवाछुत प्रथा, छोइछिटो, मेलापात, बनीबुतो जस्ता सामाजिक चलन र अपचलनलाई छर्लङ्ग पारिएको छ भने अन्तरजातीय विवाहकै कारणले घर छोडेर विदेशीनु पर्ने सामाजिक परिवेश पनि यस उपन्यास भित्र चित्रित भएको छ ।

यस्तै गरी ठाउँ-ठाउँमा प्रकृतिको सुन्दर पक्षको चित्रण गरी मानवीय सुख दुख र प्रकृतिको सकारात्मक तथा नकारात्मक पक्षको चित्रणले प्रांकृतिक परिवेशलाई मानवीकरण गरी उपन्यासको विषयवस्तुलाई झन उचाइमा पुऱ्याउने कार्य भएको छ । सिरान डाँडा, चेपे खोला, विचौर गाउँ, काफलडाडाँ, भच्चेक, माल्दे फाल्पु गाउँ, भुच्चोकटार जस्ता स्थानीय गरागर्खा र उत्तरी तिरको हिमचुली, मनास्लु, देवचुली जस्ता

हिमाल, दुध पोखरी र हिमाली भेकको चरणक्षेत्रलाई पनि प्राकृतिक परिवेश भित्र समेटिएको छ । जे होस्, परिवेश विधानका दृष्टिले उज्यालो हुनु अघि उपन्यासमा विषय वस्तु अनुरुप कै परिवेश लिएर त्यसको सन्दर्भमा प्रयुक्त भएका पात्र, प्रकृति आदिको आन्तरिक र बाह्य परिवेशको मात्र प्रयोग नभएर समग्र युगीन परिवेशलाई सुहाउँदो सन्दर्भमा प्रस्तुत गरेका हुनाले उनको परिवेश विधान सशक्त र दोहोरो किसिमको पाइन्छ ।

## ३.४ भाषा शैली

उपन्यासकार विनोद प्रसाद धितालको प्रकाशनका दृष्टिले हेर्दा प्रथम उपन्यास “उज्यालो हुनु अघि” ले आञ्चालिक परिवेशलाई ग्रहण गर्ने क्रममा पश्चिमाञ्चल विकास क्षेत्रको भाषालाई समेटेको छ । त्यसमा पनि यस उपन्यासम प्रयुक्त भाषा पर्वते भाषिका भनेर चिनिने गोरखा, लमजुङ्ग र तनहुँको पूर्वी क्षेत्रको भाषासंग मिल्दो जुल्दो देखिन्छ । अझै भन्नु पर्दा गोरखाली सेरोफेरोमा प्रचलित काव्यभाषा नै यस उपन्यासको वास्तविक भाषा हो । उपन्यासमा मध्यम र निम्न दुवै वर्ग र जातका पात्रहरूको प्रयोग भएको हुँदा तिनीहरूले बोल्ने भाषा पनि सोही अनुसारको छ । केही शिक्षित वर्गले बोल्ने भाषामा प्रयोग भएका अङ्ग्रेजी शब्दहरूको मिश्रणले उपन्यासले बौद्धिक पाठनको अपेक्षा गरेको छ । तल्लो जातका र माथिल्लो जातिका पात्रहरूको बोल्ने भाषा पनि फरक-फरक छन् । यस क्षेत्रमा बोलिने पर्वते भाषिकाको प्रभाव अनुरुप खाइन्छ, बसिन्छ, बढिन्छ, लेखिन्छ , ‘छ’ को सट्टा ‘च’ को प्रयोग गर्ने चलन छ । अर्थात् खाइन्च, बसिन्च, बढिन्च, लेखिन्च, उच्चारण गरेर बोलिन्छ । उपन्यासको प्रारम्भमा गीतहरूले उपन्यासको विषयवस्तुको संकेत गरेको पाइन्छ भने अन्त्यमा प्रशस्त उखान टुक्काहरू प्रयोग भएका छन् । कथानकको ढाँचा सरल, सरस र रेखीय प्रकारको छ ।

हुनत उनको उत्तरार्धमा लेखिएको उपन्यासमा दरबारीयाहरूले बोल्ने भाषालाई ज्यादै राम्रो सँग मिलाएर प्रयोग गरिएको छ । कुनै ठूलो साँझ, एक टाँगो घाम, निगुराको कुकुन, जस्ता झर्रा शब्दहरू प्रयोग गरेका छन् भने कतै अत्तिनु, त्रसिलो, सतकिलो जस्ता शब्दहरूलाई आफै बनाएका छन् । यसरी धितालका ‘उज्यालो हुनु अघि’उपन्यासमा बढी मात्रामा प्रयोग भएका शब्दहरू पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गोरखाकै सेरोफेरामा

बोलिने तद्भव, आगन्तुक र झर्रा शब्दहरूका साथै केही स्वनिर्मित शब्दहरू नै छन् । तसर्थ उनको भाषामा सरलता र सरसता हुँदाहुँदै पनि शैली समेत उच्च स्तरको भएको पाइन्छ ।

## ३.५ आयामको प्रयोग

उनका कृतिहरूको अध्ययन गर्दा आयामको प्रयोगका दृष्टिले विनोद प्रसाद धितालका उपन्यास मझौला र बृहत् दुवैमा  देखिन्छन् । यसै क्रममा उनले पहिलो पटक लेखेको 'उज्यालो हुनु अघि' उपन्यासले मझौला आयामको छ । वि.सं. २०२८ मा संरचित यो उपन्यास २८ परिच्छेद र २२१ पृष्ठमा संरचित भएको हुनाले यसको आयाम मझौला किसिमको देखिन्छ । गोरखा जिल्लाको उत्तरी गा.वि.स. खरीबोट र भञ्ज्याङ्ग गाउँ साथै त्यसको आसपासका क्षेत्रहरूको सामाजिक चित्रण गरिएको प्रस्तुत उपन्यासको परिच्छेदलाई हेर्दा प्रथम परिच्छेद सबै भन्दा छोटो ३ पृष्ठ र अन्तिम परिच्छेद र १५ पृष्ठ रहेको देखिन्छ भने बीचका अन्य परिच्छेदहरू ५-८ बीचका समानुपातिक ढंगले मिलाउने प्रयास गरिएको छ । आफ्नो वाल्यकालको स्मरण र बाल्य अवस्थामा घुमेको स्थानीय गाउँ वस्तीमा अनुभूति गरेको कतिपय घटना तथा पात्रहरूलाई राम्ररी स्मरण हुन नसकेको हो वा विषयवस्तुको गहनतामा गहिराई दिएर छिट्टै टुङ्ग्याउने उद्देश्यले हो, उपन्यासकारले यस उपन्यासको घटनालाई जति सक्दो छिटो दौडाएर पूरा गरेका छन् । यसमा कथावस्तुको लम्बाइ बढाउन मिल्ने खालका लामा घटनाहरू नभएको कारणले नै उपन्यासको कद मझौला मात्र भएको मान्न सकिन्छ ।

## ३.६ शीर्षक विधान

शीर्षक विधानका दृष्टिले धितालका उपन्यासहरू निकै भावुक र वास्तविक अवस्था तथा उचाइमा पुगेका छन् । महाभारतको आयस्रोतको रुपमा भनिएको मत्स्यगन्धा 'योजनागन्धा' ले  जन्मदेखि मरणोपरान्त भोगेकी घटनालाई सापट ढंगले प्रस्तुत गरिएको छ भने "उज्यालो हुनु अघि" तत्कालीन गोरखा जिल्लाको उत्तरी भेकमा रहेका भञ्ज्याङ्ग र आपसमा रहेको सामाजको सामाजिक चित्रण गर्ने तरखरमा रचिएको उपन्यास हो । भञ्ज्याङ्ग, सिरानडाडाँ, मुच्चोक, खरीबोट, विचौर, पाताल क्षेत्र लगायतका

परिवेशलाई समेटेर यो उपन्यास अगाडि बढेको छ । २०२८ साल पूर्वको राजनैतिक अवस्था र त्यसका हिमायतीहरूले गरेको दबदबा, समाजको अन्धोपन र त्यसले गर्दा जनतामा पर्ने गएको असरलाई उपन्यासले खोतलेको छ । यसका साथै समाजका शोषक गोपे ढकाल र खरिदार जस्ता समाजका जुकाहरूलाई उपन्यासले आफ्नो गर्भमा समेटेको छ । भूमिसुधार रमुलुकी ऐनले जनतामा उमारेको उल्लास र खुसीलाई उपन्यासले उजागर गरेको छ । वास्तवमा नेपाल र नेपाली जनताका लागि यो अवस्था अन्धकार र "उज्यालो हुनु अघि"को पूर्व सूचना नै हो । एउटा कुखुराको भालेलाई बासेको निहुँमा घाँटी निमोठेर भाग्दैमा उज्यालो हुदैन भन्नु मुर्खता सिवाय अरु केही होइन । यस उपन्यासको विषयवस्तुले र यहाँ भित्रका सत् र असत् पात्रहरूको चरित्रले यो देहमा अब सूर्य उदाउने वाला छ, नयाँ बिहानको खोजी हुदैछ, विस्तारै मुलुकी ऐन र भूमि सुधार रुपी जनताको आँखामा छारो हालेका फटाहा र सामान्तहरूका दिनहरू सकिदैछन् भन्ने कुराको पूर्व संकेत यस उपन्यासमा पाइने भएको हुँदा उपन्यासको शीर्षक पूर्ण सार्थक छ भन्न सकिन्छ । हेर्दा सांकेतिक जस्तो लागे पनि शीर्षक र उपन्यास भित्र समेटिएको कथाले पनि उपन्यासको शीर्षकलाई सार्थकतासम्म पुऱ्याएको छ ।

### ३.७ उपन्यासको केन्द्रीय कथ्य

साहित्य शुन्यमा सिर्जना हुँदैन । त्यसैले हरेक स्रष्टाले आफ्नो कृति रचना गर्ने सन्दर्भमा कुनै न कुनै उद्देश्यलाई समावेश गरेको हुन्छ । कुनैपनि कृतिले पाठकलाई दिने सन्देश वा शिक्षालाई केन्द्रीय कथ्य भनिन्छ । विनोद प्रसाद धितालका दुई उपन्यासहरू मध्ये पूवार्धमा लेखिएको र सामाजिक विषयवस्तुको प्रयोग गरिएको प्रथम उपन्यास 'उज्यालो हुनु अघि' (२०२८) मा केन्द्रीय विषयवस्तुका रुपमा तत्कालीन निंरकुश पञ्चायती शासन, तत्कालीन अवस्थामा लागु गरिएको भूमिसुधार कार्यक्रम, नयाँ मुलुकी ऐनले सर्वसाधारण जनतामा ल्याएको जागरणका साथै स्थानीय सामान्तहरूको दबदबालाई समावेश गरिएको छ ।

यिनै सेरोफेरोभित्र रहेर तत्कालीन नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गोरखा जिल्लामा पर्ने खरीबोट भञ्ज्याङ्ग गाउँ र त्यसैको सेरोफेरोमा पर्ने धनी र गरिब, ठूलो जाती र सानो जाती, बलियो र निर्धो बीचका असमानतालाई देखाउँदै समाजको गरिब

होस् वा धनी होस् सबैलाई समान अधिकार दिनुपर्छ । नियमकानुन भनेका सबैका निम्ति हुन् । केवल समाजका गरिबले मात्र सामजिक बन्धन खेप्नु पर्ने र मानसिक यातना भोग्नु पर्ने स्थिति हुनु हुदैन भन्ने कुरा देखाउन खोजिएको छ । त्यस्तै गरी धनी वर्गका मानिसहरूले प्रेमको नाममा तल्लो वर्गका वा जातका महिलासँग गर्ने यौन दुराचारले उनीहरूको जातीय स्वाभिमानमा कुनै आँच नआउने तर गरिब वर्ग र तल्ला जातका मानिसहरूले गरेको वास्तविक प्रेमलाई पनि समाजले तिरस्कार गर्ने गलत परम्परा हो भन्दै धनी र गरिब अनि तल्लो र माथिल्लो जात बीचहुने गरेका यस्ता असमानतालाई हटाउनु पर्छ भन्ने मान्यता उपन्यासकार धितालको छ । हाम्रो समाजमा लामो समयदेखि चल्दै आएको रुढिग्रस्त परम्परामा अशिक्षित र निम्न वर्गका नेप्टे घर्ती र लाहुर्नी कान्छी बीच भएको प्रेम प्रसङ्गलाई विवाहमा परिवर्तन गराउनुले उपन्यासकारले यो समाज प्रति व्यंग्यमात्र प्रहार गरेका छैनन्, समाज प्रति वितृष्णा र सामाजिक चेतनाको जागरणलाई तुरुन्तै अगाडि बढाउनु पर्छ भन्ने आग्रह समेत गरेका पाइन्छ । यसरी समाजमा विद्यमान असमानता र जातीय भेदभाव जस्ता कुरालाई यथार्थ ढंगमा प्रस्तुत गरेर सामाजिक चेतना जगाई समाजलाई यथास्थानबाट माथि उठ्ने आग्रह गर्नु यस उपन्यासको केन्द्रीय कथ्य हो ।

यस उपन्यास भित्र हाम्रो समाजमा प्रचलित रहेको जातीय भेदभाव र सामाजिक असमानता जस्ता कुरालाई तुरुन्तै उखेलेर फ्याँक्नु पर्छ । यसपछि मात्र नयाँ दिनको सुरुवात हुन्छ भन्ने धारणा राखेका छन् । यथार्थवादी ढंगबाट आफ्ना सोचहरू राखने क्रममा तत्कालीन नेपाली समाजमा राजा महेन्द्रले आफूबाट लागु गरिएको पञ्चायती व्यवस्थालाई टिकाउने उद्देश्यले जनमानसमा पुऱ्याउने उद्देश्य राखेको भुमिसुधार र नयाँ मुलुकी ऐनले सर्वसाधारण जनतामा खुशीको लहर फैलिएको वा आशाका किरणहरू देखिएका भएपनि वास्तविक अर्थमा यो परिर्वतनले समाजका गोपे ढकाल र खरिदार जस्ता चुसकहरूले जनताको घर आँगनमा पुग्न दिएका छैनन् भन्ने कुरालाई प्रष्ट पाने कार्य भएको छ । भूमि सुधारको नाममा भुँढीसुधार गर्ने खरिदारहरूको विगविगी तत्कालीन अवस्थादेखि हालसम्म पनि नेपाली गाँउ घरमा जीवित नै छ । यस्तै मुलुकी ऐनका नाराहरू नेप्टे घर्ती र लाहुर्नी कान्छीका घर आँगनमा अझैसम्म पनि पुगेको छैन । गरिबमाराहरूले नुने, ढिके, चोके, लगाइरहेका छन् । युग परिर्वतनको नाममा जतिसुकै

सुधार भएको भए तापनि गरिबी निमुखाको घर दैलैमा यो परिर्वतनले पाइला टेकेको छैन । तसर्थ नेपाली गाँउघरमा उज्यालो हुन अझै बाँकी छ, भन्ने खालको कथ्यलाई पनि यस उपन्यासले अंगालेको छ ।

## ३.८ पात्रको मनोविश्लेषण

मनोविश्लेषणको दृष्टिले हेर्दा उपन्यासकार विनोद प्रसाद धितालको पछिल्लो समयमा लेखिएको 'योजना गन्धा' जति सशक्त छ, 'उज्यालो हुनु अघि' उपन्यासमा त्यति सशक्तता पाइदैन । किनभने "उज्याले हुनु अघि" उपन्यास मनोवैज्ञानिक शिराबाट लेखिएको उपन्यास नभई सामाजिक यथार्थवादी उपन्यास हो । यति हुँदा हुँदै पनि यस उपन्यासमा प्रयोग भएका पात्रहरूको बाह्य चरित्रमा उद्घाटन नगरी आन्तरिक चरित्रलाई समेत उद्घाटन गर्ने कार्य यस उपन्यासमा भएको छ । योजनागन्धाकी नायिकाको क्रियाकलाप उच्च स्तरको परिवारका खानदानसंग मिल्दो भएको हुँदा मनोविज्ञान पनि माथिल्लै स्तरको छ । तर यस उपन्यासकी नारी पात्र लाहुर्नी कान्छीको आन्तरिक मनोदशालाई सुरुका दिनहरूमा आफ्नो पति र छोराको मृत्यु पश्चात् परेको मानसिक आघातलाई सामना गर्न नसकी दिदी रम्लेल्नी कान्छीको घरमा आएर बसेकी छे । दिनदिनै घरमा बस्दा ज्यादा उराठ लागेर दिदी - बहिनी जंगल तिर चुत्रो टिप्न जान्छन् । संयोगले घाँस काट्न गएको नेप्टे घर्ती (ठूले) सँग भेट हुन्छ । एकै दिनको भेटघाट र हेराहेर अनि बोलचाल पछि ती दुईको बीचमा नजानिदाँ पाराले प्रेम टुसाउँछ । यतिमात्र होइन, पति र छोरा वियोगमा छट्पटाएकी लाहुर्नी कान्छी एकै दिनको भेटमा एउटा बलिया हातपाखुरा भएको नेप्टे धर्ती (युवक) को स्पर्शले, उसको लवज र मर्दत्वले तुरुन्तै आर्कषण गर्छ ।यही आकर्षणले गर्दा आफूलाई सम्पूर्ण रुपले सुम्पन्छे । कुनै प्रतिक्रिया नगरी यौन सम्पर्कसमेत राख्छे । यसबाट के स्पष्ट हुन्छ भने धेरै दिनदेखि ऊ भित्र दमित भएर रहेको काम बासना नेप्टे घर्तीसंगको भेटपछि तुरुन्तै जागृत हुन्छ त्यसको पूर्ति स्वरुप नेप्टेबाट तिर्खा मेटाउँछे । यो अवस्थालाई फ्रायडीय मनोविज्ञानको आँखाले हेर्दा लाहुर्नी कान्छीको कामबासनालाई तृप्ति गराउने नेप्टेप्रति उ आफैले सकारात्मक रुपले स्वीकार गर्नु मानवीय कमजोरी नभई आवश्यकाता पनि हो ।

यता नेप्टे घर्तीको मनोविज्ञान पनि त्यस्तै छ । जंगलमा चुत्रो खान गएकी लाहुर्नी कान्छीको टिमिक्क परेको शरीर, मिलाएर लगाएको लुगा, मिठो बोली र शारीरिक चालढाल हेर्दा एकै छिनमा आकर्षित हुन्छ । ऊ तल्लो जातकी आइमाई हो भन्ने कुरा उसले नबुझ्केको होइन । तैपनि ऊ भित्रको पुरुषत्व जागेपछि बासनाको तृप्ति गर्ने आशाले रम्तेल्ली कान्छीलाई झुक्याएर लाहुर्नी कान्छीसंग लहसिन्छ र आखिर आगाको नजिक नौनी राखेपछि किन पग्लदैनथ्यो ? आफ्नो उत्तेजना लाई रोक्न सकेन सहवासमा भाग लिएरै छाड्यो । यसैको फलस्वरुप लसपस र उठबस दुवैको शुरुवात भयो । हुन त यो उपन्यास मनोवैज्ञानिक उपन्यास होइन, तैपनि उपन्यासकारले यी र यस्तै घटना घटाएर उपन्यासको विषयबस्तुलाई अगाडि बढाउनुमा केही मनौवैज्ञानिक तुक छ भन्न सकिन्छ । त्यसैले यस उपन्यासमा उपन्यासकार बिनोदप्रसाद धितालले सामाजिक यथार्थ संगै केही प्रगतिवादी सोच र झिनो मात्रामा मनोविज्ञानलाई भिऱ्याएर पात्रहरूको मनोविश्लेषण गरेको छन् भन्न सकिन्छ ।

## ३.९ विनोदप्रसाद धितालको साहित्यिक यात्रा

उनको पहिलो पुस्तकार कृति 'राधामिलन' खण्डकाव्य हो । वि.सं. २०१३ सालमा प्रकाशित यो कृति महाभारतलाई उपजीव्य ग्रन्थका रुपमा लिएर तयार पारिएको पाइन्छ । त्यसपछि वि.सं. २०२३ मा विष्णुगुप्त चाणक्य (अनूदित उपन्यास) प्रकाशित भयो । यसपछि उनको लेखनकलाले स्तरीयता हासिल गर्दै गएर वि.सं. २०२८ मा ' उज्यालो हुनु अघि' आञ्चलिक उपन्यास प्रकाशित भयो । पश्चिम नेपालका गोरखा र लम्जुङ्ग जिल्लाको प्राकृतिक, सांस्कृतिक, सामाजिक र भौगोलिक सेरोफेरोमा हुर्केको यो उपन्यासलाई उच्चस्तरीय सामाजिक यथार्थवादी उपन्यासका रुपमा लिएको छ । फेरि २०४० मा अनूदित पद्यात्मक महाकाव्य 'डिभाइन कमेडी' प्रकाशित भएको थियो । पश्चिमका प्रशिद्ध साहित्यकार दँतेको कृतिलाई अनूवाद गरेपछि २०५२ मा पुग्दा हिन्दुमार्गीहरूको सम्मानित र विराट महाकाव्य महाभातरको पूर्वकथालाई आधार मानेर रचना गरिएको योजनगधा प्रकाशित भयो । फेरि २०५८ मा आफ्नो जीवन कालका विभिन्न समयमा घटेका घटना र स्परणहरूलाई समेटेर तयार पारिएका कविताहरूको संगालो 'अस्ताउन लागेको चन्द्रमासँग' कवितासंग्रह प्रकाशित भयो । यी पुस्तकाकार

कृतिहरू पछि केही फुटकर रचनाहरू पत्र-पत्रिकाहरूमा देखिएता पनि अन्य चर्चित कृतिहरू भने प्रकाशित भएनन् । उनको साहित्यलाई बुझ्न चरणगत रुपमा हेर्दा निम्न दुई चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

क) आरम्भ चरण

ख) विकास उत्कर्ष चरण

**क) आरम्भ चरण**

यस चरणमा उनको लेखनको थालनीदेखि लिएर २०२८ को 'उज्यालो हुनु अघि' भन्दा अगाडिको अवस्थालाई लिन सकिन्छ । सुरुमा माध्यमिक कक्षा पढ्दादेखि नै दिदी चन्द्र कुमारी लगाएत घरका सदस्यहरूको प्रेरणाबाट लेखिएका फुटकर रचनाहरूले त्यति स्थान पाउन नसके तापनि २०१३ को राधामिलन खण्डकाव्य र २०२३ मा प्रकाशित 'विष्णु गुप्त चरणक्य' (अनूदित) उपन्यास परिष्कारवादी सोच तथा पौराणिक र ऐतिहासिक विषयवस्तुसँग सम्बन्धित रहेको पाइन्छ । पहिले चरणमा प्रकाशित भएका मुख्य यी दुई कृतिका आधारमा हेर्दा धितालको काव्यकारिता र औपन्यासिकता त्यति छचल्किएको पाइदैन । पात्र विन्यास र भाष शैलीको दृष्टिले पनि उत्कृष्ट छैनन । राधामिलन खण्डकाव्यमा महाभारतीय कथावस्तुलाई पद्यात्मक जलप दिएर कृष्ण र राधाको प्रेमलाई उजागर गर्न खोजिएको छ, तर आधुनिक खण्डकाव्यमा हुनुपर्ने परिवेश चित्रण कथा विन्यास र पात्रहरूको भाषालाई व्यक्ति अनुकूल र परिवेश अनुकूल मिलाएको पाइदैन । त्यस्तै गरी 'विष्णुगुप्त चाणक्य' अनूदित उपन्यास हुँदाहुँदै पनि हिन्दीमा लेखिएको मूल ग्रन्थसँग खासै मेल खाँदैन । त्यसैले उनको यस उपन्यासलाई भावानुवाद गरिएको उपन्यस भन्न मिल्छ । आधुनिक उपन्यासमा हुनुपर्ने अंगहरू कथानकको व्यवस्थापन, पात्र विन्यास, परिवेश चित्रण र वाक्य गठन समेत राम्ररी मिल्न नसकेको हुँदा उनको प्रारम्भिक चरणका कृतिहरूलाई सिकारु चरण वा लेखनमा परिपक्वता नआइसकेको चरणका रुपमा लिन सकिन्छ ।

**ख) विकास उत्कर्ष चरण**

यो चरणलाई साहित्यकार धिताल विकास तथा उत्कर्षको चरणका रुपमा लिन सकिन्छ । वि.सं. २०२८ मा प्रकाशित 'उज्यालो हुनु अघि' प्रकाशनसँगै उनी आफूभित्र

रहेको सामाजिक यथार्थवादी चिन्तन मुखरित भएको पाइन्छ । आफू हुर्केबढेको गोरखाको खरीबोट, भञ्ज्याङ्ग र वरिपरिका क्षेत्रको घटनालाई समेटेर तयार पारिएको यो उपन्यासमा सामाजिक विकृति, शोषण र जातीय तथा वर्ग विभाजनलाई प्रगतिशील शैलीमा उजागर गरिएको छ । यसपछि २०४० मा प्रकाशित पश्चिमका परिष्कारवादी महान दार्शनिक तथा कवि दाँतेको डिभाइन कमेडी लाई नेपाली भाषामा अनूवाद गरेर साहित्यकार विनोद प्रसाद धितालले आफ्नो लेखनलाई अझै उचाइमा पुऱ्याए । पश्चिमी संस्कृति, समाज र परिवेशलाई नेपाली शैलीमा रुपान्तरण गरेर यहाँ पाठकलाई यूगीन सन्देश दिनुका साथै सामाजिक परिवर्तनको संवाहकका रुपमा यस कृतिलाई स्थापित गरे । आफ्नो लेखनलाई अझै उत्कर्षतिर लैजाने क्रममा २०५२ प्रकाशित भएको उनको उत्कृष्ट र चर्चित कृति 'योजन गन्धा' (पौराणिक उपन्यास) हो । जुन कृतिले मदन पुरस्कार समेत प्राप्त गऱ्यो । महाभारत कालीन समाज र त्यस समयको संस्कृतिको जीवन चित्रण गरिएको यो उपन्यासले भातृसत्तात्मक समाज, महाभारत कालीन संस्कृति, शिक्षा र तत्कालिन सत्यवादी परम्परा अनुरुप समाज विकास गर्न सकेमा देश र सभ्यताको छिटो विकास हुने सन्दर्भलाई विभिन्न घटनाको सँगालोको समाविष्टगत प्रस्तुती भएको कविता संग्रह "अस्ताउन लागेको चन्द्रमासँग" मा जीवनको उत्तरार्धमा अनुभूति र सामाजिक रुपान्तरणका आवाजहरू उजागर भएका छन् । तसर्थ धितालको साहित्यिक यात्रा सुरुका दिनमा केही कच्चा र तत्वगत रुपले केही कमजोर देखिए तापनि उत्तरार्ध वा दोस्रो चरणमा पुग्दा परिपक्वता, प्रगतिशीलता, स्तरीयता र समकालीन समाजको यथार्थ प्रस्तुति पाउन सकिन्छ ।

## ३.१० औपन्यासिक प्रवृत्ति

उपन्यासकार धितालका तीन उपन्यासहरू मध्ये "विष्णु गुप्त चाणक्य" अनूदित उपन्यास हो भने 'उज्यालो हुनु अघि' र योजन गन्धा मौलिक उपन्यासहरू हुन् । यी तीनवटा उपन्यासहरू मध्ये 'उज्यालो हुन अघि' अपन्यास उनको लेखन मध्य अर्थात दोस्रो चरणको सुरुवातसँगै भएको पाइन्छ । जसबेला आफू जागिरे जीवनमा रहदा नेपालका गाउँ बेसी, पहाड कन्दरा घुम्ने र त्यस भेगका बासिन्दाहरूको वास्तविक जीवन शैलीलाई अँगिकार गर्ने समय थियो । त्यस्तै 'योजनगन्धा' को लेखनकाल आफ्नो व्यस्त जागिर जीवनको उपरार्धतिर आइसकेको समय थियो । त्यसैले उनका औपन्यासिक

प्रकृतिलाई केलाउँदा पश्चिमका नवपरिष्कारवादी साहित्य र मार्क्सवादी  साहित्यको प्रभाव परेको पाइन्छ । अनूदित कृति विष्णु गुप्त चाणक्य”मा भने एतिहासिक यथार्थवादको झल्को भेट्न सकिन्छ । त्यसैले उनको विश्लेषित उपन्यास उज्यालो हुनुअघि लाई प्रमुख आधार वनाएर अन्य दुई उपन्यासको लेखनलाई समेत नजर लगाउँदा उपन्यासकार विनोद प्रसाद धितालका औपन्यासिक प्रकृतिलई निन्नानुसार आँकलन गर्न सकिन्छ ।

क) वर्गीय समाजको जीवन पद्धति र सोचहरू समेत वर्गीय हुन्छन् भन्नेकुरा प्रस्ट्याउनु ।

ख) शोषण र शोषित दुवैलाई समन्यव नगरुन्जेलसम्म शोषितहरूको जीवन नाटकीय नै हुन्छ भन्ने तर्क राख्नु ।

ग) सरकारी नूनपानी खाएपनि आफ्नो स्वार्थ पूर्ति गर्न शोषकहरू कै पृष्ठपोषक हुन्छन् भन्ने कुरा स्वीकृत गर्नु ।

घ) ऐतिहासिक यथार्थवाद र सामाजिक यथार्थवादमा आधारित रहेर लेखनलाई अगाडि बढाए तापनि पात्रहरूको क्रियाकलापमा मनोविज्ञान मिसाउनु ।

ङ) सरल, सहज र विभिन्न ग्राम्य शब्दका साथै पात्र अनुरुप संवाद गराउने क्रममा संस्कृतका तत्सम् शब्दहरूको प्रयोग गर्नु ।

च) परिवेश चित्रणका क्रममा ग्रामीण प्रकृतिको चित्रण बुझ्दो शैलीमा गर्नु ।

छ) उच्च वर्गका पात्रहरू भन्दा मध्यम वर्गीय पात्रहरूको प्रयोग गरेर उपन्यासलाई आकर्षक र यथार्थ परक बनाउनु आदि जस्ता प्रवृत्तिहरू नै धितालको औपन्यासिक प्रवृत्तिभित्र पर्दछन् ।

## ३.११ निष्कर्ष:

यस अध्यायमा उपन्यासकार धितालको उपन्यास उज्यालो हुनु अघिलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । धार्मिक परिवेशको पारिवारिक संरचना र ब्राहमण परिवारमा जन्मेर हुर्केता पनि जीवनमा केही गर्नुपर्छ भन्ने उमेरमा आइपुग्दा आफूसँग रहेको प्रगतिशील चिन्तनलाई उपन्यासकार धितालले यस उपन्यासमा खन्याएका छन् । वि.सं. २०२१ ताका राणा महेन्द्रले तय गरेको नयाँ मुलुकी ऐन, त्यसले गाउँघरमा पलाएको एक प्रकारको आशा, अन्तर जातीय द्वन्द्व, शोषकहरूको गाउँघरमा देखिने

विगविगी, अन्तर जातीय प्रेमकता, भूमिसुधारको हल्का आञ्चालिक शैलीको परिवेश चित्रण जस्ता विषयवस्तु मिसाइएको यो उपन्यासले धितालालाई सामाजिक अथार्थवादी उपनयासकारका रुपमा चिनाएको छ ।

पात्रहरूको चयन कम भएता पनि खाँदिलो विषयवस्तु भित्र जीवन पात्रहरू खडा गरेका उपन्यासको कथानक अगाडि बढाइएको छ । हालसम्म पनि खरीबोट भञ्ज्याङको आसपासमा घना वस्तीमा बसोबास गर्ने रम्तेलहरू, सार्की र स्थानीय गाउँमा साहुमहाजनको कमारा कमारी बसेर जीवन गुजार गर्ने धर्तीहरू स्थानीय सामान्तहरूको प्रतिनिधि गोपे ढकाल लगाएतका पात्रहरू जीवन्त छन् । यी पात्रहरूको माध्यमबाट चोखो प्रेम, ग्रामीण जीवनको यथार्थ वस्तुस्थिती, शोषक र शोषितहरूको वास्तविकता, स्थानीय प्राकृतिक सुन्दारताको चित्रण, भूमिसुधार र मुलुकी ऐनको दुहाई दिएका जनता ठग्ने सरकारी कर्मचारीहरू ........ आदिका यथार्थ क्रियाकलापलाई प्रयोग गरेर उपन्यास सफलतातिर अगाडि बढेको छ । भाषिक दृष्टिले यो उपन्यास अत्यन्त सरल छ । प्रायः बोलीचालीको भाषामा गोरखाली भाषिकाका संकेत प्रशस्त भेटिन्छ भने थेगो, उखान तुक्का र झर्रा शब्दहरूको प्रयोगले उपन्यासलाई जीवन्त तुल्याएको छ । आयामका दृष्टिले हेर्दा २८ परिच्छेद र २२१ पृष्ठमा लेखिएको यो उपनयास उपन्यासकार धितालले आफ्नो बाल्यकालको स्मृतिलाई ताजा बनाउने उद्देश्य र आफू जन्मेको खरीबोट गाउँ अर्थात खरीबोट गा.वि.स.को गोरखा जिल्लाको उत्तरी भेक सामाजिक, संस्कृतिक र प्रकृतिक परिवेशभित्र रहेर स्थानीय अनूभूति पस्कने कार्य भएको उपन्यासको कद पनि मझौला खालको छ । त्यस्तै अपन्यासको केन्द्रिय कथ्य खरीबोट भञ्ज्याङ्ग र आसपासका धनी, गरिव, ठूलो जाति सानाजाती, बलियो-निर्धो बीचको असमानता देखाउन र उपल्लो जात र तल्लो जातका बीचमा देखा परेको खाडलले समाजमा पुऱ्याउने असरलाई उजागर गर्नु हो । त्यस्तै गरी समाजका अशिक्षित र तल्लो जातका मानिसलाई शिक्षित र उपल्लो जातका भनिने व्यक्तिहरूको अत्याचारबाट मुक्त गर्न अनिवार्य शर्त हो भन्ने मान्यता पनि उपनयासको केन्द्रीय काब्यभित्र पर्दछ ।

यो उपन्यास मनोवज्ञानिक उपन्यास नभए तापनि सामाजिक यथार्थभित्रबाट पात्रहरूको मनोविश्लेषण गर्दै कथानकको विषयवस्तु र शीर्षकहरूलाई समेत समायोजन गरेर सार्थकता सम्म पुऱ्याउने कार्य भएको छ ।

# चौथो परिच्छेद

## सैद्धान्तिक तत्त्वको आधारमा 'उज्यालो हुनु अघि' उपन्यासको विश्लेषण

### ४.१. परिचय

'उपन्यास' संस्कृतको तत्सम शब्द हो । संस्कृतमा उपन्यास शब्दको प्रयोग यूक्तिपूर्ण प्रस्तुतीकरणका अर्थमा गरिएको पाइन्छ । यो विधा आज मानव जीवन र समाजले आत्मसात गर्न सक्ने साहित्यिक विधाका रुपमा स्थापित भइसकेको छ । यो अंग्रेजी शव्द. **'Novel'** को नेपाली रुपान्तरण हो ।[16] जसरी जीवनको भोगाइमा विभिन्न आरोह अवरोह, सुख-दु.ख आदि पक्षको सामना गरिन्छ, त्यसैगरी उपन्यासमा जीवनका विविध पक्षलाई कलात्मक ढंगमा रोचकता प्रदान गरी आख्यानात्मक स्वरुप प्रदान गरिएको हुन्छ । साहित्यको विकासको प्रारम्भिक कालमा पाठकको मन जित्न महाकाव्य विधाले सफलता पाएको थियो भने आधुनिक युगमा महाकाव्यको ठाउंमा उपन्यासले स्थान पाउंदै आएको छ । यसरी उपन्यास बढी संम्प्रेष्य र लोकप्रिय हुनुमा उचित कथानक, सान्दर्भिक विषयवस्तु, अनुकूल पात्र, पर्यावरण र भाषाशैलीमा सरलता जस्ता विशेषताहरूको पूर्ण रुपमा प्रयोग गरी रचना हुनुले नै बढी भूमिका निर्वाह गरेको पाइन्छ । उपन्यास भित्र सिङ्गो समाजको वास्तविकता अटाइएको हुन्छ र व्यापक परिवेशलाई पनि समेटिएको हुन्छ । हरेक स्रष्टाले उपन्यास सिर्जनाको निम्ति हामी बाँचेकै समाजबाट कच्चा पदार्थका रुपमा कथावस्तुलाई लिइएको हुन्छ । यसका साथै स्रष्टाको रचना कौशल समेत उपन्यासमा मिसिएको हुन्छ । हरेक मानिसको जीवन गतिशील भए जस्तै उपन्यासमा पनि जीवन कै प्रवृत्ति प्रस्तुत हुने भएको हुनाले यसको प्रस्तुति विविधता देखिनु नौलो कुरा होइन । यस्तै गरी विध्वंसकालिन घटनालाई श्रृंखलामा ढाल्नु असम्भवहरूलाई सम्भव बनाउनु, क्रम नमिलेका विषयबस्तुलाई क्रमिकतामा ल्याउनु, अनिच्छित जीवनका क्षणलाई इच्छित बनाउनु जस्ता कार्यमा आधुनिक महाकाव्य अर्थात

[16] s[i)fxl/ a/fn / g]q P^d, pkGof; l;$fGt / g]kfnL pkGof; bf]; \f] ;+:s/)f sf&df*f}¤ ;femf k\ sfzg, 2058, k[i& 19

उपन्यासको विशेषता नै हो ।[17] जीवनको भोगाइको क्रममा विभिन्न किसिमका सकारात्मक र नकारात्मक अर्थात प्रतिविम्बित सस्मृतिको अवस्थासँग जुध्नुपर्ने हुन्छ । यो वास्तविकता र यर्थाथता पनि हो । यसरी हेर्दा उपन्यासको वास्तविक धरातल मानव जीवन र जगत्का वाह्य संसारको पक्षमा मात्र नरही पात्रहरूको आन्तरिक मनोलोकका यथार्थ र तथ्यपूर्ण चित्रणमा पनि अडिएको हुन्छ । उपन्यास रचनाको क्रमका रचनाकारहरूले फरक-फरक विषयवस्तु, शैली र धारालाई पछ्याउदै आएका छन् भने त्यसले उपन्यासहरूको प्रवृत्तिमा पनि विषेशता देखा पर्न थाल्यो । यसरी फरक विषयवस्तु, शैली र धारागत रुपमा देखिएको विविधतालाई चिरफार गर्ने क्रममा धारागतरुपमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

- आदर्शोन्मुख यथार्थवादी धारा
- स्वच्छन्दतावादी धारा
- सामाजिक यथार्थवादी धारा
- ऐतिहासिक यथार्थवादी धारा
- अति यथार्थवादी धारा
- आलोचनात्मक यथार्थवादी धारा
- प्रगतिवादी धारा
- प्रकृतिवादी धारा
- मनोविश्लेषणवादी धारा
- नारीवादी धारा
- विसङ्गतिवादी धारा
- अस्तित्ववादी धारा
- प्रयोगवादी धारा
- मिथकीय पौराणिक धारा

[17] P]hg k[i&, 22.

प्रस्तुत शोधपत्रको मूल प्रतिपाद्य विषय 'उज्यालो हुनु अघि' उपन्यासको विश्लेषणात्मक अध्ययन रहेको छ । धितालका उपन्यासहरू सामाजिक यथार्थवादी धारा र मिथकीय पौराणिक धारासँग सम्बन्धित छन् । हुन त 'उज्यालो हुनु अघि' उपन्यास सामाजिक यथार्थवादी धारामा आधारित उपन्यास हो, तैपनि उनको औपचारिक प्रवृतिलाई केलाउनु युक्तिसङ्गत भएको हुँदा यी दुवै धाराका बारेमा संक्षिप्त चर्चा गरिएकोछ ।

## ४.१.१. सामाजिक यथार्थवादी धारा

सामाजिक यथार्थवादमा लेखक केवल द्रष्टा मात्र हुन्छ । ऊ समाजको निरीक्षण गर्छ र समाज वा जीवनका यथार्थलाई नबिराई टिप्छ । त्यसपछि शिल्पीले झैं गरी तिनीहरूलाई राम्ररी उनेर कलामा ढाल्छ अनि कृतिलाई जीवन दिन्छ र विस्तारै छुट्टै मानिसहरूको जीवित संसारको सृष्टि गर्छ । जो वास्तविक समाजमा विचरण गर्ने, दुःख-सुख झेल्ने, लड्ने-भिड्ने र जित्ने हार्ने सबलता-दुर्बलता सहितको यथार्थ नै मनुष्य प्रतीत हुन्छ ।[18] हरेक मानिसले जन्मेदेखि मृत्युसम्म विभिन्न प्रकारका उतार-चढाव, आरोह-अवरोहलाई झेल्नु पर्ने हुन्छ । त्यसरी आउने उतार चढावहरू आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक पक्षसंग सम्वन्धित रहेका हुन्छन् । हरेक साहित्यिक स्रष्टाहरू पनि त्यही मानव समाजमा रहने हुँदा उसको जीवनमा पनि यस्तै खालका कठिनाइहरू आउने गरेका हुन्छन् ।  साहित्यक स्रष्टाहरूले आफ्ना रचनाहरूमा बढी भन्दा वढी सामाजिक यथार्थतालाई बढाइचढाई नगरी वास्तविक सत्यको उत्खनन गर्न सफल भएका हुन्छन्, तब उनीहरू यथार्थवादी साहित्यकारका रुपमा स्थापित हुन्छन् ।

अङ्ग्रेजीको रियालिजमको (Realism) नेपाली रुपान्तरणका रुपमा प्रचलनमा आएको यथार्थवादले विशेषत कारुणिक जीवनका निरीक्षणबाट प्राप्त हुने तथ्यलाई प्रकट गरेको हुन्छ । जर्मनका कवि 'हेनरी हाइने' को नेतृत्वमा सन् १८३० तिर सुरु भएको यो आन्दोलन स्वच्छन्दतावादी धाराका विरुद्धमा देखा परेको एउटा साहित्यिक आन्दोलन हो ।

---

[18] /fh]Gb| ;'j]bL g]kfnL pkGof; k/Dk/f / k|j[lQ jgf/;M e'ldsf k| sfzg 2063, k[i& 42,

फ्रान्सेली उपन्यासकार "च्याम्पफ्लरी" ले Erealisme नाम दिएर सन् १८५७ मा यथार्थवादी आन्दोलनको घोषणापत्र तयार पारेका हुन् । त्यसपछि उनका समकालीन अन्य विद्वानहरूले पनि यसै धारामा समर्पित भई आफ्नो लेखनलाई निरन्तरता प्रदान गरेको पाइन्छ । यस वादले स्वतन्त्रताको सट्टामा उत्तरदायित्वलाई जोड दिएको हुन्छ । विषयवस्तुको यथार्थलाई प्रस्तुत गर्नु, समाजशास्त्रीय दृष्टिकोण राख्नु । भौतिक सत्यमा विश्वास गर्नु, सत्य कुराको मात्र वर्णन गर्नु, आदर्श चिन्तन र वढाइचढाइको निराकरण गर्नु जस्ता प्रकृतिलाई यस वादले अंगालेको पाइन्छ । यसरी १९ औं शताब्दीको पूर्वार्धतिर सुरु भएको यथार्थवादी साहित्यिक मान्यताले उत्तरोत्तर प्रगति गर्दै अगाडि बढ्ने क्रममा विभिन्न हाँगाहरूमा (ऐतिहासिक यथार्थवाद, समाजवादी यथार्थवाद) विभाजित भयो । सामाजिक यथार्थवाद पनि यही यथार्थवादको एउटा हाँगो हो, जुन आजको अवस्थामा आइपुग्दा उपन्यास विधामा बढी प्रयोग र लोकप्रिय हुँदै आएको पाइन्छ ।

सामाजिक यथार्थवादी धाराको निमार्णमा अगस्त कोम्तेको 'भाववाद', डर्विनको विकासवादी सिद्धान्त र कर्लमार्क्सको 'द्धोन्दात्मक भौतिकवाद' समेत सहयोगी बनेका छन् ।[19] समाजभित्रका निम्न वर्गीय चरित्रको खोजी तथा स्वीकृत सत्य र कटु यथार्थलाई प्राथमिकता दिने यस धाराले वैज्ञानिक तथ्यलाई तर्कपूर्ण शैलीमा पुष्टि गर्दछ । प्रतीकात्मक, आलङ्कारिक र विशिष्ट भाषालाई महत्व नदिएर स्थानीय स्तरमा प्रयोगमा आउने बोलीचालीको भाषालाई महत्व दिंदै गाउँले स्तरका जीवनको संस्कारलाई समेत प्रस्तुत गर्दछ । यसरी पश्चिमी मुलुकबाट विकास हुँदै आएको सामाजिक यथार्थवादी धारालाई आत्मसाथ गर्ने प्रमुख उपन्यासकारहरूमा फान्सली उपन्यासकार 'गुस्ताम फ्लुवर्टका 'Madam Bovry' र 'Salammbo' बल्जाकका 'Illusions Perdues', रुसी उपन्यासकार दोस्तोएवस्कीका 'गरिब मानिसहरू' अपराध र दण्ड, टल्सटायसको 'युद्ध र शान्ति' अङ्ग्रेजी उपन्यासकार चार्ल्स डिकेन्सको 'डेभिड कपरफिल्ड' जस्ता उपन्यासकारहरू प्रमुख मानिन्छन् । पश्चिमाहरूको बीचबाट विकसित हुँदै आएको सामाजिक यथार्थवादी धाराको विकास नेपाली उपन्यासमा प्रवेश गर्ने क्रम केही पछाडि भएको मानिन्छ । विशेषत अंग्रेजी, बंगाली र हिन्दी साहित्यमा यो वादले विधिवत रुपमा २० औ शताब्दीको अन्तिम चरणमा अर्थात आधुनिककालको शुरुवातसंगै भएको

[19] k| tfkrGb| k| wfg, g]kfnL pkGof; k/Dk/f / k[i&e"ld bfh{ln M bLkk| sfzg, k[= 117 .

बुझिन्छ ।[20] नेपाली उपन्यासमा रुद्रराज पाण्डेको 'रुपमती' (१९९१), बाट आंशिक रुपमा सामाजिक यथार्थवादी उपन्यासलेखनको प्रारम्भ भएको हो । रुपमतीमा यथार्थ भन्दा अलि बढी आर्दश मिसिएको हुँदा पूर्ण रुपले सामाजिक यथार्थवाद प्रयोग भएको र यथार्थवादी चिन्तनलाई राम्ररी आत्मसात गरिएको सबैभन्दा उत्कृष्ट उपन्यास लैनसिँह बाङदेलको 'मुलुक बाहिर' (२००४) उपन्यास हो । यस उपन्यासको लेखनमा कुनै सामाजिक आदर्श वा आग्रह प्रति लेखकको झुकाव कतैपनि देखिदैंन । कामको खोजीमा आफ्नो मातृभूमिलाई छाडेर भारततिर लागेका र त्यही नै दुःख-सुख गरेर जीवन गुजारा गरेका निम्नबर्गीय श्रमजीवी नेपालीहरूको जीवन गाथामा 'मुलुक बाहिर' को कथावस्तु घुमेको छ । यसको कथावस्तु सरल मात्र नभई स्वभाविक पनि छ । प्रस्तुति सत्यतामा आधारित छ भने भाषा पनि सहज र सम्प्रेष्य छ । जुन सामाजिक यथार्थवादको विशेषता पनि हो । त्यस्तै गरी लैनसिंह बाङदेल कै 'माइत घर' अर्को सामाजिक यथार्थको चित्रण गर्न सफल उपन्यास हो । यसमा हरि र सानी नामका पूर्वी पहाड र दार्जिलिङ्गमा हुर्के बढेका एक जोडी युवा युवतीको दुःखान्त प्रेमकथा छ ।

यसैगरी पूर्वी नेपालको पहाडी परिवेशमा दुःख सुख गरी जीवन धान्दै आएको धनबहादुर बस्नेतको जीवनकथालाई आत्मसात गरी रचना गरिएको लीलबहादुर क्षेत्रीको 'बसाई' (२०१४), अर्को सामाजिक यथार्थवादी उपन्यास हो । यसमा गरिब धनवहादुरले भैसी किन्न लिएको साहुको ऋण तिर्न नसकी साहुबाट खेदिएर घरवारसमेत गुमाई मुग्लान पस्न बाध्य हुनुपरेको कारुणिक कथा छ । यस्तै शंकर कोइरालाले लेखेको 'खैरेनीघाट' (२०१९) सामाजिक यथार्थलाई आञ्चलिक आधारमा प्रस्तुत गर्न सक्षम कृति हो । उनका अन्य उपन्यासहरू 'कलाकार' (२०२३) र 'दोसाँध' (२०२७) पनि यथार्थताको चित्रण गर्न सफल उपन्यास मानिन्छन् ।

सामाजिक यथार्थवादी उपन्यास लेख्ने अर्का सशक्त उपन्यासकार धनुषचन्द्र गोतामे पनि हुन् । उनको 'घामपाइलाहरू' (२०३५) तराईको जीवनलाई यथार्थको क्यानभासमा राखेर लेखिएको चर्चित उपन्यास हो । यसैगरी उनका अन्य उपन्यासहरू पनि सामन्ती संस्कार र गाँउका ठूलाठालुले गरिबमाथि गरेको उत्पीडन र अत्याचारले दुःखपूर्ण जीवन भोग्न विवश श्रमजीवी नेपालीको यथार्थचित्रण गर्न सफल छन् । अन्य

---

[20] /fh]Gb| ;'j]bL, g]kfnL pkGof; k/Dk/f / k|j[lt, agf/;, e"ldsf k| sfzg, 2053, k[i^46.

सामाजिक यथार्थबादी उपन्यासकारहरूमा दौलतविक्रम विष्टको 'मञ्जरी' केशबराज पिंडालीको बाँच्ने एउटा जिन्दगी(२०४३), भवानी भिक्षुको आगत (२०३२), तुलसीराम कुवँरको 'रने' (२०१८) आदि पर्दछन् ।

## ४.१.२. मिथकीय धारा

'मौखिकवाणी' अर्थ हुने ग्रिसेली शब्द 'Mytous' को उत्पति भएको मानिन्छ । अङ्ग्रेजी "मिथ" मा "अक" प्रत्यय लगाई तयार पारिएको मिथक शब्दले 'Myth' को अर्थ वरण गरेको छ । आख्यानको सन्दर्भमा Myth शब्दको अर्थ कलाको क्षेत्रसँग सम्वन्धित हुन्छ भने मान्छेले भोगिरहेको कुरालाई भन्दा उसको सिर्जनालाई अभिव्यक्त गर्ने मौखिक कलाको एउटा रुप पनि हुन्छ ।[21] प्रतीकहरू जब पुराना हुन्छन्, तब स्थीर हुन्छन् ।

ऐतिहासिक आस्थाको मूल आधारका रुपमा मान्यता प्राप्त र स्वीकृत हुन्छ अनि जीवन व्यवहारमा आउने अनेक अप्ठ्याराहरूलाई फुकाउने बहुद्देश्य कारक हुन्छ, त्यसपछि त्यो मिथकका रुपमा स्थापित हुन्छ । मानव समस्यालाई सुल्झाउने र अन्तरमनको त्रासलाई मोचन गर्ने शक्ति र स्रोत नै मिथक हुन्छ तर यसले मानव अस्मिताको आधार भने भत्काएको हुँदैन । विशेषतः मिथकहरू प्रौढ, सुन्दर र उच्च अभिव्यक्तिको आधार हो, जुन जादुमय एवं अतिमानवीय भएर पनि यथार्थको निकट हुन्छ ।

मथिक शब्दको अर्थ लगाउन त्यति सजिलो छैन । सीमित शब्दको आधारमा यसको अभिप्राय खुलाउन गाह्रो पर्छ । प्रत्येक जातिका आफ्नै भाषा र संस्कृति भए जस्तै मिथक पनि फरक फरक हुन्छन् । विद्वानहरूले मिथकका लागि पुराकथा, पुराणकथा, लोककथा, धार्मिक आख्यान, देवकथा, वीरकथा जस्ता शब्दलाई पनि पर्यायवाचीका रुपमा प्रयोग गरेको पाइन्छ । वृहत् नेपाली शब्दकोषमा मनोविज्ञानका आधारमा

[21] Kj{jt\ k[ 56.

मानव समाजमा सामुहिक रुपले परम्परादेखि नै अवचेतनमा आइरहेको कुनै ग्रन्थि भनेर मिथकको अर्थ लगाएको छ ।[22]

संसारमा सर्वोत्कृष्ट ठानिएका साहित्यिक कृतिहरूमा मिथकको प्रयोग भएको हुन्छ । पहिचानका ठूला र चर्चित महाकाव्यहरू लिएर 'इलियट' र 'ओडिसी' लगायत पूर्वका रामायण र महाभारतमा प्रशस्त मिथकहरू मिसिएका छन् । हाल आएर हेर्दा नेपाली साहित्यका अनेकौ कृतिमा मिथकको प्रयोग हुँदै आएको पाइन्छ । ग्रिसेली साहित्यका प्रचलित मिथकको प्रयोग अंग्रेजी साहित्यका प्रचुर रुपमा भएको पाइन्छ । जेम्स ज्वायसको 'युलिसिस' अल्वर्ट कामुको 'द मिथ अफ सिसिफस' जस्ता महत्त्पूर्ण उपन्यासहरूमा मिथककै प्रयोग भएको पाइन्छ ।

मिथकको सम्बन्ध अतीतसँगमात्र होइन, वर्तमानसँग पनि रहेको हुन्छ । यसले मानव जीवनका परम्परागत घटनाहरूको विश्वास र वर्तमानको सांस्कृतिक मूल्य र मान्यतालाई जोडेर भविष्यको सांस्कृतिक आकांक्षा समेतलाई प्रस्तुत गरेको हुन्छ । यसले पुराना कथाहरूको माध्यमबाट नवीन अर्थको प्रतीकात्मक सौन्दर्यलाई सिर्जना गर्छ ,मानवीय जीवनसँग सम्बन्धित आन्तरिक र वाह्य पक्षको व्यापक क्षेत्रलाई प्रतिनिधित्व गर्ने सामार्थ्य देखाउँदै मानवीय कल्पनाको श्रृङ्खलाबद्ध मात्राको व्याख्यासमेत गर्दछ ।

नेपालीमा पहिलोपटक मिथकीय धाराको प्रयोग गरी रचना गरिएको उपन्यास विश्वेश्वर प्र. कोइरालाको 'सुम्निमा' (२०२७) हो । त्यसपछि यस धारालाई  विस्तार गर्ने क्रममा कोइराला कै 'मोदी आइन्' (२०३६) हिटलर र यहुदी (२०४०), मदनमणि दीक्षितको 'माधवी' (२०३९), ध्रुवचन्द्र गौतमको 'डाँपी' (२०३३), 'अग्निदत्त + अग्निदत्त' ( २०५२), राजेश्वर देवकोटाको द्वन्द्वको 'अवसान' (२०४२), दौलत विक्रम विष्टको 'ज्योति ज्योति महाज्योति' (२०४७), विनोद प्रसाद धितालको 'योजना गन्धा' (२०५२) जस्ता उपन्यासहरू पर्दछन् ।[23]

मदनमणि दीक्षितको माधवी यस धाराको सशक्त उपन्यास हो । यो उपन्यास उत्तर वैदिककालीन समाजिक र ऐतिहासिक विकासको स्थापना गर्ने काममा महाभारतको

---

[22] g]kfnL a[xt zAbsf]z,sf&df*f}¤/fhsLo k|!fk|lti&fg, .

[23] s[i)frGb|l;+x k|wfg, g]kfnL pkGof; / pkGof;sf/, t]:|f];+:s/)f, sf&df*f}M ;femf k|sfzg, 2043, k[i&, 52 .

उद्योग पर्वमा वर्णित १०६ देखि १२० अध्यायसम्मको माधवी र गालवको कथालाई नवीन ढँङ्बाट व्याख्या गरी लेखिएको उपन्यास हो । यसले महाभारत, पुराण, वेद, उपनिषद आदिमा प्रयोग भएका मिथकहरूलाई संयोजक गर्दै संस्कार, देश, शासन, धर्म आदि स्पष्ट ढँङ्गले प्रस्तुत गरको छ ।

ध्रुवचन्द्र गौतमको 'डापी'ले (२०३३) मिथकको प्रयोग गर्ने क्रममा प्रयोगवादी शैलीलाई अंगालेको छ । यसले पौराणिक समयमा हुने गरेको दानवीय बर्बरतालाई स्पष्ट रुपमा प्रस्तुत गरेको छ भने राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान (२०४२) मा महाभारतको मिथकको प्रयोग गरेर भीष्म र कर्णसँग सम्बन्धित द्वन्द्वको उजागर गरेको छ । दौलत विक्रम विष्टको 'ज्योति ज्योति महाज्योति (२०४५) मा शिवको गाथामा आधारित पौराणिक मिथकहरूको समाकालीन र यथार्थपरक पुर्नसंरचनालाई व्याख्या गरेको छ । प्रत्येक एउटा-एउटा ज्योति अन्तिममा आस्थाको महाज्योतिमा विलीन हुने अवस्थाको उल्लेख गर्दै  आलोचनात्मक ढङ्गले आफ्नो दृष्टि प्रस्तुत गरेको छ । त्यस्तै विनोदप्रसाद धितालको 'योजना गन्धा' (२०५२) ले पनि मिथकीय धारालाई नै आत्मसात गरी महाभारतको कथावस्तुको आधारमा अगाडि बढेको छ ।

## ४.२ 'उज्यालो हुनु अघि' उपन्यासको पृष्ठभूमि

"उज्यालो हुनु अघि" (२०२८) उपन्यासकार विनोदप्रसाद धितालको सामाजिक यथार्थलाई खोतल्ने कार्यमा लीलबहादुर क्षेत्रीको 'बसाइँ' उपन्यास जत्तिको सफल छ, त्यति नै पश्चिमाञ्चल क्षेत्रको सामाजिक यथार्थलाई कत्तिपनि बढाइचढाइ नगरी प्रस्तुत गर्ने सफल उपन्यास हो । श्रम गरेर र दुःखजिलो गर्दा पनि टिक्न नसक्ने सामन्ती र शोषण व्यवस्था तथा खुशीराजीले बिहे गर्न चाहे तापनि जातीय र सामाजिक संकीर्णताका आधारमा समाजले वहिष्कार गर्ने भय र अनावश्यक दण्डबाट डराएर आफ्नो मातृभूमि तथा देश नै छोड्नु पर्ने विवश नेपालीहरूको दुःखपूर्ण यथार्थलाई  यस उपन्यासले प्रस्तुत छ ।[24] यो उपन्यासमा खासगरी आर्थिक कारणले भन्दा सांस्कृतिक कारणले गर्दा युवा वर्गले देश छोड्न बाध्य हुनु परेको यथार्थलाई प्रस्तुत गरेको छ ।

---

[24] ljgf]b k| ;fb lwtfn, ¿ldsf {p"Hofnf] x"g" cl#, sf&df*f} ;femf k| sfzg 2028 k[i& s,v,u,# .

जम्मा २८ वटा परिच्छेद र १९९ पृष्ठमा संरचित 'उज्याले हुनु अघि' उपन्यास उनको मिथकीय धारामा लेखिएको 'योजना गन्धा' उपन्यास भन्दा निकै सानो आकारको भए तापनि यस उपन्यासको आन्तरिक संरचना पुष्ट र कथानक सम्प्रेष्य छ । उपन्यासको खास कथानकले गोरखा जिल्लाको उत्तरी भेगमा पर्ने कुनै क्षेत्र विशेषको भञ्ज्याङ गाउँ र त्यस वरपर पर्ने तत्कालीन जनजीवनको यथार्थ चित्रण गरेको पाइन्छ । विशेषत उपन्यासको छैटौ परिच्छेदसम्म तत्कालीन नयाँ मुलुकको ऐन र भूमिसुधारका बारेमा कथानक अगाडि बढेको भए तापनि मुख्य कथानक भने लाहुर्नी कान्छी र नेप्टे घर्तीको प्रेम प्रसंग नै रहेको पाइन्छ ।

यस उपन्यासकी 'लाहुर्नी कान्छी' एक निम्न जातकी विवाहिता आइमाई हो । उसको श्रीमान् आसामको कुनै चिया वगानमा पाले भएर काम गर्दथ्यो । जुनसुकै व्यक्ति पनि उसको खाइलाग्दो र चट्ट परेको शरीर देखेर लोभिन्थ्यो । धेरै जसो समय ऊ आसाममा नै बस्ने भएकोले लाहुर्नी कान्छीलाई पनि आसाममा नै लगेको थियो । दाम्पत्य जीवन सुखसँग नै बितिरहेको थियो । दुर्भाग्यको कुरा साउन महिनामा लाहुर्नी कान्छीको श्रीमान् एकै रातमा एक्कासी लागेको बिमारले अचानक मर्‍यो । जुन समयमा लाहुर्नी कान्छी गर्भवती थिई । लाहुर्नी कान्छीले आफ्नो जीवनमा लागेको गहिरो मानसिक चोटलाई धैर्यको सहायताले सम्हाली । केही समय लोग्नेको साथीसँग आसाममा नै बसी । समयको गतिसँगै लोग्ने विछोडको घाउ मत्थारिलो भयो । दशैं आयो, लाहुरेको साथीले आफू दशैंमा घर आउँदा लाहुर्नी कान्छीलाई उसको माइतघरमा ल्याएर छोडिदियो । लाहुर्नी कान्छीको बच्चा जन्मने दिनपनि बिस्तारै नजिकिदै गयो । उसले आफ्नो माइती घरमा नै छोरो जन्माइ । "जो होचो उसकै मुखमा घोचो" भनेझै श्रीमानको मृत्यु भएपछि छोराको मुखहेरेर बस्ने आँट गरेकी लाहर्नी कान्छीको छोरो न्वारन सिद्धिएको केही दिनमा नै मर्‍यो । छोराको पनि मृत्यु भएको कारणले लाहुर्नी कान्छी आफ्नो जीवन आफैंलाई भारी भएको महशुस गरी आफैंलाई धिक्कार्छे दुःखी हुँदै जान्छे । उसको मन दुःखित हुँदै गए तापनि आसामबाट ल्याएको धन साथै हातमा चाँदीको खदुवा बाला, घाटीमा पटनाको माला जस्ता केही मूल्यवान गरगहना पनि थिए । लाहुर्नी कान्छीसँग भएको धनका कारणले विधवा भएपनि कुन्छा र गोरखा देखिका सार्की युवकहरू ऊसँग विहे गर्न भनी कुरा चलाउँथे तर लाहुर्नी कान्छीले कसैसँग सहमति जनाउँदैनथी ।

माइती घरमा बसेकी लाहुर्नी कान्छी आफ्नो बैरागिएको मनलाई शान्त पार्न केही समय आफ्नो माइतीघर विचौरबाट आफ्नी दिदीको घर छापस्वाँरामा आउँछे । दिदीको घरमा सुख दुःखका कुरा गर्दै बसेकी लाहुर्नी कान्छी र उसकी दिदी रम्तेल्नी कान्छी चुत्रो टिप्न भनी घरदेखि टाढाको जङ्गलमा गएका हुन्छन् । यसै बेला सँयोगवस घाँस काट्न वनमा गएको नेप्टे घर्ती (ठूले) सँग उनीहरूको भेट हुन्छ । एक आपसमा अलि-अलि गफ गर्छन् । नेप्टेले चुत्रो टिप्न सघाउँछ भने घाँस काट्न र बटुल्न रम्तेल्नीका दिदीबहिनीले सघाउँछन् । यसै क्रममा विधवा र सर्किनी भए पनि च्याट्ट मिलेको शरीर र आर्कषक रुप भएकी लाहुर्नी कान्छीलाई देखेर वैशालु युवक नेप्टे घर्ती ऊ प्रति आकर्षित हुन्छ । फलस्वरुप एकै दिनको कुराकानी र कामको साटासाटले उनीहरूको प्रेम गहिरिदै गएर उत्कर्षतिर पुगेको हुन्छ । एकातिर उनीहरूको प्रेम गहिरिदै जानु र जँगलबाट घर फर्किदा रात पनि छिप्पिदै जानुले ती दुईको प्रेम झन् गाढा हुन्छ । उनीहरू शारीरिक सम्बन्ध समेत राख्न पुग्छन् । शारीरिक सम्बन्ध पछिका केही दिनहरू आ-आफ्नै घरमा सामान्य रुपले बिताउँछन् भने उता लाहुर्नी कान्छी गर्भवती भएको कुरा विस्तारै थाहा हुन्छ । रुढीग्रस्त समाजले ठूले घर्तीसँगको गर्भलाई तथाकथित कागजी ऐनले जातीयताको ( छुवाछुतकों) सम्बन्धमा छुटकारा दिने ब्यवस्था गरेको भए तापनि छुटकारा नदिने कुरालाई मनन गरी उक्त गर्भलाई लाहुर्नी कान्छी विभिन्न औषधी खाएर पतन गराउँछे । यता फेरि लाहुर्नी कान्छी र नेप्टे घर्तीको बारेमा गाउँ, टोल मेलापात, पधेंरो जस्ता ठाउँमा जोसुकै पनि उनीहरूकै बारेमा टीकाटिप्पणी गरिरहेका हुन्छन् । विस्तारै चारैतिर हल्ला फैलन्छ । अब लाहुर्नी कान्छीको मनमा पनि विभिन्न कुराको तर्कवितर्क उठ्न थाल्छ । ऊ नेप्टे घर्तीलाई छोडेर एक्लै बस्न नसक्ने निर्णयमा पुग्छे । नेप्टे घर्तीले पनि केवल वासनात्मक प्रेम गरेको थिइन्, आत्मिक प्रेमको कारण तिनीहरू दुबैले मुलुकी ऐनको सहारा लिएर विहे गर्ने निर्णय लिन्छन् र विवाह पनि गर्दछन् ।

सामान्ती संस्कारबाट गुज्रिएको समाज रुढीग्रस्त छ । नेप्टे घर्तीका बाबुआमाले पनि पुरानै परम्परागत सोचाइ अनुसार व्यवहार गर्छन् । विवाह त मुलुकी ऐनको सहयोग लिएर गरे, तर समाजले स्वीकार गरेन, अब के गर्ने ? कहाँ जाने ? भन्ने चिन्ताले दुवैलाई पिरोल्न थाल्छ । विवाह गरेको केही दिन नेप्टे घर्ती र लाहुर्नी कान्छी दिदीकै घरमा बस्छन् । नगर्नु विहे गरेपछि संघर्ष गरेर नै गाउँमै बस्नु पर्छ भन्ने अठोट गर्छन्,

तर गाउँको परिस्थिति उनीहरूले सोचे जस्तो हुँदैन । नेप्टेलाई घर्ती सार्की भनेर खिस्याउन थाल्छन् । घरभित्र बसेर गफगाफ गर्नु पर्ने ठाउँमा नेप्टेलाई गाउँलेले बोलाउन छोड्छन् । मेलापातमा खाजाभुजा पनि बाहिर नै ल्याएर दिन थाल्छन् । आमाबाबुले पनि घरभित्र जान दिंदैनन् र मरे समान ठान्छन् । अब उनीहरूको मनले कुनै हालतमा पनि गाउँमा बस्न नसक्ने निर्णय गर्न थाल्छन् । आसाम जानुभन्दा अर्को नयाँ विकल्प देखा पर्दैन । यसै क्रममा रम्तेल कान्छाले नेप्टे, लाहुर्नी कान्छी र रम्तेली कान्छीलाई समेत साथमा राखेर नेप्टे र लाहुर्नी कान्छीलाई गाउँमै बस्ने, प्रौढ कक्षा पढ्ने र आफूजस्तै अप्ठ्यारोमा परेर जीवन बिताउन बाध्य भएका युवा-युवतीलाई अन्तरजातीय विवाह गर्न सल्लाह दिने र चुनावमा प्रधानपञ्चमा उठ्ने सल्लाह दिन्छ । रम्तेल कान्छाको यो सल्लाह प्रति लाहुर्नी कान्छी र नेप्टेको मनले विश्वास गर्दैन । उनीहरू आसाममा नै गएर शिक्षित हुने, प्रशस्त धन कमाउने र फेरि गाउँमा फर्केर गाउँको सेवा गर्ने आशय प्रकट गर्दछन् । जति सम्झाएपनि नेप्टे घर्ती झन् चर्को स्वरले भन्छ- “भन्नुभाको यही ठाम् यिनै जोरीपारीका अगाडि मान्छे भएर नआएर के मुग्लानमा मर्थे नि, छिः” यसरी उनीहरूको आसाम जाने दृढ निश्चयलाई रोक्न नसकिने र रोकेर पनि उनीहरूको दाम्पत्य जीवन सुखमय हुन नसक्ने ठानी रम्तेल कान्छाले उज्यालो नहुँदै बुधसिंङटार काट्ने सल्लाह दिन्छन् । त्यस्तै गरी लाहुर्नी कान्छी र नेप्टे घर्ती उज्यालो नहुँदै बुधसिंङटार काट्छन् । यसरी समाजमा विद्यमान रहेको रुढी ग्रस्तताले उनीहरूलाई वाध्यतावश रातारात गाउँ छोडी आसामतिरको यात्रामा लाग्न विवश बनाउँछ ।

वस्तुत : उपन्यासमा एकातिर रुढिवादी विचारले ग्रस्त  समाजमा लाहुर्नी कान्छी र नेप्टे घर्ती (ठूले) को अन्तरजातीय विवाह र विवाह पछि उनीहरू प्रति समाजबाट भएका वहिष्कार जन्य क्रियाकलापलाई देखाइएको छ भने अर्कोतिर नेपालको पहाडी धरातलमा बसोबास गर्ने धेरै जसो गाउँलेहरूको आर्थिक समस्यालाई पनि स्पष्टसँग उतारिएको छ । उपन्यासमा दुई वर्ग (हुनेखाने र हुँदा खाने) अर्थात् धनी र गरिबबीचको आन्तरिक तथा वाह्य द्वन्द्वलाई राम्ररी देखाइएको छ । त्यस्तै गरी समाजमा देखा पर्ने तथाकथित उपल्लो जात र तल्लो जातबिचको खाडल देखाउँदै उपल्लो जातका भनिनेहरूले तल्लो जातकाहरूलाई गर्ने व्यबहार प्रतिको द्वन्द्वलाई समेत बुझिने गरी देखाइएको छ । गाउँका गरिब जनताहरू ज्यादै सोझा र परिश्रमी हुन्छन् । जसले चौबिसै

घण्टा काम गरेर पनि एक पेट सुखसित ढिंडो, रोटी सम्म पनि खान पाएको हुँदैनन् । गाउँका मुखिया  र साहुँबाट पाल्न दिइएको बस्तुभाउ हराउँदा, मर्दा पनि उल्टै साहु र मुखियाबाट तिराउने वा जरिवाना गराउने काम हुन्छ । तिनीहरू जहिले पनि गरिबलाई नै बेइमानी र विश्वासघातीको संज्ञा दिन्छन् । उपन्यासमा रम्तेलनी कान्छीले यस्तै विवशताको शिकार बन्नु परेकोछ । अधियाँ पालेको बाखा हराउँदा मुखियाले विश्वास नगर्नाले रम्तेल्नी कान्छीको मन छिया-छिया भएको छ । मरी-मरी परिश्रम गर्दा पनि सन्तोषसँग खान नपाउने गरिबको दिनदशाको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ । त्यस्तै मुलुकी ऐन लागु भइसकेपछि निम्न वर्गले मोहीयानी हकको कुरा गर्दा आफूलाई जान्ने बुझ्ने भनाउँदा गाउँका गोपे ढकाल जस्ता फटाहा र शोषकले निम्न वर्गप्रति वास्तविक कुरा नगरी उल्टै घोचपेच र वास्तविक कुरालाई खिल्ली उडाएर आत्मग्लानी गराउने कुरालाई पनि यथार्थको धरातलमा उभिएर चित्रण गर्ने कार्य भएको छ । खरदारको मुखबाट बारम्बार “श्री ५ महाराजधिराजको सदिच्छा सफलीभूत पार्नु हामी सबैको कर्तव्य हो ।” भन्ने तर उल्टै आफू मोजमस्ती र भोग विलासमा दिन बिताउने, आफ्नै दायित्व र कर्तव्यलाई लथालिङ्ग र भताभुङ्ग बनाएर छोड्ने त्यस बेलाका प्रशासनिक कर्मचारीको चरित्र देखिन्छ । यस्ता स्वार्थी प्रवृत्तिको प्रशासकहरूले कसरी दुःखी र निमुखाको जगेर्ना गर्छन् ।

यस उपन्यासमा उपन्यासकार विनोद प्रसाद धितालले वि.स २०२८ अगाडि जुन बेला नेपालमा पहिलो पटक स्थापना हुन खोजेको बहुदलीय प्रजातन्त्रको घाँटी निमोठेर राजा महेन्द्रले मुट्ठिभर ठूलाबडाबाट शासन चलाइने पञ्चायती व्यवस्थाको शुरुवातदेखि बिस्तारै जरा गाड्न थालेको यस सामन्ती व्यवस्थाको पारम्भिक काललाई चर्चाको विषय बनाएका छन् । समाजका माथिल्लो वर्गले तल्लो वर्गलाई गर्ने शोषण, भूमिसुधार व्यवस्था र मुलुकी ऐनले नेपाली गाउँघरमा ल्याएको कागजी हल्ला र त्यसको दुरुपयोग साथै प्रशासन संयन्त्रले निम्न वर्ग (दलित जनजाति) लाई गर्ने पक्षपाती व्यवहारको चित्रण ज्यादै यथार्थ र रोचक ढंगले यस उपन्यासमा गरिएको छ ।

## ४.३ ‘उज्यालो हुनु अघि’ उपन्यासको कथासार

प्रस्तुत उपन्यासको कथावस्तु हाल नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल भित्रको पहाडी जिल्ला गोरखा जिल्लाको क्षेत्र नं. २ खरीबोट गा.वि.स. भित्रको भञ्ज्याङ गाउँ र यसैको सेरोफेरोमा घुमेको छ । यसै गाउँमा दुःखजेलो गरी बसेकी रम्तेल्नी कान्छीले मुखिनी कान्छीबाट अधियाँ पाल्न लिएको बाख्रो हराएको प्रसङ्गबाट कथावस्तु सुरु भएको छ । नेप्टे घर्ती चोया काड्न बनमा गएको बेला हराएको बाख्राले रम्तेल्नी कान्छीलाई चिन्तित बनाउछ । उता मुखिनी कान्छी रम्तेल्नीलाई बाख्रो हराएकोमा सङ्काको दृष्टिले हेर्छे । साँझ पर्ने बेलासम्म चोया काटेर घर नफर्केको रम्तेलका बारेमा चिन्तित भएकी रम्तेल्नीले भोलिपल्ट मक्रती बूढाले चोया काट्न गएका सबैलाई पल्ला गाउँका गुरुङ्गहरूले समातेर पञ्चायतमा थुनेको कुरा बताउँदा झन् चिन्तित हुन्छे । गाउँमा पञ्चायती व्यवस्थाले विभिन्न सुधारका काम गर्ने भन्ने बारेमा जान्ने उत्सुकता राख्दै गाउँका ठूलाबडासंग सोध्छे । यसै क्रममा सादुकान्छा र सापकोटाले सयकडा दश भन्दा बढी व्याज गरिबसंग लिएका छन्, भने मोहियानी हक कटाएर साहुबाट जमीन छुट्याएर लिने, चोके, नुने र ढीके व्याजमा ऋण खोज्न जान नपर्ने, अधियाँ ठेक्कामा धेरै वर्षसम्म कमाएको जग्गामा मोहीयानी हक लाग्ने जस्ता कुरा सुन्दा गाउँका गरिब दलितहरू र नेप्टे घर्ती खुसी हुन्छन् । यसै क्रममा गाउँमा भूमिसुधार लागू गराई पञ्चायती व्यवस्थालाई सफल बनाउने श्री ५ को सरकारको सदिच्छा साकार पार्दै शोषणरहित समाजको निर्माण गर्नु हामी सबैको कर्तव्य हो, भन्दै हिड्ने गरेका भूमि सुधारका खरिदार गाउँमा पठाइन्छन् । खरिदारले गाउँ पञ्चायतका सदस्यहरू, मुखिया, जिम्मुवाल, द्वारे जस्ता गाउँका ठूलाठालुलाई जम्मा गरेर सरकारी नीतिका बारेमा जानकारी गराउने बाहना निकाल्छन् तर दायित्व र कर्तव्य अनुसारको कार्यलाई भुलेर उल्टै गाउँलेलाई विभिन्न बाहनामा सताएर दिक्क बनाएको कुरालाई पनि उपन्यासले विभिन्न प्रसङ्गमा उठाएको छ । यसै क्रममा मुलुकी ऐन लागु भएपछि आफ्नो अधिकार खोज्ने नेप्टे घर्तीले लामो समयदखि गोपे ढकालको जग्गा जोत्दै आएकोमा पण्डित गोपे ढकालसँग जोतेको जग्गामा आफ्नो पनि केही हक हुनुपर्छ भन्ने जानाकारी गराउँदा गापेद्वारा नेप्टे घर्तीलाई बेसेरी हपार्ने र थर्काउने काम हुन्छ । नेप्टेको माग प्रति पुरै विमति राखेर उसलाई गाउँबाट निकाल्ने धम्की समेत दिन्छ ।

उपन्यासको आठौं परिच्छेदमा पुगेपछि कथा प्रसङ्गले अर्कै मोड लिन्छ । नेप्टे घर्ती घाँस काट्न वनमा गएको हुन्छ । त्यसभन्दा पहिले रम्तेल्नीलाई कहिल्यै वनमा नभेट्ने नेप्टेले रम्तेल्नीलाई भेट्दा अचम्म मान्छ । रम्तेल्नीलाई केही कुरा सोध्न उत्सुकता राखेको नेप्टे बोल्न नपाउँदै रम्तेल्नी कान्छीले माइतबाट आएकी बहिनीलाई चुत्रो खुवाउन र वन देखाउन लिएर आएको कुरा बताउँछे । यसै क्रममा नेप्टेले लाहुर्नी कान्छीलाई देख्छ र उसको बारेमा जान्ने इच्छा राख्छ । रम्तेल्नी कान्छीले बेलीविस्तार लगाउँछे । लाहुर्नी कान्छीको सम्पूर्ण विषयवस्तुलाई उजागर गर्दै लाहुर्नी कान्छीको विवाह भएको, उसको श्रीमान्ले आसामको चियाबगानमा पाले काम गरेको लाहुर्नी कान्छीलाई पनि आसाम लगेर राखेको एक रातको विमारले उसको श्रीमान्को मृत्यु भएको, गर्भवती अवस्थामा नै लोग्नेसँग विछोड भएर विधवा जीवन बिताउन विवश भएकी, श्रीमान् मरेपछि उसको साथीको घरमा तिन महिना बसेर साथी मार्फत माइत घरमा आएर बसेकी, माइतमा नै छोरो जन्मेको, न्वारनको केही समय पछि छोरो खसेको जस्ता घटना सुनेपछि लाहुर्नी कान्छीप्रति नेप्टेको दया जाग्छ । त्यस्तै रम्तेल्नी कान्छीले आफ्नो बहिनी लाहुर्नी कान्छीसँग नेप्टे घर्तीको पारिवारिक पृष्ठभूमि, बानी व्यवहार समेतको सम्पूर्ण कुराको बारेमा बताउँछे । त्यसपछि घाँस काट्न गएको नेप्टे घर्तीले आफ्नो कामलाई छोडेर रम्तेल्नी कान्छी र लाहुर्नी कान्छीलाई चुत्रो टिप्न सघाउँछ । कुराकानी गर्दै चुत्रो टिप्दै जान्छन् । लाहुर्नी कान्छीको च्याट्ट मिलेको र टम्म परेको गोरो शरीर देखेर नेप्टेको सम्पूर्ण व्यवहार बुझिसक्दा ऊ आफूले चाहेको जस्तो पुरुष भएको महसुस गर्दछे । एकदिनको छोटो सर्म्पकले पनि ती दुईको बीचमा आकर्षण बढ्छ । विस्तारै प्रेमले भ्याङ्गिने मौका पाउँछ । क्रमशः शारीरिक सम्पर्क गर्न समेत भ्याउँछन् । शारीरिक सम्पर्क भइसकेको नेप्टे घर्ती र लाहुर्नी कान्छीका बाँकी दिनहरू आ-आफ्ना घरमा बिताउछन् । केही समयपछि लाहुर्नीकान्छीले आफू गर्भवती भएको कुरा थाहा पाउँछे । यो घटनालाई समाजले छुट्कारा नदिने ठान्दै विभिन्न औषधि सेवन गरेर गर्भपतन गराउँछे । उता नेप्टे घर्तीले विस्तारै रम्तेलहरूसंग अवैध सम्बन्धका बारेमा गाउँलेहरूले चाल पाउँछन् र कुरा काट्न थाल्दछन् । जुन कुरा नेप्टे र कान्छीलाई पनि थाहा हुन्छ ।

गाँउमा एकातिर उनीहरूको अवैध लसपसको हल्लाले उत्कर्ष रुप लिइरहेको हुन्छ भने अर्को तिर लाहुर्नी कान्छीसँग आत्मिक प्रेम गरेको नेप्टे धर्तीले लाहुर्नी कान्छीसँग

सल्लाह गरी मुलुकी ऐन हेरेर सोही अनुसार विवाह गर्ने निर्णय गर्दछ । नेप्टे र लाहुर्नी कान्छीको सल्लाहलाई रम्तेल कान्छा र उसको श्रीमतीले पनि हो मा हो मिलाउँछन् । त्यसपछि उनीहरूले विवाह नै गर्ने भए रे भन्ने कुराको हल्लाले पूरै गाउँमा खैलाबैला हुन्छ । अब नेप्टे घर्तीलाई गाउँलेहरूको नेप्टे सार्कीको संज्ञा दिन समेत पछि पर्दैनन् । गाउँलेहरूको त्यस किसिमको दृष्टिकोणलाई चुनौती दिनको निम्ति नेप्टे घर्तीले लाहुर्नी कान्छीलाई छिट्टै विवाह गर्ने अठोट गरी चण्डीपूर्णिमाको दिन विवाह गर्ने निर्णय गर्दछ । उता नेप्टेको लाहुर्नी कान्छीसगं विवाह गर्ने थाहा पाइसकेका नेप्टेका बाबुआमा, माइलो घर्ती र माइली घर्तिनीले बुढेसकालमा छोराले नर्क पुऱ्याउने भयो भन्दै विक्षिप्त अवस्थामा पुग्छन् । बाबुआमाको मनसाय बुझिसकेपछि र लाहुर्नी कान्छीसंग चण्डीपूर्णिमाको दिन पारेर मुलुकी ऐन अनुसार विवाह हुन्छ ।

नेप्टेले विवाह गरेपछि लाहुर्नी कान्छीलाई घरमा भित्र्याउनुको सट्टा आफैं घरबाट बाहिरिन्छ । आफ्नो घरमा बस्न पाउने त आशा नै भएन, गाउँमा समेत सम्पूर्ण छिमेकीबाट वहिष्कृत हुन्छ । केही समय ऊ रम्तेल कान्छाको घरमा बस्छ । विवाह गर्नुपूर्व जसरी भएपनि यही समाजमा सङ्घर्ष गरेर बस्ने अठोट गरेर तल्लो जातकी विधवा लाहुर्नी कान्छीसंग प्रेम विवाह गर्न पुगेको नेप्टे घर्तीले सोचे अनुसार पुगेन । रुढिवादी समाजले स्वीकार गर्न सकेन । जातभात र छुवाछुतको व्यापक प्रभाव देखाइन्छ । यस किसिमको समाजले नेप्टे घर्ती र लाहुर्नी कान्छीलाई गाउँमा रहने वातावरण भएन । जति सङ्घर्ष गरेपनि कानुनले छुट दिए पनि, रुढिग्रस्त समाजले उनीहरूलाई छुट दिंदैन । यसरी समाजबाट तिरष्कृत भइसकेपछि अब गाउँमा बस्न नसक्ने ठानी नेप्टे घर्ती र लाहुर्नी कान्छीले आसामतिर जाने निर्णय गर्दछन् । यो कुरा रम्तेल कान्छा र कान्छीले पनि थाहा पाउँछन् । रम्तेल कान्छाले गाउँमा बसेर सङ्घर्ष गरी समाजलाई सुधार्ने, स्कुल पढ्ने, गाँउका युवायुवतीलाई सचेत बनाउने आफूजस्तै हेपिएका र ठगिएकाको अधिकारका लागि लड्ने र वातावरण राम्रो भएपछि प्रधानको चुनावमा उठेर रुढीबादको अन्त्यगर्ने सल्लाह दिन्छ । रम्तेल कान्छाको सल्लाहलाई नेप्टेघर्तीले स्वीकार गरी केही समय मुग्लान पस्ने निर्णय गर्छ । केही सीप नलागेपछि रम्तेलका बुढाबुढीले पनि उनीहरूको निर्णयलाई स्वीकार्छन् र भोलिपल्ट उज्यालो नहुँदै (कुखुरा नबास्दै) बुधसिङटार काट्नु पर्छ भन्ने निर्णय गरी तयारीको तरखरमा लाग्दछन् । आफूलाई आवश्यक पर्ने सबै

सामान मिलाइ सकेपछि केही समय सुत्छन् । नेप्टेलाई निद्रा लाग्दैन । विगतमा आमाबाबुले अह्राएका कुराहरूको सम्भना गर्दै आसामतिर लाग्दा के कस्ता समस्या आउने हुन् ? तिनलाई कसरी समाधान गर्ने ? जस्ता प्रश्नले उसलाई रातभरि सताइरहन्छ र यतिमात्र होइन आसाममा गई धेरै पैसा कमाउने, बाँकी समयमा पढ्ने, छोरा जन्माउने, छोरालाई राम्ररी पढाउने र त्यतिन्जेल निकै समय बितिसक्छ, जातभातका कुराहरू अन्त्य भइसकेका हुन्छन् । नेपाल फर्किएर टिनको छाना भएको घर बनाउने छु र स्कूललाई दसहजार चन्दा दिन्छु भन्ने योजना बनाउँछ । त्यतिबेला म सबैका अगाडि हाई हाई हुनेछु जस्ता कल्पनामा डुब्दै निदाउन कोशिस गर्दै केही समय निदाउँछ । बिहान उज्यालो नहुँदै रम्तेलनी कान्छीले उठाउँछे । त्यसपछि फटाफट बेलुकी तयार पारेका सामान बोकी बाटो लाग्छन् । बाटोमा घरको सम्भनाले सताउँछ । बूढाबूढी बाबुआमाको दयनीय अवस्थासम्भेर आँखाबाट आँसु बगाउँदै रम्तेल कान्छालाई हेरबिचार गर्न अह्राउछ । यसै क्रममा रम्तेल कान्छो केही बाटो पर पुग्दासम्म नेप्टे र लाहुर्नी कान्छीलाई अगाडि लगाएर बिर्तामोडसम्म पुग्छ । त्यहाँ पुग्दा भुकभुके उज्यालोमा भएको हुन्छ । नेप्टेले भञ्याङ्ग गाउँका सेता ढुङ्गाले छाएका घरतिर आँखा पुऱ्याउँछ । त्यसबेला आफू जन्मेको ठाउँ र प्यारो गाउँलाई देखेर केहीबेर हेरिरहुँ जस्तो लाग्छ । भाग्यमा रहेछ भने कुनै दिन यही बाटो रमभम गरी आउँला भन्दै त्यहाँबाट पुनः हिड्छन् र कथा टुङ्गिन्छ ।

## ४.४. 'उज्यालो हुनुअघि' उपन्यासको विश्लेषण

साहित्यको महत्त्पूर्ण विधाको रुपमा रहेको उपन्यास विधा पनि विविध तत्वमा मिलेर नै तयार भएको हुन्छ । त्यसैले यस उपन्यासलाई विश्लेषण गर्दा पनि यिनै विभिन्न तत्वहरू कथानक, चरित्र, कथोपथन, परिवेश वा देशकालीन वातावरण, द्वन्द्व, भाषा शैली र उद्देश्यलाई आधार मानी अध्ययन गरिएको छ ।

### ४.४.१ कथानक

कथानक उपन्यासमा आधारभूत वस्तु हो । यसकै भाव भूमिमा टेकेर उपन्यासमा घटित हुने विभिन्न साना ठूला महत्त्पूर्ण, गौण, सामान्य वा जटिल घटनाहरूको संयोजन

गरिएको हुन्छ । उपन्यास आफैं आख्यानात्मक विधा भएको हुनाले कथानकको अपेक्षा महत्त्पूर्ण ठानिन्छ, अर्थात आख्यान पक्ष अनिवार्य रहन्छ । आधुनिक उपन्यासहरू कथामा अकथात्मक प्रवृति विकास भए जस्तै उपन्यासात्मक रुप पनि देखापर्दै गएको छ । उपन्यासात्मक रुपमा प्रकट हुँदा उपन्यासमा समायोजन गरिएको कथानक पनि क्षीण हुँदै जान्छ । कुनै ठाउँमा पुग्दा चुडिने अवस्था पनि आउन सक्छ । कथानक तरल हुनाले उपन्यासको जीवनले आख्यानात्मक रुपमा दीर्घकालसम्म रहने अवसर नपाउने कुरा पनि स्वतः प्रकट हुन्छ । उपन्यासको विभिन्न सन्दर्भमा आउने घटनालाई रोमाञ्चक रुपमा अगाडि बढाउन प्रयुक्त पात्रहरूले कथावस्तुलाई कसरी लक्षित गरेको छ ? कुन ठाउँको घटना प्रस्तुत गर्न खोजिएको हो ? आदि कुराहरूलाई समेत शृङ्खलाबद्ध रुपमा प्रस्तुत गर्न कठिनाइ हुन्छ । उपन्यासलाई निरन्तरता प्रदान गर्ने र औचित्य विन्यास गर्ने, कार्यकारण सम्बन्ध देखाउने र क्रमबद्धता प्रस्तुत गर्ने तत्व कथानक हो ।[25]

पञ्चायती व्यबस्थाको सुरुवात अर्थात् २०२० को दशकभित्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्रभित्र पर्ने गोरखा जिल्लाको उत्तरी थोकको सेरोफेरोमा घटित वास्तविक घटनाहरूको लेखाजोखा गर्ने क्रममा नै 'उज्यालो हुनु अघि' उपन्यासको कथानक अडेको छ । यसमा प्रयोग भएको कथानकले मुख्यतः लाहुर्नी कान्छी र नेप्टेघर्तीबीच भएको अन्तरजातीय प्रेम विवाह प्रसंगलाई देखाउन खोजेको भएतापनि तत्कालीन समयमा राजा श्री ५ महेन्द्रले लागु गरेको भूमिसुधार व्यवस्था र मुलुकी ऐनले गर्दा जनतालाई पर्न गएको असर, परम्परागत सोच र रुढीवादी चिन्तन बोकेका गाउँका शीर्षक सामान्तले तल्ला वर्गका मानिसमा गर्ने व्यवहार, कागजी ऐन र सामाजिक स्थितिका बीच समानता एंव भिन्नता जस्ता कुराहरूलाई मुख्य कथावस्तु बनाएर नै यस उपन्यासको कथानक तयार भएको छ ।

उपन्यासकी लाहुर्नी कान्छी हाम्रो समाजमा दलित भनेर हेप्ने गरेको तल्लो जातको सार्की विधवा आइमाई हो । उसको श्रीमान गरिवी र अभावलाई आफ्नै गाउँघरको कुटो कोदालोबाट अन्त्य गर्न नसकेर देशबाहिर आसामको एउटा चिया बगानमा पुगी पाले भएर काम गर्दथ्यो । उसले आफ्नी श्रीमती लाहुर्नी कान्छीलाई पनि संगै लगेको थियो । आखिर विधिको विधानलाई कसले पो टार्न सकेको छ र ? साउन

---

[25] s[i)frGb| l;+x k|wfg, g]kfnL pkGof; / pkGof;sf/, t]; |f] ;+:s/)f,sf&df*f}M ;femf k|sfzg, 2043, k[= 19 .

महिनामा एकै रातको व्यथाले लाहुर्नी कान्छीले आफ्नो जिन्दगीको एउटामात्र साहरा लोग्ने गुमाई । उसको टेक्ने लट्ठी भाँचियो, जीवनको उज्यालो निभ्यो । नयाँ सपना देखाएर मुग्लानसम्म ल्याउने लोग्ने मऱ्यो । यति बेला ऊ गर्भवती भएकी हुन्छे । विधवा र सहाराहीन अवस्थामा आइपुगेकी लाहुर्नी कान्छीलाई केही महिना उसको लोग्नेको साथीले सहारा दिन्छ । दसैंमा घर आउँदा साथमा लिएर आई माइतमा छोडिदिन्छ । माइत आएको केही महिना पछि छोरो जन्मन्छ । आखिर “अभागीलाई परी परी आउँछ” भने झै न्वारन सकिएको केही दिनमा नै छोराको पनि मृत्यु हुन्छ । लोग्नेको पीडालाई छोराको मुख हेरेर सन्तोष गर्ने रहर बोकेकी लाहुर्नी कान्छीलाई छोराको मृत्युले झन् दुःखी बनाउँछ । “ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ” भनेझै उसले लगाएको गरगहना र आसामबाट फर्कदा ल्याएको धनसम्पतिको लोभले गोरखा पोखरीथोक र लमजुङ्गको कुन्छा देखिका सार्कीहरू विवाहको प्रस्ताव लिएर आउँछन् तर कसैलाई हुन्छ भन्दिन अर्थात मनपराउँदिन ।

श्रीमान् र छोराले छोडेर गएपछि अब कहाँ जाने ? के गर्ने ? कसको सहारामा बाँच्ने ? विभिन्न चिन्ताले जलिरहेकी लाहुर्नी कान्छी उडेको मनलाई शान्त पार्ने उद्देश्यले केही दिन बस्ने गरेर आफ्नी दिदीको घर जान्छे । एकदिन लाहुर्नी कान्छी र दिदी (रम्तेल्नी कान्छी) चुत्रो टिप्न वनतिर जान्छन् । संयोगबस वनमा घाँस काट्न गएको नेप्टे घर्तीसगं भेट हुन्छ । विधवा भएपनि जिउडाल मिलेकी चिटिक्क मिलाएर लुगा लगाएकी र गोरो अनुहार भएकी लाहुर्नी कान्छीलाई देखेपछि नेप्टे घर्ती (ठूले) आकर्षित हुन्छ र भलाकुसारी गर्छ । लाहुर्नी कान्छी पनि आकर्षित हुन्छे । आखिर आगोको नजिक राखेपछि नौनी नपग्लिने कुरै भएन । उनीहरूको प्रेमले चरम विन्दुसम्म पुग्ने अबसर पाउँछ । छोटो समयमा आत्मिक र वासनात्मक दुवै प्रेमले बाँधिन्छन् शारीरिक सम्बन्ध समेत राख्न पछाडि पर्दैनन् । विधवा लाहुर्नी कान्छी गर्भवती हुन्छे । भरखर-भरखर लागु भएको मुलुकी ऐनले अन्तरजातीय विवाह र प्रेमलाई मान्यता दिएको भए तापनि रुढीवादी संस्कारले गाँजिएको समाजमा सङ्घर्ष गर्न गाह्रो हुने सम्झेर विभिन्न औषधीको सेवन गरेर गर्भ तुहाउँछे । गर्भपतन गराए पनि उनीहरूको प्रेम प्रसङ्गले गाउँघर, मेलापात खेत, खलो, पानी-पधेंरो जताततै चर्चा पाउन थाल्छ । अब लाहुर्नी कान्छी नेप्टेलाई छोड्नै नसक्ने अवस्थामा पुग्छे । नेप्टेले पनि लाहुर्नी कान्छीसँग केवल बासनात्मक प्रेम

मात्र गरेको थिएन । त्यसैले दुवै जना आफ्नो प्रेमलाई स्थायी र भरपर्दो बनाई जीवनलाई सँगै गुजार्ने तरखरमा पुग्छन् ,तर परापूर्व कालबाट जरो गाड्दै आएको रुढिवादी परम्परा र कुसंस्कारले उनीहरूको चोखो प्रेमलाई देख्न सक्दैन । उनीहरूले कुसंस्कारलाई जरैदेखि उखेल्न चाहान्छन् तर सक्दैनन् । बाध्यताबस आफ्नो गाउँ छोडेर मुग्लानतिर लाग्छन् । आसाम पुग्छन् र आफू जन्मेको धर्तीबाट धेरै टाढा पुगेर नयाँ जीवनको सुरु गर्ने कोशिस गर्छन् । यी यस्तै घटनालाई आधार मान्दै उपन्यासको कथावस्तु अगाडि बढेको छ ।

उपन्यासमा लाहुर्नी कान्छी र नेप्टे घर्ती (ठुले) को प्रेम प्रसङ्गबाहेक तत्कालीन समाज चित्रणको क्रममा प्रयोग भएका पात्र गाउँको मुखिया, प्रधानपञ्च, सापकोटा बाजे, गोपे ढकाल, कबे कामी, माइला घर्ती र घर्तिनी, मग्राती बुढी र भूमिसुधारको खरिदार जस्ता पात्रहरूको विभिन्न व्यवहारले पनि कथानकलाई अझै रोचकता प्रदान गरेको छ । आदर्श वाक्यका रुपमा “श्री ५ महाराजाधिराजको सदिच्छालाई साकार पार्नु हामी सबैको कर्तव्य हो” भन्दै आफू एक स्वच्छ र सदाचार कर्मचारी भएको देखाउने खरिदारको व्यवहारमा देखाएको नियतले कथानकमा झन रोचकता थपेको छ । तल्ला जातिका मानिसले गर्ने सच्चा प्रेमलाई देख्न नसकी नराम्रा कुराको खेती गरेर गाउँ भड्याउने र जसरी हुन्छ निम्न वर्गका मानिसहरूलाई माथि उठ्न नदिने अनेक षड्यन्त्र गरेर गिराउने नियत भएको गोपे ढकालको मुख्य कारणले गर्दा नेप्टे र लाहुर्नी कान्छी गाँउ छोड्न बाध्य हुन्छन् । यिनै र यस्तै घटनाहरूलाई समेत यो उपन्यासले आफ्नो कथानकभित्र समेटेको छ । यसरी गोरखाका विकट गाउँ देखि आसाम सम्मको यात्रामा यस उपन्यासको कथानक अगाडि वढेको देखिन्छ ।

### ४.४.२. पात्र वा चरित्र

उपन्यासलाई सजीव र आकर्षक बनाउन कथानकको जति महत्व छ, त्यति नै महत्व उपन्यासभित्र प्रयोग भएका पात्र तथा चरित्रको पनि रहेको हुन्छ । औपन्यासिक चरित्रले कुनै सामाजिक वर्ग, जाति, पेशा वा मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरेको हुन्छ । उपन्यासले सिङ्गो मानव सभ्यताको चित्रण गर्ने प्रयत्न गर्दा सिङ्गो

उपन्यासलाई जीवन्त बनाउन र सभ्यताको पहिचान गराउन चरित्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसर्थ मानव सभ्यता र समाजलाई पहिचान गराउनको लागि पात्रको आवश्यकता पर्ने भएको हुँदा उपन्यासको विभिन्न तत्वहरूमध्ये चरित्रलाई महत्त्वपूर्ण तत्वको रुपमा स्विकारिएको छ । प्रस्तुत 'उज्यालो हुनु अघि' उपन्यास बहुपात्रीय उपन्यास हो । तहगतरुपमा हेर्दा यसमा मुख्य सहायक र गौण गरी तीन वटै तहका पात्रहरू पाउन सकिन्छ । सामाजिक विषयवस्तुको प्रयोग गरी रचना गरिएको हुनाले प्रायः पात्रहरू समाजबाट नै टिपेर राखिएको छ । वि.सं. २०२८ पूर्वको पञ्चायती राजनैतिक व्यवस्था, छुवाछुत, सामान्ती संस्कार र रुढीग्रस्त समाज तथा माथिल्लो जातबाट तल्लो जात र वर्गले सहनु परेको अन्याय, शोषण, दमन र अत्याचारपूर्ण व्यवहारलाई देखाउदै नेप्टे घर्ती (ठूले) र लाहुर्नी कान्छीको अन्तरजातीय प्रेम विवाहलाई मुख्य कथानक बनाएको प्रस्तुत उपन्यास 'उज्यालो हुनु अघि' मा प्रयुक्त पात्रहरू नेप्टे घर्ती र लाहुर्नी कान्छी प्रमुख पात्रकोरुपमा आएका छन् भने कथानकलाई गति दिने सन्दर्भमा प्रयोग भएका रम्तेल कान्छो, रम्तेल्नी कान्छी, खरिदार, गोपे ढकाल जस्ता पात्रहरू सहायक पात्रकारुपमा प्रयोग भएका छन् । त्यसै गरी साहुकान्छा, प्रधानपञ्च, माइला घर्ती र माइली घर्तिनी, मक्राती बुढो, दङ्गी ठूले, कवेकामी, स्याउरे, भुण्टी आदि गौण पात्रका रुपमा प्रयोग भएका छन् । यसरी भएका तीन तहका चरित्रहरूको चित्रण यसप्रकार गरिएको छ :-

### ४.४.२.१ प्रमुख पात्रहरू

**नेप्टे घर्ती (ठूले)**

उपन्यासको प्रस्तुतिका क्रममा घटनाले मागेका आधारमा विभिन्न पात्रहरू उपस्थित गराइएको भए तापनि मूलतः नेप्टे घर्ती र लाहुर्नी कान्छीको प्रेम प्रसंगले नै यस उपन्यासमा बढी स्थान पाएको हुँदा प्रमुख पात्रका रुपमा नेप्टे घर्तीलाई लिन सकिन्छ । नेप्टे गाउँको सोझो, अशिक्षित र निम्नवर्गीय युवक हो । तत्कालीन गोरखाको उत्तरी भूभागको एउटा विकट गाउँमा हुर्के बढेको हुँदा र हाम्रो समाजमा हेपिएको र थिचिएको अनि अल्पसंख्यक ठुले घर्तीले समुदायको सदस्य हो । यसले बाल्यकालमा पाउनु पर्ने शिक्षादीक्षा पाएको छैन । जीविकोपार्जनका लागि प्रमुख पेशाको रुपमा खेतीपाती र घाँस

दाउरामा नै उसले आफूलाई समर्पित गरेको छ । घाँस दाउराकै क्रममा जंगल गएको नेप्टेसँग चुत्रो खान गएको लाहुर्नी कान्छीका दिदीबहिनीको भेट हुन्छ । सामान्य कुराकानी र लाहुर्नी कान्छीका गठिलो शरीर, गोरो छाला, उज्यालो अनुहार र मीठो बोलीले नेप्टे घर्ती लठ्ठिन्छ । रम्तेल्नी कान्छीले लाहुर्नी कान्छीका बारेमा कुरा गरेर ऊ तल्लो जातकी केटी हो, विधवा हो, सन्तान पाएर मरेको पनि हो, जस्ता यथार्थलाई बुभ्दाबुभ्दै पनि क्षणिक भेटघाटको भरमा लाहुर्नी कान्छीसंग उसको रसबस हुन्छ । आत्मिक प्रेम मौलाउँछ र शारीरिक सम्बन्ध समेत गर्दछ । आखिर भावना नै हो, भावना मिलेपछि जात, वर्ग र दुरी कसले पो हेर्छ र ? त्यसमा पनि तल्लो जातकी विधवा लाहुर्नी कान्छीलाई नेप्टेले सहर्ष स्वीकार गर्छ । यो प्रेमलाई तत्कालीन भञ्ज्याङ गाउँका जो कसैले पनि सार्की भन्न समेत हिचकिच्याउदैन र ऊ सङ्घर्ष गरेर भएपनि लाहुर्नी कान्छीलाई आफ्नो बनाउन चाहन्छ । चण्डीपूर्णिमाको दिन पारेर प्रेम विवाह गरेरै छाड्छ । त्यसैले यस उपन्यासमा नेप्टे घर्ती अनुकूल पात्रकारुपमा  रहेकोछ । उसले गाँउघरमा गरेको सहयोगी कार्य, ऊसँग रहेको रुढीवाद विरोधी चिन्तन र सङ्घर्षशील चरित्रलाई केलाउँदा नेप्टेलाई प्रगतिशील पात्रका रुपमा पनि लिन सकिन्छ । रुढीग्रस्त समाज, समान्ती र गरिबमारा सोच भएका गाँउका ठूलाठालु र आफ्नै आमा बाबुबाट अस्विकृत हुँदाहुदैं पनि तल्लो जातकी विधवा आइमाईसंग प्रेम गरेर विवाह गरी छाड्नु तत्कालीन नेपाली समाजमा गरिएको ठूलो सामाजिक सङ्घर्ष हो । यसरी उपन्यासको सुरुदेखि अन्त्यसम्म आफूलाई कत्ति नडगमगाइ सधै अगाडि नै बढ्ने, गरिब निमुखाको दिन ल्याएर छोड्ने र कानूनले दिएपछि समाजले नदिएर हुन्छ र ? भन्ने खालको सोचसंगै अगाडि बढेको हुँदा नेप्टेलाई यस उपन्यासमा स्थिर पात्रका रुपमा लिन सकिन्छ । ऊ गाउँमा हुर्केको अशिक्षित युवक हो । उसले लेखपढ गर्ने मौका पाएको छैन । गाउँका धनीमानी साहुमहाजनहरूको जस्तो सुख सुविधा अनुभव गर्ने वातावरण पनि छैन । उसलाई सही बाटो हिडाउने अग्रजहरू पनि छैनन् । तैपनि जातभात भनेको सामाजिक बन्धनमात्र हो भन्ने कुरालाई नेप्टे जस्तो अशिक्षित गाँउले केटाले पनि बुभ्नु उसको महानता हो । यो महानतालाई न्युनीकरण गर्न खोज्नु मूर्खता सिवाय अरु केही हुन सक्दैन । आसन्नताको आधारमा हेर्दा उसलाई मञ्चीय पात्रको रुपमा लिन सकिन्छ

किनभने नेप्टे उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रायः सबै परिच्छेदमा देखा परेको छ र आफ्ना क्रियाकलापलाई सहजै रुपमा अगाडि बढाएको छ ।

यस उपन्यासको नायक नेप्टे घर्तीलाई एउटा सङ्घर्षशील र प्रगतिशील सोच बोकेको, कुसंस्कार विरोधी, रुढीबादी परम्परालाई भत्काउन चाहने, समाजलाई अग्रगति दिएर सामाजिक भेदभावरहित युगको कल्पना गर्ने, कर्मप्रेमी र उत्साही युवकको रुपमा स्थापित गरिएको छ । उपन्यासकार विनोद प्रसाद धितालले आफ्नो बाल्यजीवनमा अनुभव गरेको गोरखाली समाज र त्यसभित्रका विकृतिलाई औंल्याउँदै आफ्नो मुखपात्रका रुपमा नेप्टेलाई उभ्याएको हुँदा र उपन्यासबाट नेप्टे घर्तीलाई झिक्दा कथावस्तु प्रष्ट नहुने भएकोले उसलाई यस उपन्यासकोबद्ध पात्रका रुपमा समेत लिन सकिन्छ । सारांशमा भन्नुपर्दा नेप्टे घर्ती समाज सापेक्ष, गतिशील,वर्हिमुखि र वर्गगत पात्र हो भन्न सकिन्छ ।

### लाहुर्नी कान्छी

यस उपन्यासका प्रमुख दुई चरित्रमध्ये अर्को प्रमुख चरित्रका रुपमा लाहुर्नी कान्छीलाई लिन सकिन्छ । अर्को शब्दमा भन्नु पर्दा लाहुर्नी कान्छी यस उपन्यासकी नायिका हो । अझै गहिरिएर हेर्दा लाहुर्नी कान्छी अन्य पात्रहरूको बीचमा प्रमुख भूमिका भएकी पात्र मात्र नभएर प्रमुख नारीपात्र पनि हो । ऊ सामान्य सार्की परिवारमा विभिन्न समस्याहरूसँग जुध्दै हुर्केकी अशिक्षित पात्र हो । आफूले विवाहको मर्म नबुझ्दै बाबु आमाले विवाह गरिदिए पछि लामो समयसम्म आसाममा जागीर खाने लोग्नेसँग बसी लाहुर्नी कान्छी गर्भवती भइसकेकी हुन्छे । अचानक एकरातको व्यथाले लोग्ने बितेपछि ऊ विधवा भएकी छे । विधवा भएकी लहुर्नी कान्छी केही समय लोग्नेको साथीको घरमा बसेपछि दशैंमा उसैको साहारामा नेपाल फार्किए पछि माइती घरमा आएर बस्छे । माइतमा आएको केही समय पछि छोरा जमाउँछे । तर "अभागीलाई सधैं दुःख" भने झै छोरो जन्मेको केही हप्तामा नै मरेपछि ऊ झन् विछिप्त हुन्छे । छोरोको सहारामा आफ्नो बाँकी जीबन बिताउने सपना फेरि पनि भत्किन्छ । भत्केको मनलाई शान्त पार्ने विचारमा रहेकी माइती घरबाट दिदीको घर छापस्वाँरामा गएकी हुन्छे । मन बहलाउने र जङ्गल गएर चुत्रो खाने उद्देश्य लिएर दिदी बहिनी जंगल तिर जान्छन् । रस्तेल्नीकान्छी र लाहुर्नी कान्छी संयोगबस घाँस दाउराको लागि सधै वन तिर जाने नेप्टे घर्तीसंग

उनीहरूको भेट हुन्छ । जंगलमा नेप्टे र लाहुर्नी कान्छीको परिचय हुन्छ । नजनिदो पाराले प्रेम बस्छ र भ्याँगिन थाल्छ । शारीरिक सम्बन्ध समेत कायम हुन्छ । यो प्रेमले विकसित रुप लिन्छ । उनीहरू एक अर्कामा ज्यादै नजिकिँदै जान्छन् । एक अर्कोलाई छोड्न नसक्ने अवस्थामा पुग्छन् र विवाह पनि गर्छन् । तत्कालीन सामाजिक परिवेशमा एउटा तल्लो जातकी अशिक्षित आइमाईले आफूभन्दा ठूलो जातको युवकसंग प्रेम सम्बन्ध राख्नु र उसलाई पट्याएर आफ्नो बनाउन सक्नु नै उसको सहासी कार्य हो । यसका साथै लाहुर्नी कान्छीले प्रेमको महत्वलाई राम्ररी बुझेकी छे भन्ने कुरा उसका हरेक व्यवहारबाट पनि पुष्टि हुन्छ । यदि क्षणिक वासनात्मक प्रेम गरेकी भए जब उसले गर्भपतन गराएकी थिई त्यसपछि नेप्टेलाई वास्ता नै नगरी बस्न सक्ने थिई । उसले त्यसो गरिन, बरु समाजसँग सङ्घर्ष गर्ने तर आफ्नो प्रिय पात्र नेप्टेलाई नछाड्ने निणर्य गरी । यस्ता घटनालाई आधार मान्दा लाहुर्नी कान्छीलाई आधुनिक र परिर्वतनशील विचार बोकेकी प्रगतिशील तथा गतिशील नारीका पात्रका रुपमा लिन सकिन्छ । घरमा जाने अवसर समेत नपाएकी लाहुर्नी कान्छीले आफूले आसामबाट ल्याएको धनलाई दिदी भिनाजुलाई मात्र नदिएर सासूससुरालाई समेत भाग लगाउँछे । यस घटनाले लाहुर्नी कान्छी स्वार्थी तथा महत्वकांक्षी नभएर दयालु र उदार भएको प्रष्ट हुन्छ ।  लाहुर्नी कान्छीले विधवाले पुनः विवाह र अर्न्तरजातीय विवाह गर्न मिल्छ र हुन्छ भनेर तत्कालीन छुवाछुत र जातभातले ग्रस्त भएको समाजलाई ठाडै चुनौति दिएकी छ । आफ्नो अन्धकारमय बन्न लागेको विधवा जीवनलाई साहरा दिन चाहने नेप्टेलाई ऊ आँखाको नानीजस्तै ठान्छे । नेप्टे घर्ती जस्तो सहयोगी र मिलनसार युवकले आत्मिक प्रेम गरेर जीवनसाथी बनाउने प्रण गरेपछि उसको भत्किएको मनमा मलहम पट्टी बाँध्ने देवता समान ठानी यसैको फलस्वरुप जीवनलाई प्रकाशमय र हराभरा बनाउन कम्मर कसी, आत्मिक प्रेम गरेर रुढीग्रस्त समाजलाई टक्कर दिंदै अन्तरजातीय विवाह गर्न पनि ऊ सफल वनेको उपन्यासमा देखिन्छ ।

यसरी लाहुर्नी कान्छीको सर्म्पूण व्यवहारलाइलाई सरसर्ती अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म उसको व्यवहार अग्रगामी, प्रगतिशील र परिवर्तनप्रेमी देखिएको हुँदा उसलाई सत् पात्रका रुपमा लिन सकिन्छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म गतिशील रुपमा उपस्थित भएकी हुँदा ऊ बद्ध पात्र पनि हो । तर जीवनका हरेक क्षणमा र जुनसुकै

घटनामा पनि आफ्नो ब्यक्तिगत जीवनलाई कसरी सजिलो तथा सुगम हुन्छ । त्यसैको बारेमा लगातार सोचिरहने र आफूलाई जुनकुनै हालतमा पनि सफल बनाएरै छोडेकी हुँदा जीवन चेतनका आधारमा हेर्दा लाहुर्नी कान्छी व्यक्तिगत मात्र हो । अतः यस उपन्यासकी लाहुर्नी कान्छी सफल प्रेमिका, असल बुहारी, सामाजिक कुसंस्कार तोड्न चाहाने सङ्घर्षशील नारी, आफू अशिक्षित भए तापनि समाजसुधारका लागि आजीवन सङ्घर्ष गर्ने प्रगतिशील महिला अगुवा र कुशल भविष्य द्रष्टाका रुपमा रहेको देखिन्छ । जे होस्,लाहुर्नी कान्छी पनि समाज सापेक्ष, गतिशील,वर्हिमुखी र वर्गगत पात्र हो भन्न सकिन्छ ।

### ४.४.२.२. सहायक पात्रहरू

यस उपन्यासको विषयवस्तुलाई आवश्यकता अनुरुप गतिशील बनाउन र नायक नायिकाको भूमिकालाई सहयोग पुऱ्याउन उपस्थित भएका रम्तेल कान्छो, रम्तेल्नी कान्छी, खरिदार र गोपे ढकालले पनि आ-आफ्नै स्तर र क्षेत्र अनुरुप सहायक पात्रका रुपमा आ-आफ्नो भूमिका निर्वाह गरेका छन् ।

### क. रम्तेल कान्छो

'उज्यालो हुनु अघि' उपन्यासमा नायक-नायिका पछि सहयोगीको भूमिका निर्वाह गरेर अगाडि देखा परेको मुख्य पुरुष मात्र रम्तेल कान्छो लाहुर्नी कान्छीको भिनाजु पनि हो । तल्लो जात र सामाजिक हेपाई र थिचाईले तड्पिएको व्यक्ति भए पनि समाजको निम्ति केही गर्नु पर्छ भन्ने भावना ऊ भित्र सधैँ रहिरहेको देखिन्छ । त्यसकारण उसलाई उपन्यास भित्रको सत् पात्रका रुप लिन सकिन्छ । जतिसुकै हेपिएको भए तापनि समाज प्रति सहयोग र उदार भावना भएको हुँदा गाउँलेहरू उसलाई विश्वास गर्छन् । यसैको फलस्वरुप रम्तेल कान्छो गाउँ पञ्चायतको सदस्यसम्म भएको छ । आफू र आफू जस्ता पछाडि परेका वर्गको हितका लागि ऊ जुन कुनै काम गर्न पनि पछाडि पर्दैन । मिलनसार र परिश्रमी भएकोले नै आफ्नो गाउँ छापस्वाँरा र वरिपरिको क्षेत्रमा उसको राम्रो ख्याति छ । हरेक मिटिङ र बसाइँहरूमा समाजमा नयाँ जागरण ल्याउने, पछि परेकाहरूलाई माथि उठाउने, स्कूल खोल्ने, पढ्ने र पढाउने कुरामा ऊ पटक-पटक आफ्ना आधुनिक र

परिमार्जित विचारहरू प्रकट गर्दछ । यसै क्रममा उसले नेप्टे घर्ती र लाहुर्नी कान्छीलाई गाँउमै बस्न, यहीं स्कूल खोल्नु आफु पनि पढ्ने र अरुलाई पनि पढ्न प्रेरित गर्ने, कुरीतिसंग सङ्घर्ष गर्ने अरुलाई पनि अन्तरजातीय विवाह गर्न प्रेरित गर्ने भन्दै सम्झाएको छ । यसरी रम्तेल कान्छाले वर्गीय चिन्तन, वर्गीय उत्थान र वर्गको विकासका बारेमा पटक-पटक बिचारहरू प्रस्तुत गरेको हुँदा उपन्यसमा उसलाई वर्गीय पात्रको रुपमा लिन सकिन्छ । यसका साथै प्रगतिशील विचारक, सच्चा समाजसेवी, लगनशील र परिश्रममा विश्वास गर्ने सत्पात्रका रुपमा रम्तेल कान्छोलाई लिन सकिन्छ । यसका साथै ऊ समाज सापेक्ष, गतिशील,वर्हिमुखी र वर्गगत पात्र हो ।

**ख) रम्तेल्नी कान्छी**

रम्तेल्नी कान्छी यस उपन्यासकी नायिका लाहुर्नी कान्छीकी दिदी हो । सहायक पात्रका रुपमा देखिए पनि उपन्यासभित्र उसको भूमिका ज्यादै महत्त्पूर्ण भेटिन्छ । ऊ हेर्दा सानो जात र निम्न वर्गकी देखिन्छे, तर परिश्रममा विश्वास गर्ने साथै मेहनतमा विश्वास गर्ने उसको चरित्र देखिन्छ । आफू इमान्दार र लगनशील हुँदा हुँदै पनि आफ्नो इमान्दारिता प्रति शङ्का गरेकोमा ज्यादै दुःखित देखिन्छे । अशिक्षित र गरिब भएपनि उसको हृदय उदार छ, प्रगतिशील छ र अरुलाई सहयोग गर्न भनेपछि हुरुक्क हुन्छे । आफ्नो विधवा बहिनी लाहुर्नी कान्छीले नेप्टे घर्तीसंग गरेको प्रेम सफल होस् र उनीहरूको जीवनमा वसन्त छाओस्, उनीहरूलाई कसैले पनि दुःख नदेओस्, आफ्नी बहिनी र नेप्टेलाई काँडाले पनि नकोरोस् भन्दै उनीहरूलाई सधै प्रेरणा दिन्छे । यदि उसले विधवा विवाह र नेप्टे घर्तीसँगको प्रेमलाई नकरात्मक दृष्टिले हेरेकी भए उनीहरूको सम्बन्ध सम्भव हुने नै थिएन । यी दुईको प्रेम, आरम्भ, विकास र विवाहसम्मका सम्पूर्ण क्रियाकलापहरूमा रम्तेल्नी कान्छीको महत्त्पूर्ण सहयोग छ । यति सम्मकी आफ्नो पति रम्तेल कान्छो, छिमेकीका दिदी बहिनी, नेप्टेको घर परिवार र आफूहरूलाई सँधै हेप्ने गाउँका धनीमानी र ठूलाबडाहरूलाई समेत बिझाउने र उनीहरूको कुभलो होस् भन्ने ठानेकी छैन । बरु हरेक क्षण हामी पछाडि पर्यौं, अशिक्षित भयौं, सबैसँग मिलेर उन्नति गर्नुपर्छ भन्ने भावनाले सधै अगाडि बढेकी छ । यी र यस्तै कारणले रम्तेल्नी कान्छीलाई परिश्रमी, इमान्दार, स्वाभिमानी र प्रगतिशील नारीका रुपमा

लिन सकिन्छ । उपन्यासभित्र सहायक पात्रको भूमिका निर्वाह गरेकी भएपनि रम्तेल्नी कान्छीको चरित्रले हरेक नारीहरूलाई श्रमजीवी, लगनशील र स्वाभिमानी बन्नुपर्छ भन्ने प्रेरणा दिएको पाइन्छ । तसर्थ रम्तेल्नी कान्छीलाई अनुकरणीय पात्रको रुपमा लिन सकिन्छ । यसका साथै रम्तेल्नी कान्छीलाईसमाज सापेक्ष, गतिशील,वर्हिमुखी र वर्गगत पात्रको रुपमा लिन सकिन्छ ।

**ग) खरिदार**

खरिदार तत्कालीन श्री ५ को सरकारको प्रतिनिधि पात्र हो । उ सरकारको नुनपानी खाएको तर समाजका शोषक र सामन्तीहरूको छाता बनेर गरिब गुरुवाको मर्का नबुझ्ने खल पात्रका रुपमा देखा पर्छ । नयाँ मुलुकी ऐन लागु भएपछि गाउँमा भूमिसुधार कार्यक्रमलाई कार्यान्वयन गर्न भनी खटिएको निच चरित्र भएको पात्र हो । बाहिरी रुपमा गाउँलेसंग समाजसुधार र अधिकारका कुरा गर्ने तर भित्री रुपमा भने ज्यादै कामुक, विलासी, पतीत व्यक्तिको रुपमा उपन्यास भित्र देखा परेको छ । राज्यले जिम्मा दिएर पठाएको कुनै पनि काम नगर्ने, सोझो र निमुखा जनतालाई हप्काउने र उनीहरूलाई ठगेर खाने गर्दछ । कहिले कुखुरा काटेर खाने, कहिले गाउँलेहरूलाई ठगेर मिठो-मिठो खाने, पैसा नतिर्ने जस्ता अनेकौं कुकार्य गरेर खरिदारले गाउँलेलाई दिनसम्म दुःख दिएको छ । आफूले गर्नु पर्ने कर्तव्य अर्थात् मोहीयानी हक प्रदान गर्ने, जग्गाको हदबन्दी तोक्ने, गाउँका ठालुहरूलाई तह लगाउने, मोहीहरूको पक्षमा बोल्ने, उनीहरूको हक र अधिकारका बारेमा बोल्ने जस्ता कार्यहरू खरिदारबाट कुनै पनि भएको छैन । त्यसैले उपन्यास भित्र खरिदार प्रतिकूल पात्रको रुपमा देखा परेको छ । उपन्यास भित्र सहायक पात्रको रुपमा स्थापित गरिएको भएपनि तत्कालीन प्रशासनिक क्षेत्रका कर्मचारीहरूबाट सोझा र निमुखा जनताले कस्तो सेवा पाउँदा रहेछन ? भन्ने कुरा उपन्यासमा छर्लङ्ग पारिएको छ ।

उपन्यासमा मञ्चीय रुपमा प्रस्तुत भएको खरिदारले आफूले निभाउनु पर्ने भूमिका निर्वाह गरेको दखिंदैन । उसले गरेका कामहरू समाजको भलाईको लागि नभएर व्यक्तिगत स्वार्थका लागि गरेको पाइन्छ । त्यसैले उसको भूमिका वा जीवन दर्शन सामाजिक हुँदाहदै पनि व्यक्तिगत रुपमा प्रस्तुत भएको छ । त्यतिमात्र नभएर खरिदार

निच, फटाहा, विलासी र स्वार्थी पात्रको रुपमा यस उपन्यासमा चित्रित भएको छ । यसका साथै खरिदारलाई समाज निरपेक्ष, अन्तरमुखी, व्यक्तिगत र गतिहिन पात्रका रुपमा उपन्यास भित्र देख्न सकिन्छ ।

### घ) गोपे ढकाल

गोपे ढकाल गाउँको शोषक र यस उपन्यासको खल पात्र हो । अर्थात गाउँमा दुःखजेलो गरेर जीविकोपार्जन गरेर बसेका निम्न जात तथा वर्गका गाउँलेहरूलाई माथि उठ्न दिन हुन्न भन्ने कु-विचार बोकेको गोपे ढकाल उपन्यासको सहायक चरित्र पनि हो । तल्लो वर्गका जनताले आफ्नो हकको बारेमा कुरा उठाउँदा तिनीहरूलाई विभिन्न खाले नकरात्मक कुराहरू गरेर खेदो खन्नु उसको दिनाचार्य नै हो । ऊ गाउँको धनीमानी व्यक्ति पनि हो उसले शोषक वर्गको प्रतिनिधित्व पनि गरेको छ । आफ्नो जग्गा वर्षौंदेखि अधियाँ कमाएर दुःख गर्दै आएको नेप्टेले मोहीयानी हकको कुरा गऱ्यो भनेर उसलाई विभिन्न भए नभएका आरोप लगाएर गाउँ छोड्न बाध्य पार्ने एउटा खल चरित्र समेत गोपे ढकाल पनि हो । त्यतिमात्र नभएर पुस्तौ-पुस्ता देखि एउटै घरपरिवार झै बसेका नेप्टेका बाबु आमा (माहिलो घर्ती र माहिली घर्तीनी) लाई आफ्नै बाबु ठुले घर्ती (साने) को विवाहमा निम्तोसम्म गर्न नदिने, नेप्टे घर्तीको बारेमा नराम्रो कुरा ल्याउने काम गरे वापत कबे कामीलाई बकस दिने जस्ता व्यवहारले गर्दा गोपे ढकालको व्यक्तित्व ज्यादै निच र शोषक व्यक्तित्वको रुपमा चिनिएको छ । तसर्थ गोपे ढकाल स्थानीय गाउँको फटाहा गरिबको रगत चुस्न पल्केको जुका, जाली, दोहोरो भूमिका निर्वाह गरेर गाउँमा फाइदा लुट्न पल्केको गुण्डाका रुपमा यस उपन्यासमा देखा परेको छ । अन्तत गोपे ढकाल समाजको शोषक वर्गको पैतिनिधित्व गर्ने वर्गीय, अन्तरमुखी, निरपेक्ष र गतिहीन पात्रको रुपमा स्थापित पात्र हो ।

### गौण पात्रहरू

यस उपन्यासमा मुख्य र साहयक भूमिका निर्वाह गर्ने पात्रहरूबाहेक अन्य गौण पाात्रहरू पनि छन् । कसैको भूमिका सकारात्मक छ भने कसैले नकरात्मक भूमिका निर्वाह गरेर उपन्यासका सत् पात्रहरूलाई अप्ठ्यारोमा परेका छन् । गाउँका जनतालाई

दुःख दिएर शोषकको भूमिका निर्वाह गर्ने अर्को पात्र प्रधानपञ्च हो । त्यस्तै मुखिया कान्छो पनि गाउँका सोभ्फा निमुखाहरूमाथि शासन गर्न खप्पिस देखिन्छ । यिनीहरू आफ्नो हरेक क्रियाकलापबाट तल्ला वर्गका मानिस र दलितहरूलाई कुन नै कुनै रुपमा शोषण गरिरहेका हुन्छन् । समाजमा आफ्नो अनुकूलमा नियम बनाएर राज गरिरहन्छन् । उनीहरूको लागि कुनै कुराको बन्धन हुँदैन । हरेक प्रकारका घटना घटाउने र त्यही निहुँमा निमुखाहरूको घाटी निमोठ्ने कार्यमा उनीहरू खप्पिस देखिन्छन् । यता माइलो घर्तीका बुढाबुढी यस उपन्यासका ज्यादै सरल स्वभाव भएका इमान्दार पात्र हुन् । आफू निम्न वर्गको भएपनि आत्मसन्तोष गर्ने, अरुको चियो चर्चो नगर्ने, आफ्नै श्रममा विश्वास गर्ने यिनीहरू पनि गाउँका ठालु र शोषकहरूको व्यवहारबाट थलिएका देखिन्छन् ।

आफ्नो छोरो नेप्टे घर्ती (ठुले) ले गरेको अन्तरजातीय विवाहको कारण देखाई पुस्तौसम्म एउटै घरमा बसेका ठुले घर्तीको छोराको विवाहमा आफूहरूलाई नबोलाइँदा यिनीहरू ज्यादै दुखित देखिन्छन् । पुरानै विचार भएका यिनीहरू सोभ्फा र अनकूल चरित्र हुन् । त्यस्तै मक्राती बुढा, दँगी ठुले, कबे कामी, भ्याउरे र भुन्टी जस्ता पात्रहरूले पनि आफ्नो स्तर तथा अवस्था अनुरुप भूमिका निर्वाह गरेका छन् ।प्राय : सवै गौण पात्रहरू समाज सापेक्ष, वर्गीय,गतिशील हुन्छन् ।

### ४.४.३. कथोपकथन (संवाद)

हरेक उपन्यासमा कथानकको विकास, चरित्र चित्रण र लेखकको आशय स्पष्ट गर्ने क्रममा कथोपकथन (संवाद) को प्रयोग आवश्यक र अपरिहार्य मानिन्छ । कथोपकथनले उपन्यासमा वर्णन भएका घटनालाई रोचकता प्रदान गर्ने र उपन्यासमा प्रयोग भएका पात्रहरूको आन्तरिक तथा वाह्य प्रतिक्रियाहरूलाई प्रस्तुत गर्ने कार्यमा सहयोग पुऱ्याएको हुन्छ । यस्तै गरी उपन्यसभित्र प्रस्तुत संस्कार, समाज, रीतिरिवाज, संरचना जस्ता सामाजिक पक्षहरूको उत्खनन गर्ने कार्यमा प्रयोग हुन्छ । हरेक उपन्यासमा विभिन्न वर्ग क्षेत्र र संस्कारका पात्रहरू हुन्छन् । उनीहरूको शैक्षिक, धार्मिक, संस्कृतिक र भाषिक स्तरको मापन गर्ने कार्यमा उपन्यास भित्रको कथोपकथनले महत्त्पूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस्तै गरी उपन्यासमा प्रयोग हुने संवादको आधारमा माथिल्लो र तल्लो वर्गका व्यक्तिहरूको भाषिक भिन्नतामा समेत फरक पाउन सकिन्छ ।

जस्तै यस उपन्यास भित्रका दुई वर्गका पात्र गोपे ढकाल र नेप्टे धर्तीको बीचमा भएको संवादलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

गोपे ढकाल - ला ! मिठो सिग्रेट खाइहाल तिमेरुसँग कुराकानी गर्न । (गरुद सिग्रेट एक खिली नेप्टेलाई दिदैं)

नेप्टे धर्ती - के कुराकानी गर्न भन्नुस्न ?

गोपे ढकाल - अरु कुरा होइन, हुनत कुरा काट्ने फाटो पार्ने मान्छेको हिसाब छैन । तैपनि मैले घुइरो-घुइरो सुनेको हुँ । हल्ला सुनेको कुरो भनौं है ?

नेप्टे धर्ती - भन्नुस न !

गोपे ढकाल - हैन तैंले झण्ड्या दुईटै कागज डोराँ पेश गर्छु । बस्या घडेरी नि तीन खण्डे मोहीयानी लेखाउँछु भन्या छस् रे । भन्ने सुनेका कुरा हुन् । तैपनि तैलाई भनौं भनेर आको ।

नेप्टे धर्ती - खै ! मैले त भन्या जस्तो लाग्दैन !

गोपे ढकाल - हो त के गर्थिस नि ! पिता पूर्खाको धर्म पोल्न त्यसै काउत फिजाउँचन, तेरो हाम्रो विचार फटाउन छोटो जात भन्या छोटै हो ।

नेप्टे धर्ती - हैन ठूलाउलाई कसले सुनायो यो कुरा ?

गोपे ढकाल - भन्न त नभन कबे कामीले हो भन्या ।[26]

यसरी वर्ग र जाती अनुसारको संवादको प्रयोगले उपन्यासलाई रोचक बनाउनुको साथै कथा वस्तुलाई गहन बनाउन सहयोग पुऱ्याएको छ । यस्तै अरु संवादहरूमा नेप्टे र लाहुर्नी कान्छीको बीचको प्रेम प्रसँगका संवाद गाउँलेहरू र खरदारबीचको संवाद, गोपे ढकाल सँगै गाउँलेहरूले गरेको संवाद लगायतका प्रशस्त संवादको प्रयोगले उपन्यासको कथानकलाई व्यवस्थित रुपमा अगाडि बढाएको मात्र छैन, आवश्यक कौतुहलताको निमार्ण गर्न सहयोग पनि पुऱ्याएको छ । कथोपकथनको सहयोगले नै पात्रको चरित्रलाई बुझ्न सकिने र परिवेशको समेत आँकलन गर्न सजिलो हुने हुँदा यस उपन्यासलाई सामाजिक यथार्थको धरातलमा पुऱ्याउने कार्यमा सघाउ पुऱ्याएको छ ।

---

[26] ljgf]b k|;fb lwtfn, pHofnf] x"g" cl#, sf&df)*f}, ;femf k|sfzg, 2028 .

### ४.४.४ देश,काल र परिस्थिति

उपन्यासमा घटनाहरू घटाइएका ठाँउहरू अर्थात अञ्चल, जिल्ला, गाँउ, शहरमात्र नभएर उपन्यासमा वर्णित कुनै विशिष्ट युग र काललाई समेत उपन्यासको परिवेश वा वातावरणको रुपमा लिन सकिन्छ । यसरी उपन्यसमा प्रयोग भएको विभिन्न ठाँउ, युग र समयको प्रयोगलाई औपन्यसिक परिवेशको रुपमा लिने गरिन्छ । अर्को शब्दमा भन्नु पर्दा औपन्यासिक पात्रहरू जहाँ, जुन स्थान र समयमा रहेर काम गर्छन, त्यस्तो घटना र समयको वरिपरिको आन्तरिक र वाह्य स्थितिलाई देश, काल र वातावरणको नाम दिइन्छ । कुनै काम हुनका लागि उपयुक्त स्थान उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसरी प्रयोग भएको परिवेशले उपन्यासको विश्वसनियता, पात्रहरूको यथार्थता र लेखकको जीवन दृष्टि समेतलाई प्रष्ट पार्न महत्त्पूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।[27]

'उज्यालो हुनु अघि' उपन्यासको भौगोलिक परिवेश नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गोरखा जिल्लाको क्षेत्र नं २ अन्तरगत उत्तरी भेकमा पर्ने हालको खरीबोट गा.वि.स र यसैको सेरोफेरो हो । उत्तरतिर देखिने दुधपोखरी, भेडा च्याङग्रहरू चराउने फराकिलो माडी, त्यसका मुनितिर पर्ने घनाजङ्गल चुत्रो तिलंगाको घारी, कालिज, चितुवा लगायत विभिन्न उच्च पहाडी क्षेत्रका वनजङ्गल, दुधपोखरी उद्गम स्थल भएको चेपेनदी, पारिपट्टि फराकिलो विचौर गाउँ र वारिपट्टि उत्तर दक्षिण भिरालो परेको पहाड सिरानमा अपुन गाउँ, खिन्पु र सिस्ने गाउँ त्यसको ठीक तलतिर खरीबोट भन्ज्याङ्ग गाउँ, उत्तर पूर्वी भेगको भच्चेक बजार, दक्षिणतिर काफलडाँडा, सुँगुरे, भच्चेक जस्ता भौगोलिक र प्राकृतिक परिवेशमा यो उपन्यासको रचना भएको छ । यस क्षेत्रमा बसोबास गर्ने मानिस अधिकांश अशिक्षित छन् । यहाँ प्रयोग हुने भाषिकामा पूरै ग्राम्य पन पाइन्छ । त्यतिमात्र नभई ग्राम्य शैलीका गाली गलौजले पनि उपन्यासमा स्थान पाएको छ । सत्यनारायणको पूजा गर्नु, रुद्रीपुटि लगाउनु, श्राद्ध, अघौं गर्नु जस्ता सांस्कृतिक धरोहरहरू समेत यस उपन्यासको परिवेश भित्र नै छन् । मेलापात, दाउरा

---

[27] /fk]Gb| :j]bL, kj{jt\, k[i& 18

घाँस, पालो-पर्म, अदियाँ-ठेक्का जस्ता सामाजिक परिवेश यहाँको अर्को अनुकरणीय क्षेत्र हो ।

संक्षेपमा भन्नु पर्दा "उज्यालो हुनुअघि" उपन्यासको राजनैतिक परिवेश २०२८ तिरको पञ्चायती शासनकालको रजगज अवस्था हो । आञ्चलिक रुपबाट गोरखा जिल्लाको खरीबोट भञ्ज्याङ्ग, लस्सीबोट, भच्चेक, मुच्चोक र विचौर (लमजुङ्ग) लगायत यिनै क्षेत्र वरिपरिको चित्रण नै यस उपन्यासको परिवेश बनेको छ । त्यतिबेला गोरखाली समाज देखिएको अन्तरजातीय विवाहको स्थिति मुलुकी ऐन लागु भएपछि समाजमा देखिएको आशाको लहर र उथलपुथल, तल्लो जात माथिल्लो जात तथा वर्ग बीचको भेदभावपूर्ण व्यवहारको स्पष्ट चित्रण पनि परिवेशको रुपमा यस उपन्यासमा आएका छन् । यस्तै गरी लाहुर्नी कान्छी र नेप्टे घर्तीले विवाह गरे पश्चात् आसमतिर लाग्नु परेको हुँदा आसमको परिवेशलाई पनि सामान्य चित्रण गर्ने प्रयत्न यसमा गरिएको छ ।

## ४.४.५. द्वन्द्व वा सङ्घर्ष

उपन्यासका विभिन्न तत्वहरू मध्ये द्वन्द्व पनि चरित्रमा विद्यमान रहन्छ । हरेक कृतिमा प्रयोग हुने पात्रहरूको वैचारिक मतभेदका कारण द्वन्द्वको सिर्जना भएको हुन्छ । द्वन्द्वलाई अर्को शव्दमा सङ्घर्ष पनि भन्ने चलन छ । द्वन्द्व दुई किसिमका हुन्छन् । ती हुन् -आन्तरिक द्वन्द्व र वाह्य द्वन्द्व । कुनै पात्रको भित्री मनमा पर्न आएको असङ्गतिका कारण आन्तरिक द्वन्द्वको सिर्जना हुन्छ । जसले गर्दा पात्रलाई यसो गरुँ कि उसो गरुँको अवस्थामा पुऱ्याउने गर्दछ । जुन कुनै पात्रको मनमा उत्पन्न हुने सकरात्मक र नकारात्मक भावनाको कारणले यस्तो प्रकियाको सुरुवात हुन्छ र छताछुल्ल हुन्छ । यस्तै दुई फरक-फरक विचारको प्रतिनिधित्व गर्ने पात्रका बीचमा हुनै आपसी भनाभन र त्यसको कारणवाट उत्पन्न लडाइँ झगडा जस्ता कुरालाई बाह्य द्वन्द्व भनिन्छ । यस किसिमको द्वन्द्व व्यक्ति- व्यक्तिका बीच, समाज-समाजका बीच एउटा देश र अर्को देशको बीच र पुरानो पुस्ता र नयाँ पुस्ताको बीच आदि विभिन्न सन्दर्भमा भइरहेको देखिनछ ।

द्वन्द्वका दृष्टिले हेर्दा 'उज्यालो हुनु अघि' उपन्यास बाहय द्धन्द्धकाट सशक्त छ । यसमा पात्रको मनमा असङ्गत सिर्जना भई आन्तरिक द्वन्द्व पाइए तापनि बाह्य द्वन्द्व बढी सबल देखिन्छ र खास गरी नयाँ पुस्ता र पुरानो पुस्ताको फरक-फरक विचारबाट उत्पन्न

बाह्य द्वन्द्वका प्रभावले नै आन्तरिक द्वन्द्वको सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेको पुष्टि हुन्छ । 'उज्यालो हुनु अघि' उपन्यासमा प्रयोग भएको आन्तरिक र वाह्य दुवै किसिमका द्वन्द्वलाई विस्तारका साथै निन्नानुसार चर्चा गर्न सकिन्छ ।

### (क) आन्तरिक द्वन्द्व

यस उपन्यासमा प्रयोग भएका प्रमुख पात्र नेप्टे घर्ती र लाहुर्नी कान्छीको मनमा उत्पन्न भएका तनावले यस किसिमको द्वन्द्वलाई प्रवलरुपमा देखाएको छ । जुन तिनीहरूको सकारात्मक र सकारात्मक, सकारात्मक र नकारात्मक जस्ता फरक फरक विचारले गर्दा उत्प्रेरित भएको पाइन्छ । यसरी आन्तरिक द्वन्द्वको बारेमा चर्चा हुँदा निम्नानुसार अगाडि बढ्न सकिन्छ :-

### अ) सकारात्मक र सकारात्मक विचारले उत्पन्न हुने द्वन्द्व

यस प्रकारको एउटै मनमा उस्तै सकारात्मक र सकारात्मक विचारबाट उत्पन्न हुने गर्दछ । यस उपन्यासका नायक नायिका नेप्टे घर्ती र लाहुर्नी कान्छी यस्तै खालको द्वन्द्वबाट बढी पीडित भएको देखिन्छ । उपन्यासमा घटित घटना अनुसार नेप्टे र लाहुर्नी कान्छी बीच जङ्गलमा चुत्रो टिप्दाको समयमा परिचय हुन्छ र छोटो भेट र परिचयबाट तिनीहरूमा आपसी प्रेम गाढा हुनुको साथै शारीरिक सम्पर्क पनि भइसकेको हुन्छ । आफ्नो प्रिय पति र छोराको असामयिक देहावसानको कारणले लाहुर्नी कान्छीले पतिवियोग र पुत्र वियोगको छटपटी सहनु परेको छ । यस्तो दयनीय परिवेशमा बाँचेकी लाहुर्नी कान्छीले आफूलाई जीवनमा साहरा दिन सक्ने उपयुक्त पुरुषको रुपमा नेप्टेलाई ठान्छे र आफ्नो सम्पूर्ण तन, मन र धन उसैका लागि खर्च गर्छे । यसरी लाहुर्नी कान्छीले नेप्टेप्रति गरेको सम्पूर्ण व्यवहारलाई अध्ययन गर्दा सकारात्मक मान्नु पर्छ भने अर्कोतर्फ लाहुर्नी कान्छीले आफूलाई विधवा र तल्लो जातकी ठानेर नेप्टे घर्तीले दीर्घजीवी प्रेम गर्दैन कि भन्दै चिन्ताले छटपटाइ रहेकी हुन्छे । लाहुर्नी कान्छी यसरी छटपटिनुलाई सकरात्मक पक्ष मान्न सकिन्छ । अर्कोतर्फ गर्भवती भइसकेकी लाहुर्नी कान्छी नेप्टे घर्तीले स्वीकार गर्दैन कि भनेर गर्भपतन गराउन पुग्नुलाई पनि सकरात्मक पक्ष नै मान्नु पर्दछ ।

यी विभिन्न घटनाको आधारमा लाहुर्नी कान्छीको मनमा पैदा भएको सकरात्मक र नकरात्मक पक्षका वीचको द्वन्द्वलाई स्पष्ट रुपमा देख्न सकिन्छ ।

त्यसरी नै नेप्टे घर्तीमा पनि यस प्रकारको द्वन्द्व रहेको देख्न सकिन्छ । प्रगतिशील विचार भएको नेप्टेले दलित जातकी विधवा लाहुर्नी कान्छीको सुन्दर रुपबाट आकर्षित भई प्रेम गर्नु सकरात्मक पक्ष हो । रुढी ग्रस्त समाजले उनीहरूको सम्बन्ध थाहा पाइसके पछि विभिन्न खालका नकरात्मक व्यवहार गर्न पुग्छन् भने नेप्टे घर्तीको मनमा अब यस समस्यालाई कसरी समाधान गर्ने भन्ने अन्तर द्वन्द्व उत्पन्न हुन्छ । समस्या समाधानका लागि लामो समयसम्म विभिन्न उपायहरू आउछन्, तर सम्भव नहुने ठानेर अन्त्यमा आसामतिर लाग्ने निधो गर्दछ । यो कदम उसको सकरात्मक कदम हो । यसरी लाहुर्नी कान्छी र नेप्टे धर्ती बीच भएका यस्ता खालका अन्तरद्वन्द्वले सकरात्मक र नकरात्मक विचारबाट उत्पन्न आन्तरिक द्वन्द्वलाई स्पष्ट पार्दछ ।

**आ) सकरात्मक र नकरात्मक विचार बीचको द्वन्द्व :-**

'उज्यालो हुनु अघि' उपन्यासका सकरात्मक र नकरात्मक विचार वीचबाट उत्पन्न द्वन्द्व पनि प्रशस्त मात्रामा पाइन्छ । यस्तो प्रकारको द्वन्द्व पनि लाहुर्नी कान्छी र नेप्टे घर्तीमा नै बढी देखिन्छ । पति र पुत्रको मृत्यु पश्चात् विक्षिप्त अवस्थामा पुगेकी लाहुर्नीले नेप्टेलाई आफ्नो क्षतिपूर्तिको साधन बनाई सम्पूर्ण जीवनलाई अर्पण गर्नु सकारात्मक पक्ष हो भने तत्कालीन समाजमा विद्यमान रहेको जातीय र सांस्कृतिक अस्थिरता एवं मर्यादालाई भुलेर आफ्नो स्वार्थलाई सिद्ध गर्नमात्र तल्लीन हुनुलाई उसको नकारात्मक कदम हो भन्न सकिन्छ । त्यतिमात्र होइन आफूसँग नेप्टेले गरेको सच्चा प्रेमको गीत हुँदाहुदै पनि समाजमा सङ्घर्ष गरेर पनि जिउनु पर्छ भन्ने मान्यता नराखी कायरतापूर्वक भ्रूण हत्या गर्नु र नेप्टेसँग आसामतिर पलायन हुने सहमती जनाउनु उसमा भएको नकारात्मक विचार हो । यस्तै गरी दुई किसिमका द्वन्द्वहरू उसको चरित्रमा भेट्न सकिन्छ । विधवा र तल्लो जातकी (दलित) लाहुर्नी कान्छीसंग प्रेमविवाह गरी छुवाछुत र रुढीग्रस्त समाजलाई सुधार गर्नुपर्छ भन्ने मानसिकता राख्नु उसको सकारात्मक पक्ष हो भने समाजले दुई चार दिन कुरा काट्दैमा अत्तालिएर द्वन्द्वमा फँसेको नेप्टेले लाहुर्नी कान्छीलाई सबै थोक ठानेर आसामतिर लाग्नु नकारात्मक पक्ष हो । यस

प्रकार लाहुर्नी कान्छी र नेप्टे घर्ती बीच भएको प्रेम र बसाई सराइ प्रसङ्गलाई नियाँलेर हेर्दा सकारात्मक र नकारात्मक बीचको द्वन्द्वलाई सारमा बुझ्न सकिन्छ ।

यसरी उपन्यासमा देखा परेका पात्रहरू नेप्टे घर्ती र लाहुर्नी कान्छीको मनमा पैदा भएका सकरात्मक र सकारात्मक तथा नकारात्मक र सकारात्मक विचारबाट उत्पन्न आन्तरिक द्वन्द्व उपन्यासमा घटित भएको पाइन्छ भने यसले उपन्यासमा कौतुहलता सिर्जना गराइ रोचकता प्रस्तुत गर्नमा समेत यथेष्ट भूमिका निर्वाह गरेको पाइन्छ ।

### (ख) बाह्य द्वन्द्व

'उज्यालो हुनु अघि' उपन्यासका बाह्य द्वन्द्व पनि पर्याप्त मात्रामा पाइन्छ । यस्तो खालको द्वन्द्व खास गरी नयाँ पुस्ता र पुरानो पुस्ता, शोषक वर्ग र शोषित वर्ग, माथिल्लो जात र दलित जात बीचमा बढी पाइन्छ भने शोषितहरूकै बीचमा पनि द्वन्द्वको आगो सल्केको पाइन्छ । यस उपन्यासका नायक-नायिका नेप्टे घर्ती (ठूले) र लाहुर्नी कान्छीले नयाँ पुस्ताको नेतृत्व गरेर द्वन्द्वमा भाग लिएका छन् भने नेप्टेका बाबु आमा, माइलाघर्ती र माइली घर्तीनी लगायत भञ्ज्याङ्ग गाउँका बुढाबुढी सबैले पुरानो पुस्ताको प्रतिनिधित्व गरेका छन् । नेप्टे र लाहुर्नी बीच भएको प्रेमविवाह नयाँ विचारका वाहक र परिवर्तन चाहने नयाँ पुस्ताको उदाहरण हो भने तथाकथित छुवाछुत र रुढी ग्रस्तताले गाँजिएको समाजले तिनीहरूलाई गाउँघरमा अनेक कुरा काटेर र भ्रम छरेर टिक्नखान दिदैनन् । जसरी भएपनि गाउँमा नै घरजाम गरेर बस्ने अठोट बोकेको नेप्टेले जति सङ्घर्ष गरेपनि माइला घर्ती र घर्तीनी लगायत त्यहाँको समाजको मन जित्न सक्दैन र केही सीप नलागी नेप्टे र कान्छी आसामतिर लाग्दछन् ।

त्यसै गरी उपन्यासमा शोषक र शोषित बीचको द्वन्द्व पनि पाउन सकिन्छ । नेप्टे घर्ती र रम्तेलहरूले शोषित वर्गको प्रतिनिधित्व गरेको छन् भने प्रधानपञ्च, गोपे ढकाल, मुखिया, साहुकान्छा भूमिसुधारको खरिदारले शोषक वर्गको प्रतिनिधित्व गरेको छन् । यी मध्ये द्वन्द्वका दृष्टिले हेर्दा नेप्टे घर्ती र गोपे ढकाल बीच भएको भनाभनले द्वन्द्वको भूमिका निर्वाह गरेको छ, जस अन्तर्गत नेप्टे घर्तीले गोपे ढकालसँग मुलुकी ऐनबाट प्राप्त मोहीयानी हकको कुरा उठाउँदा गोपे ढकालले नेप्टेलाई दिएको नकारात्मक उत्तरको प्रतिशोधपछि नेप्टेले गोपे ढकाललाई दिएका चुनौतीहरूको अध्ययन गर्दा शोषक वर्ग र

शोषित वर्गबीचको द्वन्द्वलाई स्पष्ट देख्न सकिन्छ । त्यसैगरी "भूमिसुधार लागु गराई श्री ५ को सरकारको सदिच्छा सफलीभूत बनाउनु हामी सबैको कर्तव्य हो, शोषण रहित समाजको निमार्ण गर्नु सरकारको लक्ष्य हो" भन्दै गाउँमा भूमिसुधार लागु गर्न खटिएको भूमिसुधारको खरिदारको व्यवहारले पनि शोषक वर्गको प्रतिनिधित्व गरेको छ । भूमिसुधारको बारेमा जिज्ञासा उठाएर सोधिएका प्रश्न र रम्तेलहरूबीच भएको भनाभनले पनि बाह्यद्वन्द्वको निर्माणमा सबल भूमिका निर्वाह गरेको देखिन्छ ।

बाह्य द्वन्द्व सबल रुपमा माथिल्लो जात र दलित जातका बीचमा भएका घटनाहरूमा बढी देखिन्छ । नेप्टे घर्तीले दलित जातकी लाहुर्नी कान्छीसंग गरेको प्रेम विवाहले यस प्रकारको द्वन्द्वलाई नजिक र टड्कारो रुपमा अगाडि बढाएको छ । गाउँको एउटा घर्ती युवाले दलित जातकी विधवा युवतीसंग प्रेमविवाह गरेपछि रुढीग्रस्त परम्पराले गाँजिएको तथाकथित अन्धो समाजले नेप्टेलाई तत्कालीन समाजमा दलित पात्रलाई गर्ने व्यवाहर गर्न सुरु गर्दछ । नेप्टे समाजबाट मात्र नभई आफ्नै घर र बाबु आमाबाट समेत बहिष्कृत हुन्छ । समाजले जस्तो सुकै व्यवहार गरेपनि तथाकथित माथिल्लो जात भनिनेहरूसंग संघर्ष गरेर गाउँमा नै बस्ने र समाजलाई बिस्तारै परिवर्तित तथा प्रगतिशिल बनाउदै लैजाने अठोट गर्छ । आफ्नै बाबुआमाले पनि बहिष्कार गरेपछि उसको पो के लाग्थ्यो र ? अन्त्यमा आफू एक्लो एकातिर र पूरै परिवार एंव समाज अर्कोतिर भएपछि ऊ निराश हुन्छ अनि आसामतिर लाग्न विवश हुन्छ । यसरी नेप्टे घर्तीले लाहुर्नी कान्छीसँग गरेको प्रेमविवाह पश्चात् समाजसँग गरेको सङ्घर्षलाई हेर्दा त्यहाँ भएको जातिगत सङ्घर्षलाई स्पष्ट रुपले देख्न सकिन्छ ।

## ४.४.६. भाषाशैली

उपन्यासको मूलविषय, कथावस्तु, घटेका घटना, चरित्र, आदि पूर्ण रुपले तयार भैसकेपछि तिनीहरूलाई औपन्यासिक रुप प्रदान गर्न लेखकले जुन ढाँचा अपनाउँछ, त्यसैलाई शैली भन्ने गरिन्छ । यसभित्र रचना, शैली, भाषा आदिका शिल्पहरू मिसिएका

हुन्छन् । कृतिको प्रस्तुतीकरणमा नवीनता भएन भने जस्तोसुकै घटनाहरू वर्णित र घटित भए तापनि पाठकलाई रोचकता प्रदान गर्न सकिदैन । उपन्यासको फाँटमा देखिएका हरेक उपन्यासकारहरूले आ-आफ्नै प्रकारका रचना शैलीको प्रयोग गरेका हुन्छन् अर्थात् तिनीहरूको भाषा प्रयोगमा पनि आफ्नैपन रहेको हुन्छ । कथावस्तु अनुरुप घटनाक्रमको सिलसिला फरक हुनु, देशकाल र परिस्थिति अनुसारको भाषा प्रयोग हुनु, स्थानीय थेगो, लोकोक्ति आदिको उचित विन्यास हुनु, विभिन्न खाले शब्दालंकार र अर्थलङ्कारले सुहाउँदा स्थानमा प्रयोग हने अवसर प्राप्त गर्नु आदिले उपन्यासको भाषा र शैलीलाई राम्ररी निर्धारण गरेको हुन्छ । त्यस्तै शब्द, वाक्य आदि लगायतका भाषागत विषयहरूमा लेखकको व्यक्तित्व, ज्ञान, अध्ययन, अनुभूति, चिन्तन, मनन आदिबाट भएका विषयबोधमा नै मुख्यतया भाषा शैलीले भर गर्ने गरेको हुन्छ । यसै आधारमा उपन्यासकारले आफ्नै उपन्यासलाई विशिष्ट रुपमा प्रभावकारी तुल्याउन सक्छ । कुशल र दक्ष लेखकहरूले भाषा शैलीमा आफ्नो छुट्टै पहिचान गराएका हुन्छन् । यसरी भाषाले कुनै पनि कृतिलाई अझै सम्प्रेषणीयता प्रदान गरी बढीभन्दा बढी पाठकहरू समक्ष आफ्नो विचार वा चिन्तनलाई प्रस्तुत गर्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हन्छन् । उपन्यासका आवश्यक तत्वहरूका आधारमा भाषा शैलीलाई छुट्टा-छुट्टै चर्चा गर्ने गरिन्छ । विद्वान्हरूले भाषा शैलीलाई उपन्यासका लागि आवश्यक पर्ने तत्वको रुपमा हेरेका छन् ।त्यसैले सफल उपन्यासका लागि भाषा र शैलीको महत्त्वपूर्ण भूमिका रहेको मानिन्छ ।

उपन्यासकारले क्षेत्रीय भाषाको माध्यमबाट त्यस क्षेत्रमा स्थायी रुपले आफ्नो दिनाचार्य सञ्चालन गरिरहेका धारणा र वैचारिक पक्षलाई राम्ररी उजागर गरेका छन् । उपन्यास भित्र चाहार्दा भाषामा वर्गीय भेद अर्थात उच्च वर्ग र तल्लो वर्गका मानिसले बोल्ने भाषा फरक-फरक देखिन्छन् । शिक्षित र सभ्य भनेर आफूलाई कुलीन वर्गमा राख्नेहरूको भाषा शुद्ध र स्पष्ट छ भन्नेकुरा खरिदारले प्रयोग गरेको भाषाबाट प्रष्ट हुन्छ । त्यस्तै उपन्यासको सुरु देखि अन्त्यसम्म अध्ययन गर्दै जाने क्रममा गाउँलेहरूमा पनि सम्भ्रान्तता र निमुखाको झलक भाषाले नै दिएको पाइन्छ । त्यसमा पनि शुद्ध गोरखाली भाषालाई प्रयोग गर्ने क्रममा खाइन्छ, गरिन्छ, बसिन्छ, हिडिन्छ, जस्ता क्रियामा ‘छ’ को सट्टा ‘च’ को प्रयोग भइ खाइन्च, गरिन्च, बसिन्च, हिडिन्च जस्ता उच्चारणहरू प्रायः

तल्ला र अशिक्षित वर्गवाट गराइएको छ । भाषागत दृष्टिले हेर्दा यस उपन्यासले बढी मात्रामा पश्चिमी नेपालको गोरखा र लमजुङ्गको यथार्थलाई बढी चित्रण गरेको पाइन्छ ।

सुरुदेखि अन्त्यसम्म सलल बगेको रेखीय शैलीले कथानकलाई उच्चता प्रदानमात्र गरेको छैन, ज्यादै सरल र संगठित पनि बनाएको छ । उपन्यासको प्रारम्भमा प्रस्तुत गरिएको गीत र अन्त्यतिर प्रयोगमा आएका उखानटुक्काको प्रयोगले पनि शैलीको उत्कृष्टतालाई उजागर गरेको छ । यस्तै गरी उपन्यासमा प्रयोग भएका पात्रहरूको स्तर अनुरुप भाषाको प्रयोग गर्नु, स्थानीय भाषिकालाई व्यवस्थित रुपमा छानिएका पात्रका मुखबाट भन्न लगाउनु, आवश्यकता अनुसार संस्कृति र परम्पराको आड लिएर द्वन्द्वको सिर्जना गराउनु, प्रगतिशीलता र परम्पराको द्वन्द्वलाई सङ्क्रमणकालीन समाजभित्र प्रवेश गराई विषयवस्तुलाई उच्चता प्रदान गर्नु जस्ता क्रियाकलापले यो उपन्यासको लेखनशैली युग सापेक्ष समाजको चित्रण गर्नमा सफल रहेको देखिन्छ ।

## ४.४.७. उद्देश्य वा जीवन दर्शन

उपन्यासमा प्रयुक्त हुने विभिन्न तत्वहरूमध्ये उद्देश्य तथा जीवन दर्शन पनि एक महत्त्पूर्ण तत्व हो । उद्देश्यलाई कृतिको दर्शन, सारवस्तु, विचार आदि भनेर चर्चा गर्ने गरेको पाइन्छ । जुनकुनै उपन्यासकारले पनि उपन्यासको रचनाकर्ताको पछाडि एक न एक उद्देश्य राखेकै हुन्छ । उपन्यासमा प्रयोग हुने विभिन्न पात्र र कथानकको माध्यमबाट विचार तथा चिन्तन प्रस्तुत गर्दै जाँदा लेखकले दिनखोजेको जीवन दर्शन यही रहेछ भन्ने कुरा विस्तारै पाठकले ग्रहण गर्दछ, त्यो नै उपन्यासको उद्देश्य हो । उद्देश्यबिना कुनै पनि उपन्यासको सिर्जना भएको हुदैन ।

'उज्यालो हुनुअघि' उपन्यासको खास उद्देश्य गोरखा र आसपासका ग्रामीण समाजको यथार्थ चित्रण र पञ्चायती तानाशाही व्यवस्था प्रति व्यङ्ग्य गर्नु हो । यस्तै गरी तत्कालीन अवस्थामा लागु गरिएको भूमिसुधार कार्यक्रम र मुलुकी ऐनको वास्तविकता प्रस्तुत गर्नु हो । उपन्यासकै सेरोफेरो लाई प्रयोग गरेर उपन्यासकारले धनी र गरिब बीच देखिदै आएको सामाजिक असमानताले गर्दा पर्न गएको विभिन्न समस्याहरूलाई देखाउँदै समाजका निम्न जात भनिएका र तल्लो वर्गका रुपमा हेपिएका सबैले समान अधिकार पाउनु पर्छ । ऐन कानुन भनेको सबैको निम्ति हो । गरिबले मात्र

सामाजिक बन्धनमा बाँधिनु पर्ने मानसिक यातना भोग्नु पर्ने जस्ता स्थिति हुनु हुदैन भन्ने कुरा देखाउने पनि यो उपन्यासको उद्देश्य हो । गरिब भन्दैमा तल्लो जातकी महिलासँग वास्तविक प्रेम गर्न नहुने तर धनी वर्गले समाजमा लुकी चोरी तल्लो जातको आइमाईसँग साचो प्रेमको नाममा अबैध यौन सन्तुष्टि लिने जस्ता कार्य गर्दा पनि उनीहरूको जातीयतामा कुनै प्रकारको दाग नलाग्ने जस्ता घटनाहरू पाइन्छ । त्यसैले त यस्ता विविधताहरू नभई समानता हुनु पर्दछ भन्ने कुरा देखाउनु यो उपन्यासको उदेश्य हो । उपन्यासमा माथिल्लो वर्गले आफ्नो धर्म समेत फरक भएका गोराहरू सँग बसेर खानपिन गर्दा कुनै हिचकिचावट नहुने तर आफूसँगै गुजारा गरेर बस्ने गाँउका तल्लो जातका मानिसहरूलाई छुँदा धर्म नास हुने यो कस्तो बिडम्बना हो ? यस्तो खालको भेदभाव हटाएर शिक्षाको उज्यालो छर्दै समाज विकाशको गतिलाई अगाडि बढाउनु पर्छ भन्ने सन्देश दिन खोज्नु पनि उपन्यासको उदेश्य हो । तत्कालीन रुढीग्रस्त समाजमा तल्लो वर्गको नेप्टे घर्ती र अशिक्षित तथा निम्न जातको विधवा लाहुर्नी कान्छी बीच प्रेम विवाह सम्पन्न गराउनु भनेको तत्कालीन समाजलाई चुनौती दिनु हो । यी विभिन्न कुराहरूको आधारमा उपन्यासकारले मानिसहरूले आफ्नो परम्परागत विचारलाई छोडी परिवर्तनशील भएर अगाडि बढ्नु पर्छ । ऐन नियम कानुन जस्ता न्यायका पक्षले धनी गरिब निम्न जात उच्च जात जो सुकैलाई पनि समान दृष्टिले हर्नु पर्छ भन्ने कुराहरू पनि उपन्यासका उद्देश्यका रुपमा वा जीवन दर्शनका रुपमा आएका छन् ।

### ४.४.८ निष्कर्ष

हरेक स्रष्टाले विशेषतः हामी बीचबाट नै साहित्य सृजनाका विषयवस्तु टिपेर लिएका हुन्छन् । मानिसको जीवन गतिशील भए जस्तै साीहित्यमा पनि विषयवस्तु एंव पात्र गतिशील भएर आएका हुन्छन् । उज्यालो हुनु अघि उपन्यासमा पनि पात्रहरू गतिशील भएर आए छन् । विभिन्न धाराहरू मध्ये यो उज्यालो हुनु अघि उपन्यास विनोद प्रसाद धितालको उज्यालो हुनु अघि उपन्यास गोरखा जिल्लाको हंसपुर, खरीबोट, लम्जुङको बिचौर आदि क्षेत्रको वरिपरीको घटनाक्रममा आधारित रहेको छ ।

पञ्चायत व्यवस्थाको शुत्रपात पछि अर्थात २०२० को दशकताका गोरखा जिल्लाको उत्तर क्षेत्र हंसपुर खरिबोट काफलडाँडा, लम्जुङ्गको विचौरमा घटित

वास्तविक घटनाको लेखाजोखा गरी बनेको उपन्यासमा लाहुर्नी कान्छी र नेप्टे घर्ती बीचको प्रेममा आधारित कथानक रहेको उपन्यासमा विभिन्न अन्य सहायक, गौण पात्रहरूको उपस्थित रहेको छ छुवाछुत प्रथामा केही सुधार आए पनि छुवाछत प्रथाको निरन्तरता रहेको समयमा अन्तर जातिय एंव विधवा विवाह गर्न सक्नुलाई यस उपन्यासमा सफल, गतिशील पात्रको क्रियाशिलता रहेको पाइन्छ । गोरखा स्थानीय भाषिकाको समेत यस उपन्यासमा प्रयोग भएको छ । तत्कालीन समयमा पनि गोरखा जिल्लाको स्थानीय ठाँउ प्राकृतिक अवस्था वातावरण, रीतिरीवाज, चालचलनलाई जस्ताको तस्तै उतार्न सक्नु सवल पक्षको रुपमा लिन सकिन्छ । वनजङ्गल भेडा, च्याङ्ग्रा स्लेट ढुङ्गा जस्ता कुराहरूको उल्लेख गरेर उपन्यासमा थप रोचकता सृजना गराइएको छ । पुरानो समाज र नयाँ समाजको बीचमा पात्रगत उपस्थिति गराएर अन्तरिक र वाह्य द्वन्द भएको उज्यालो हुनु अघि उपन्यासमा विनोदप्रसाद धिताल सफल देखिएका छन् । अन्ततः पुरानो समाजलाई नयाँ समाजले यस उपन्यासमा जित गराएर सकारात्मक र नकारात्मक द्वन्दमा सकारात्मक द्वन्दले निरन्तरता पाइको छ । यसरी यो उपन्यास द्वन्द भाषाशैली आदि क्षेत्रमा यो उपन्यास सफल रहेको छ ।

# पाँचौं परिच्छेद

## उपसंहार

वि.सं. १९८० को जेठ महिनामा काठमाडौँको त्रिपुरेश्वरमा जन्मिएका विनोद प्रसाद धितालले प्रारम्भिक शिक्षा घरबाटै गरेर दरबार हाई स्कूलबाट विद्यालय जीवनको शुरु गरी त्रिचन्द्र कलेजबाट वी.ए. र नेपाल ल क्याम्पसबाट वी.एल.पूरा गरी आफ्नै निजी खर्चमा पटना विश्वविद्यालयबाट एम.ए. सम्मको अध्ययन पूरा गरेको थिए । आफू विद्यार्थी रहँदादेखि नै दरबार हाईस्कूलमा शिक्षक भएर आफ्नो पेशाको श्री गणेश गरी वि.स. २००५ देखि तत्कालीन श्री ५ को सरकारको सेवामा प्रवेश गरेका धितालले लामो समयसम्म सरकारी सेवामा संलग्न रहेर सचिवको पदसम्म सम्हाल्न सफल भए । एउटा योग्य र कुशल प्रशासकका रुपमा स्थापित भएका धितालले “प्रबल गोरखा दक्षिण बाहु” पुरस्कारबाट समेत विभूषित भएका थिए ।

सरकारी सेवामा लामो समयसम्म सेवारत भए पनि उनको साहित्यिक लगाव भने जीवनको प्रारम्भदेखि नै सुरु भएको पाइन्छ । वि.स. १९९४ को शारदा पत्रिकाबाट कविता प्रकाशन गराएका धितालले साहित्य सिर्जनामा जम्मा जम्मी सात दशक खर्च गरेका छन् । सिर्जना तथा कृतिहरूको निर्माणका लागि आफ्नो व्यस्त समय छुट्टयाउन नसके तापनि आफ्नो जीवनको प्रमुख रुचि क्षेत्र साहित्यलाई मानेको हुनाले उनले साहित्यका विविध विधामा आफ्नो कलम चलाएका थिए । समय अनुसार विभिन्न पत्रपत्रिकाहरू मार्फत कलमलाई तीखो बनाउँदै आएका धितालका पुस्तकार कृतिहरूमा ‘राधामिलन’ (खण्डकाव्य २०१३), ‘आचार्यविष्णु गप्त चाणक्य’ (अनुदित उपन्यास,२०२३), ‘उज्यालो हुनु अघि’ (उपन्यास २०२८), डिभाइन कमेडी (अनूदीत महाकाव्य २०४०) , योजनागन्धा (उपन्यास २०५२) र अस्ताउन लागेको चन्द्रमासँग (कविता संग्रह २०५८) हुन् । यी बाहेक उनका फुटकर रुपमा प्रकाशित साना-साना विभिन्न विधाका रचनाहरू पनि प्रशस्त मात्रामा पाइन्छन् ।

जीवनको पूर्वाद्धबाट नै कविता विधामा हात हालेर अगाडि बढेका धितालले अन्य थुप्रै विधामा हात हाले तापनि सबैभन्दा मन पर्ने विधा उपन्यास भएको कुरा उनी आफैले स्वीकारेका थिए । यसै क्रममा वि.सं. २०२३ सालमा ‘विष्णु गुप्त चाणक्य’ (हिन्दीको अनवाद), बाट उपन्यास विधामा लागेका धितालले आफ्नो जीवनमा दुईवटा मात्र मौलिक उपन्यास रचना गरेका छन् । धितालको ‘उज्यालो हुनु अघि’ उपन्यास २०२८ साल पूर्व पञ्चायती शासन व्यवस्थामा भरखर लागु भएको भूमिसुधार र मुलुकी ऐनले जनतामा

पारेको प्रभावलाई देखाउनुका साथै छुवाछुत र अन्धविश्वासले ग्रस्त समाजभित्रको उच्च तथा सम्भ्रान्त, (धनी) र दलित(सार्की) अर्थात् नेप्टे घर्ती र लाहुर्नी कान्छी बीच भएको अन्तरजातीय प्रेमविवाहलाई देखाई त्यसबाट समाज र तिनीहरू बीचमा परेको नकारात्मक असरलाई यथार्थ ढंगले छलङ्ग पारिएको छ । यसरी उपन्यासको रचना गर्ने क्रममा उनले गोरखा जिल्लाको उत्तरी भूभागमा पर्ने भञ्ज्याङ गाउँ र त्यस आसपास पर्ने खरीबोट, काफल डाँडा, सुँगुरे, भच्चेक, विचौर, मुच्चोक जस्ता गाउँको परिवेशलाई लिएर स्थानीय कथ्य भाषिकाको प्रयोग गर्न पनि सफल भएका छन् । सामाजिक विषयवस्तु र स्थानीय भाषिकाको प्रयोगबाट उक्त उपन्यासले नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा बोलिने भाषाको यथार्थ पहिचान गराउन सफल भएको छ ।

'उज्यालो हुनु अघि' उपन्यासमा आफू हुर्केको समाज र पैतृक बासस्थानमा रहेको सामाजिक अवस्थालाई नै आफ्नो विषयवस्तु बनाउने धितालले आफ्नो लेखनको उत्तरार्द्धमा आइपुग्दा सामाजिक विषयवस्तुलाई चटक्कै छोडेर पौराणिक विषयवस्तुमा प्रवेश गरेको पाइन्छ । उनको २०५२ साल तिर लेखिएको उपन्यास 'योजनागन्धा' पूर्ण रुपले पौराणिक उपन्यास हो । महाभारतको कथावस्तुलाई सामान्यीकरण गरेर लेखिएको यस उपन्यासले उनलाई उत्कृष्टताको माथिल्लो चुचुरोमा मात्र पुऱ्याएन, नेपाली उपन्यासको फाँटलाई महत्त्वपूर्ण विषयबस्तुले हराभरा समेत बनायो । मादी किनारको माझी परिवारमा जन्मेकी मत्स्य गन्धाको सम्पूर्ण जीवनलाई केलाउँदै निफन्दै गरेर बाल्यास्थासम्मका सम्पूर्ण घटनाहरूलाई प्रस्तुत गर्ने क्रममा एउटा बृहत गद्य काव्य नै बन्न पुगको छ, उनको 'योजनागन्धा' उपन्यास । यसरी सामाजिक यथार्थ देखि महाभारतीय कालखण्डलाई उल्लेख गर्ने क्षमता बोकेको धितालको योगदानलाई नेपाली उपन्यासका हरेक पाठकले कहिल्यै पनि भुल्न सक्दैनन् ।

नेपाली साहित्यमा जुनकुनै स्रष्टाले दिएको अतुलनीय योगदानलाई मूल्याङ्कन गर्नुपर्दा उसले सिर्जना गरेका कृतिहरूको संख्यात्मक, गुणात्मक र ऐतिहासिक आधारमा मूल्याङ्कन गर्ने गरिन्छ । यसर्थ उपन्यासकार धितालका उपन्यासको मूल्याङ्कन पनि सोही अनुसार गर्नु वाञ्छनीय देखिन्छ ।

सङ्ख्यात्मक दृष्टिले हेर्दा उपन्यासकार धितालका मौलिक उपन्यासहरू जम्मा दुईवटा छन् । ती दुईवटा उपन्यासहरूमा 'उज्यालो हुनु अघि' (२०२८) र योजना गन्धा (

२०५२) हुन् । आधुनिक नेपाली उपन्यासको सुरुवात स्व. रुद्रराज पाण्डेको रुपमती (१९९१) बाट भएपछि हालसम्म आउँदा विभिन्न उपन्यासकारहरूले निकै ठूलो सङ्ख्यामा उपन्यासको रचना गरी प्रकाशित गरिसकेका छन् । प्रायः उपन्यासकारहरू जस्तै रुद्रराज पाण्डे, काशी बहादुर श्रेष्ठ, भुवनेश्वर कोइराला, हरिहर शास्त्री, भारती खरेल, सुरेश राई, के.वी. नेपाली, लौनसिंह बाङ्देल, लीलबहादुर क्षेत्री, दौलत विक्रम विष्ट, तारानाथ शर्मा, भीमनिधि तिवारी, भवानी भिक्षु, ध्रुव चन्द्र गौतम, राजेश्वर देवकोटा, विश्वेश्वर प्रसाद कोइराला, ह्रदयचन्द्रसिह प्रधान जस्ता उपन्यासकारहरूले दुई वा दुई भन्दा बढी उपन्यासको रचना गरेर ख्याति कमाएका छन् भने रामकृष्ण कुँवर, सुरेन्द्र शाह, मोहन बहादुर मल्ल, इन्द्र बहादुर राई जस्ता उपन्यासकारहरूले एउटै मात्र उपन्यास लेखे पनि आफूलाई औपन्यासिक क्षेत्रमा स्थापित गराएकै छन् । यस आधारमा हेर्दा विनोद प्रसाद धितालले दुइवटा उपन्यास रचना गरेर नेपाली उपन्यासको परम्परालाई उर्वर तुल्याउन सहयोग गरेको हुँदा उनको संख्यात्मक योगदानलाई मध्यम स्तरको योगदानको रुपमा लिन सकिन्छ ।

उनको औपन्यासकि क्षेत्रभित्रको गुणात्मक योगदानलाई लिनुपर्दा हालसम्म प्रकाशित भएका “उज्यालो हुनु अघि” (२०२८) र ‘योजना गन्धा’ (२०५२) उपन्यासको अध्ययन गर्नुपर्ने हुन्छ । जस अन्तर्गत ‘उज्यालो हुनु अघि’ उपन्यासमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्र भित्र गोरखा जिल्ला र त्यस आसपासका समाजको यथार्थ चित्रण पाइन्छ ।

जीवनभर श्रम गरेर पनि राम्ररी जीवन धान्न मुश्किल पर्ने सामन्ती व्यवस्था र आफ्नो खुशीराजी बिहे गर्न अवसर पाए पनि सामाजिक र जातीय भेदभावको कारणले समाजबाट बहिष्कृत हुन पर्ने विवशतामा गुज्रिएका नेपालीहरूको कारुणिक अवस्थालाई यस उपन्यासमा राम्ररी चर्चा गरिएको छ । आञ्चलिकताको आधारमा हेर्दा गोरखा जिल्लाको उत्तर पश्चिमभेगमा पर्ने खरीबोट र भञ्जाङ्ग गाउँ साथै त्यस आसपासका क्षेत्रमा बसोबास गर्ने तल्लो जात भनेर हेपाइमा परेको सार्की (रम्तेल) जातकी लाहुर्नी कान्छी र नेप्टे घर्तीको अर्न्तजातीय प्रेम विवाहलाई आधार बनाउने कार्य भएको छ । यस्तै गरी नयाँ मुलुकी ऐन र भूमिसुधार व्यवस्था लागु भएपनि आफ्नो मौलिक हक र अधिकार समेत गुमाएर गाउँका मुखिया, जिम्मुवाल र साहुबाट ठगिएका निम्न जाति र

वर्गको अनुहारमा कुनै खुसीका रेखा देख्न नपाइएको यथार्थलाई पनि उपन्यासले समेटेको छ । उपन्यासमा प्रयोग भएको विषय वस्तु र शिल्पको प्रस्तुतिले सबैको मन छुने खालको बनाउन सक्नु उपन्यासकार धितालको अतुलनीय गुणात्मक योगदान हो ।

यति मात्र होइन, पूर्वीय साहित्य र संस्कृति अनुपम तथा उदाहरणीय ग्रन्थ महाभारतको कथावस्तुलाई उपजीव्य बनाई रचना भएको दोस्रो उपन्यास योजना गन्धा ( २०५२) मा महाभारत पुराणको कथानक भएता पनि त्यस मार्फत पाश्चात्य सभ्यता र संस्कृतिले आर्य सभ्यता र संस्कृति प्रति वर्तमान समयमा पर्न आएको विकृति र विसंगतिमा दृष्टि पुऱ्याउँदै पूर्वीय संस्कृति र मान्यताका महत्वमाथि राम्ररी प्रकाश पारेको छ । महाभारतका पात्रहरूलाई व्यापकरुपमा उपस्थित गराएर उनीहरूको स्तर अनुरुपको कथ्य भाषाको प्रयोग गर्दै पौराणिक परिवेश निकै व्यापक समेत बनाइएको छ । आन्तरिक र बाह्रय द्वन्द्वको सशक्त प्रयोग यस उपन्यासको संरचनागत आयाम पनि निकै फराकिलो छ । यसरी गुणात्मक दृष्टिले दुईवटै उपन्यासलाई हेर्दा बितनोद प्रसाद धितालले आधुनिक नेपाली उपन्यासको परम्परालाई सुदृढ र व्यवस्थित बनाउन महत्त्पूर्ण गुणात्मक योगदान दिएको कुरा स्पष्ट हुन्छ ।

आधुनिक नेपाली उपन्यासको इतिहासमा दुई फरक फरक धारका कथावस्तु समेटेर 'उज्यालो हुनु अघि' (२०२८) र 'योजना गन्धा' (२०५२) उपन्यास लेखी उपन्यासकारका रुपमा स्थापित भएका उपन्यासकार विनोद प्रासद धितालले दिएको ऐतिहासिक योगदान पनि मननीय नै छ । रुद्रराज पाण्डेको रुपमती (१९९१) बाट बिस्तारै बामे सर्दै अगाडि बढेको आधुनिक नेपाली उपन्यासले हालको अवस्थामा आइपुग्दा विभिन्न चरण र धारालाई समेत पार गरिसकेको छ । रुपमतीले सुरु गरेको आदर्शोन्मुख यथार्थवादी धारालाई रुपनारायण सिंहको भ्रमर (१९९२) ले समाज भित्रका विकृति, विसङ्गति, कुरीति, शोषण, दमन, अन्याय र अत्याचार आदिलाई यथार्थवादी ढंगले प्रस्तुत गर्दै नेपाली उपन्यासमा अर्को नयाँ सामाजिक यथार्थवादी धाराको श्री गणेश गऱ्यो । त्यस्तै गरी डायण्ड शमशेरको 'वसन्ती' (२००६) ले नेपालको इतिहासबाट विषयवस्तु लिएर रचना गरिएको हुनाले यसले यथार्थवाद भित्रबाट अर्को छुट्टै नयाँ ऐतिहासिक यथार्थवादवाद धाराको सुरुवात गऱ्यो । यसपछिका उपन्यासकारहरूले पूर्ववर्ती उपन्यासकारहरूको पद्धतिलाई अंगाल्दै आदर्शौन्मुख यथार्थवाद, स्वच्छतावादी, सामाजिक

यथार्थवादी , प्रकृतिवादी जस्ता धारालाई वरण गर्दै आफ्नो लेखन परम्परालाई कायम राख्दै गए । यसै सन्दर्भमा सामाजिक यर्थाथवादी धारालाई हु-बहु अनुकरण गर्दा एउटा नयाँ आयाम थप्ने कार्य विनोदप्रसाद धितालबाट रचना गरिएको 'उज्यालो हुनु अघि' ( २०२८) उपन्यासले गरेको कुरालाई कसैले पनि नकार्न मिल्दैन ।

नेपाली उपन्यासमा नयाँ-नयाँ धाराहरूको प्रवर्तन गराउने उपन्यासकारहरूको लहर पनि निकै लामो छ । जस अन्तर्गत उपन्यासकार गोविन्द गोठालेको 'पल्लोघरको भ्याल'(२०१६) ले पात्रहरूको आन्तरिक मनोविश्लेषण गर्ने र फ्रायडीय मनोविज्ञानलाई आधार मानेर मनोविश्लेषणवादी धाराको सूत्रपात गरे । यस पछि वि.सं. २०२१ मा एउटा मात्र उपन्यास लेखेर पनि चर्चाको शिखरमा पुग्न सफल भएका इन्द्रवहादुर राईले वि.स. २०२१ मा 'आज रमिता छ' उपन्यास लेखेर विसङ्गतिवादी धारालाई नेपाली माटोमा आमन्त्रण गरेको मानिन्छ । यसै गरी २०२२ मा पारिजातले 'शिरीषको फूल' मार्फत अस्तित्वादी धाराको प्रवर्तन गरिन् । जहाँ जीवनको निस्सारता, स्वच्छता र व्यर्थता जस्ता पक्षको चित्रण मात्र गरिएको छैन, मानव जीवनको मूल्यहीनता र विसङ्गतिको बीचबाट हरेक मानिसको अस्तित्व खोतल्ने कार्य भएको छ । यस्तै नेपाली उपन्यासको परम्परामा विश्वेश्वर प्रसाद कोइरालाको 'सुन्निमा' (२०२७) पौराणिक धाराको प्रवर्तन गरायो भने मोदी आइन (२०३६), हिटलर र यहुदी (२०३७) जस्ता उपन्यासले पौराणिक धारामा मिथकीयता थपेको पाइन्छ । त्यस्तै यस धारालाई अझै उचाइमा पुऱ्याउने अर्का सशक्त उपन्यासका मदन मणि दीक्षित हुन् । उनले आफ्नो माधवी उपन्यासको माध्यमबाट वैदिककालीन इतिहासलाई आफ्नो उपन्यासमा समेटेका छन् भने यसै परम्परामा विनोद प्रसाद धितालले योजना गन्धा (२०५२) मिसिन आएको छ ।

विनोद प्रसाद धितालले रचना गरेको दुइवटा उपन्यास मध्ये 'उज्यालो हुनु अघि' ( २०२८) मा सामाजिक विषयवस्तुको प्रयोग गरी त्यसलाई यथार्थ फरक ढंगले स्पष्ट पार्दै लैनसिंह बाङदेलको मुलुकमाथि (२००४) बाट सुरु भएको आधुनिक नेपाली उपन्यासको सामाजिक यथार्थवादी धारलाई अगाडि बढाउन महत्त्पूर्ण भूमिका निर्वाह गरेको छ । त्यस्तै गरी २०५२ मा प्रकाशित योजनागन्धाले विश्वेश्वर प्रसाद कोइरालाको (२०२७) बाट प्रर्वतन भएको मिथकीय धारालाई अगाडि बढाउँदै यस धारालाई अझ सशक्त र सक्रिय बनाउन सहयोग पुऱ्याएको मानिन्छ । महाभारतबाट कथावस्तु लिएर

योजनगन्धाको  सम्पूर्ण घटनाहरूलाई सविस्तार प्रस्तुत गर्ने कार्य भएको छ, यस उपन्यासमा । हिन्दू र आर्य सभ्यताको संस्कृतिका साथै नैतिक शिक्षा, दण्ड नीति, स्मृति शास्त्र र नारी आदर्शका प्रमुख पक्षहरूको प्रस्तुतिबाट यो उपन्यास उचाइ अझै बढेको छ । वि.सं. २०५२ को पदन पुरस्कार र साझा पुरस्कार एकैचोटि प्राप्त गर्न सफल भएकोले पनि पाठकको बीचमा चर्चा हुने र लोकप्रिय बन्ने अवसर पाएको हो सङ्ख्याको हिसाबले हालसम्म दुईवटा उपन्यास पाठकलाई सुम्पन सफल भएपनि गुणस्तरीयताको दृष्टिले सामाजिक यथार्थवाद र मिथकीय धाराको विकासका लागि उल्लेखनीय योगदान दिने धितालको आधुनिक उपन्यासको क्षेत्रमा महत्त्पूर्ण योगदान रहेको पाइन्छ । दुई उपन्यासका विषयवस्तु फरक-फरक हुँदा हुँदै पनि विषयवस्तु अनुरुप भिन्न पात्र, परिवेश, संवाद र द्वन्द्वलाई समावेश गर्नु उनको महत्त्पूर्ण योगदान मात्र नभई उनी भित्रको विषयतालाई उपयोग गर्न सक्ने क्षमता पनि हो । यिनै आधारमा धितालको ऐतिहासिक योगदानलाई पनि कम आँक्न मिल्दैन ।

सम्भावित शोध शीर्षकहरू

यथार्थवादी उपन्यासकारका रूपमा विनोद प्रसाद धिताल ।

मिथकीय धाराको सशक्त उपन्यासकार विनोद प्रसाद धिताल ।

योजना गन्धा उपन्यासको कृतिपरक अध्ययन ।

# सर्न्दभग्रन्थसूची


अधिकारी, शारदा र नेपाल शैलेन्द्र प्रकाश, **पारख प्रयत्न**, काठमाडौँः अनामिका प्रकाशन, २०४५ ।

खनाल, विमला, "विनोद प्रसाद धितालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन," अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर क्याम्पस, त्रि.वि. २०५५ ।

जोशी, कुमार बहादुर, **पाश्चात्य साहित्यका प्रमुख बाद**, दोस्रो संस्कण, काठमाडौँः साझा प्रकाशन, २०५८ ।

धिताल, विनोद प्रसाद, **उज्यालो हुनु अघि**, काठमाडौँः साझा प्रकाशन, २०२८ ।

धिताल, विनोद प्रसाद, **योजना गन्धा**, काठमाडौँः साझा प्रकाशन , २०५२ ।

प्रधान, हृदय चन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो संस्कारण, काठमाडौँः, साझा प्रकाशन, २०४३ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जलिङ्गः दीपा प्रकाशन, २०४० ।

बराल कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो संकरण, काठमाडौँः साझा प्रकाशन, २०५८ ।

भट्टराई, हरिराज, **नरसिंह अवतार एक समीक्षा**, ताप्लेजुङ्गः सौरभ प्रकाशन, २०५४ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू,** तेस्रो संस्करण, दाजिलिङ्गः नेपाली साहित्य परिषद्, सन् १९७४ ।

शर्मा, मोहनराज र लुईटेल, खगेन्द्र, **शोधविधि**, दोस्रो संस्करण काठमाडौँः साझा प्रकाशन, २०५५ ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाचौं संस्करण, काठमाडौँः साझा प्रकाशन २०५६ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, भूमिका प्रकाशन, २०५३ ।